चण्डेश्वरी हजुरको हातमा : हजुरको समृद्धि चण्डेश्वरीको साथमा ।

नेफ्स्कून

जि.स.का.द.नं. ५४/०५०/०५१

# चण्डेश्वरी
## बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS SILVER
A-one Competitive Choice for Excellence in Service & Soundness
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

पान नं. : ३०१३७२६६४

# ३३ औं बार्षिक साधारण सभा-२०८२

आ.व. २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन तथा
आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम बजेट




केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२५१४, ०११-६६१७३२, ०११-४१११५७ (नाला)
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com

www.chandeshwori.coop.np

## सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति



नबिन भक्त बादे श्रेष्ठ
अध्यक्ष

रमेशकाजी श्रेष्ठ
उपाध्यक्ष

बुद्धरत्न मानन्धर
सचिव

रोशना राजवंशी
सह-सचिव

गणेश कुमार रंजीत
कोषाध्यक्ष

पूर्ण पोटे
सदस्य

जितेन्द्र भक्त पोटे
सदस्य



रुकमणी देवी राजभण्डारी
सदस्य

सुरेन्द्र प्रजापति
सदस्य

बद्रिनाथ बादे
सदस्य

मनोहरी पोटे
सदस्य

राम प्रसाद श्रेष्ठ
लेखा संयोजक

विनयकृष्ण कायस्थ
लेखा सदस्य

ज्योत्सना सैंजू कायस्थ
लेखा सदस्य

## सल्लाहकार



बिकास बादे
प्रमुख सल्लाहकार

बालभक्त प्रधान
सल्लाहकार

ईन्द्र नारायण भैल
सल्लाहकार

हेमन्त राज प्रधान
सल्लाहकार

जयओम बादे
सल्लाहकार

ओमकाजी प्रजापति
कानुनी सल्लाहकार

## विषयगत उप-समितिहरू



रमेशकाजी श्रेष्ठ
संयोजक/ऋण तथा अर्थ व्यवस्थापन

रोशना राजवंशी
सदस्य/ऋण तथा अर्थ व्यवस्थापन

पूर्ण पोटे
सदस्य/ऋण तथा अर्थ व्यवस्थापन

जितेन्द्र भक्त पोटे
संयोजक/शिक्षा तथा समाज कल्याण

रिता वादे
सदस्य/शिक्षा तथा समाज कल्याण



रचना न्हूच्छे प्रधान
सदस्य/शिक्षा तथा समाज कल्याण

दया प्रजापति
सदस्य/शिक्षा तथा समाज कल्याण

सुरेन्द्र प्रजापति
संयोजक/समूह बचत

सुबन कुमार प्रधान
सदस्य/समूह बचत

कृष्णेश्वरी वैद्य
सदस्य/समूह बचत



सुरज प्रजापति
सदस्य/समूह बचत

मंगलमाया मानन्धर
सदस्य/समूह बचत

मनोहरी पोटे
संयोजक/महिला विकास

बिमला पोटे
सदस्य/महिला विकास

रिता मानन्धर
सदस्य/महिला विकास

कल्पना श्रेष्ठ
सदस्य/महिला विकास



रुकमणी देवी राजभण्डारी
संयोजक
नाला सेवा केन्द्र

हिरादेवी श्रेष्ठ
सदस्य
नाला सेवा केन्द्र

लक्ष्मी श्रेष्ठ
सदस्य
नाला सेवा केन्द्र

महेन्द्र श्रेष्ठ
सदस्य
नाला सेवा केन्द्र

गोपाल श्रेष्ठ
सदस्य
नाला सेवा केन्द्र

'चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा'

३३ औं वार्षिक साधारण सभा

# वार्षिक प्रतिवेदन पुस्तिका

## २०८२

**२०८२ असोज ४ गते, शनिबार**

ACCESS SILVER

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

**केन्द्रिय कार्यालय :**
बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे
फोन : ०११-६६२९१४, ६६१७३२
ई-मेलः chandibachat@mail.org, chandisaccos@gmail.com
वेवसाइडः www.chandeshwori.coop.np
बुलेटिनः bulletin.chandeshwori.coop.np

मुद्रण
**कौशल छापाखाना**
बनेपा न.पा.-७, गोदामचोक, काभ्रेपलाञ्चोक
मो.नं. : ९८५१०४८६०४

## यस भित्र

- अध्यक्षको मन्तव्य
- सचिवको प्रगति प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०८२/०८३ को लागि अनुमानित बजेट तथा कार्यक्रम
- स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन
- शिक्षा तथा समाजकल्याण उप-समितिको प्रतिवेदन
- समूह बचत कार्यक्रम संचालन उप-समितिको प्रतिवेदन
- महिला विकास उप-समितिको प्रतिवेदन

**आज हामी हाम्रो यात्राको ३६ औं वर्षमा प्रवेश गरेका छौं ।**

स्थापना कालदेखि हालसम्म यस संस्थालाई हर पल साथ दिंदै संस्थाको प्रगतिमा सदैव सद्भाव व्यक्त गर्दै आउनु भएका समस्त शेयर सदस्य महानुभावहरू लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हृदयदेखि नै कृतज्ञता एवं आभार व्यक्त गर्न चाहन्छौं ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER






















## नियमित बचत किन ?

दिर्घकालीन आर्थिक लक्ष्यहरू पुरा गर्न तथा भबिष्यमा आर्थिक सुरक्षा प्रदान गर्ने तथा बचत गर्ने बानीको बिकास गर्ने हेतुका साथ हेरक महिना २00 वा सोले भाग जाने अधिकतम रू १000|- सम्म मासिक रूपमा जम्मा गर्ने बचत नियमित बचत हो । नियमित बचत गर्नाले सदस्यमा अनावश्यक खर्च कम गरी बचत गर्ने बानिको बिकास हुनुका साथै भबिष्यमा आर्थिक सुरक्षा प्रदान गर्दछ।

### बिषेशताहरू ( Features)

- मासिक रुपमा रु २00|- वा सोले भाग जाने अधिकतम रु १000|- सम्म अनिवार्य बचत गर्नु पर्ने।
- दैनिक मौज्दातमा व्याज गणना गरि प्रत्यक ३/३ महिनामा ब्याज प्रदान गरिने।
- निःशुल्क खाता खोल्न सकिने
- कम्तिमा १0 वर्ष सम्म बचत रकम झिक्न नमिल्ने।
- संस्थाबाट दिईने सेवा सुबिधा प्राप्त गर्नका लागि अनिवार्य रहेको।



# साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।।

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।।

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।

हजार गौथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ।।

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ।।

सिद्धान्त हाम्रा अमर रहून, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ।।

रचना: प्रकाश भूर्तेल
सम्पादन: प्रा.डा. सुधन पौडेल र प्रा. केशव सुवेदी

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
जि.स.का.द.नं. ५४-०५०/५१
पान नं. ३०१३७२६६४
"नियमित बचत गरी भविष्य निर्माण गरौं"
नेफस्कून

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

प.सं. ११६-२०८२/०८३ मिति : २०८२/०४/१८

च.नं. : ४९

श्री ..............................................................ज्यू

..................................... सम्पर्क नं. .......................

सेयर सदस्य नं.: ..........................

**विषय : वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०८२ श्रावण १० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३३ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा उल्लेखित प्रस्ताव उपर छलफल हुने गरी सम्पन्न हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभा कार्यक्रम**

मिति : २०८२ असोज ०४ गते शनिबार
समय : बिहानको १०:०० बजेदेखि ४:०० बजे सम्म
स्थान : बनेपा पार्टि भेन्यू, बनेपा-८, काभ्रेपलाञ्चोक

**प्रस्तावित विषयहरू**

(१) गणपुरक संख्या सम्बन्धमा।
(२) सचिवबाट प्रस्तुत आ.व. २०८१/०८२ को प्रगति तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम सम्बन्धमा।
(३) कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित बजेट सम्बन्धमा।
(४) आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
(५) आ.व. २०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
(६) विषयगत उप-समितिहरूको प्रतिवेदन सम्बन्धमा।
(७) लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक सम्बन्धमा।
(८) साधारण सभा उपस्थित बैठक भत्ता सम्बन्धमा।
(९) शेयर लाभांश बितरण गर्ने सम्बन्धमा।
(१०) संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा।
(११) संस्थाको लागि आवश्यक घर जग्गा खरिद सम्बन्धमा।
(१२) संस्था एकीकरण गर्ने गराउने सम्बन्धमा।
(१३) संस्थागत स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति विक्री सम्बन्धमा।
(१४) विनियम तथा नीति संशोधन र पारित सम्बन्धमा।
(१५) स्थिरीकरण कोष सम्बन्धमा।
(१६) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्बन्धमा।
(१७) विविध

..........................
सचिव
**बुद्धरत्न मानन्धर**

**नोटः** साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई साधारण सभा भत्ता बापत रु. ३५२।९४ मा नियमानुसारको कर कट्टी गरि रु ३००।- प्रदान गरिनेछ।

केन्द्रीय कार्यालय : बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे फोन : ०११-६६२९१४, नाला सेवाकेन्द्र : ०११-४११९९७ ई-मेल: chandibachat@mail.org, वेबसाइट: www.chandeshwori.coop.np


"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
ACCESS SILVER
सदस्य लक्षीत सेवा
ऋण सेवा
बित्तिय परामर्श तथा शिक्षा
उत्कृष्ठ सदस्य पुरस्कार
शिपमुलक तालिम
राहत सुविधा
संरक्षित पुँजी फिर्ता हुने
घरदैलो बचत संकलन
डिजिटल सेवा
बाल सदस्य लक्षीत सेवा
जन्मदिनको उपहार
SEE सम्मान तथा SEE छात्रबृत्ति
राहतमा सहभागीता
निशुल्क खुत्रुक्के
उत्कृष्ट बाल सदस्य उपहार
घरदैलो बचत संकलन
जेष्ठ सदस्य लक्षीत सेवा
जेष्ठ सदस्य तिर्थातन
जेष्ठ सदस्य सम्मान
उत्कृष्ठ सदस्य पुरस्कार
श्वाश्थ्य सेवा
संरक्षित पुँजी फिर्ता हुने
घरदैलो बचत संकलन
केन्द्रिय कार्यालय बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. ०११-६६२५१४, ०११-६६१७३२, ०११-४१११५७
www.chandeshwori.coop.np

## परिकल्पना (Vision)

"सदस्यहरूको सम्पूर्ण बित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित, र दिगो संस्था ।"

## ध्येय (Mission)

"सर्वशुलभ, गुणस्तरीय, प्रतिस्पर्धात्मक तथा नविन प्रविधीमा आधारित वित्तिय सेवाहरू, तालिम, शिक्षा एवंम् सूचना मार्फत सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग गर्ने ।"

## संस्थाका मूल्य मान्यताहरू (Core Values)

| क्र.सं. | मूल्य मान्यता | पुष्ट्याई |
|---|---|---|
| १. | समन्वय (Co-ordination) | संस्थाले गर्ने हरेक कामहरु समन्वयात्मक ढंगबाट अगाडी बढाइनेछ। |
| २. | जवाफदेही (Accountable) | संस्थाले गरेका हरेक कामहरु पूर्ण रुपमा जवाफदेही ढंगबाट सञ्चालन गरिनेछ। |
| ३. | उत्तरदायी (Responsible) | संस्थाले आफ्नो सरोकारवालाहरु प्रति पुर्ण रुपमा उत्तरदायी भई कार्य सञ्चालन गर्नेछ। |
| ४. | सम्मान (Respect) | सदस्य संस्थाका मालिक हुन भन्ने भावले संस्थाका सबै सदस्यहरुलाई उच्च सम्मान गरिनेछ। |
| ५. | प्रजातान्त्रिक (Democratic) | संस्थाका हरेक निर्णयहरु कसैको दबाब वा प्रभावमा नपरि प्रजातान्त्रीक ढंगबाट संस्थागत हितलाई केन्द्र राखेर गरिनेछ। |
| ६. | नवप्रर्वधन (Innovation) | संस्थाको विकास र सदस्यको सेवाका लागि हरदम नयाँ प्रविधिको खोजि गरिनेछ। |
| ७. | पारदर्शीता (Transparency) | संस्थाका हरेक निर्णय, प्रतिवेदन र सदस्यहरु सँगको कारोवारहरु पारदर्शी हुनेछन् साथै हामीले गर्ने हरेक काम व्यक्तिगत स्वार्थ भन्दा माथी उठेर संस्थागत स्वार्थ र सदस्य हीतमा केन्द्रित हुनेछन। |
| ८. | समानता (Equality) | संस्थामा आवद्ध सबै सदस्यहरुलाई धर्म, लिङ्ग, जात, क्षेत्र र नयाँ पुरानो नभनी सम्मान ढंगबाट व्यवहार गरिनेछ। |
| ९. | सेवाभाव (Service Motive) | संस्थाका सबै बस्तु तथा सेवाहरुका मूल्यदर नाफामा मात्र केन्द्रीत नभई सेवा भावमा पनि केन्द्रीत हुनेछन। |
| १०. | गोपनियता (Secrecy) | कानुनले वाध्य पारेको अवस्था बाहेक सदस्यहरुले संस्थामा गरेको सम्पूर्ण वित्तिय कारोवारहरुको गोपनियतालाई सदा कायम गरिनेछ। |

# अध्यक्षको मन्तव्य



**नबिन भक्त बादे श्रेष्ठ**
अध्यक्ष

यस ३३ औं वार्षिक साधारण सभामा चण्डेश्वरी साकोसको निमन्त्रणालाई स्वीकार गरी उद्‌घाटन सत्रमा उपस्थित हुनु भएको आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यू, सल्लाहकारज्यू, साकोस संचालनमा निरन्तर क्रियाशिल संचालक समिति, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, उप समिति संयोजक तथा सदस्यज्यूहरू, शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाउनु भएका कार्यालय प्रमुख लगायत संस्थाका सम्पूर्ण कर्मचारी मित्रहरू, अन्य संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूमा मेरो र संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु । साथै साधारण सभाको यस विशेष अवसरमा संस्थालाई यस अवस्थासम्म ल्याउन अविश्मरणीय योगदान गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

तीन दशक अघि हाम्रो अग्रजहरूले आर्थिक कारोवारमा आईपर्ने समस्यामा टड्कारो गर्जो टार्न सकियोस एवं टोलका युवाहरू संगठित होस भन्ने अभिप्रायले शुरूमा १३ जना युवाहरूको अग्रसरतामा समुदायमा गठित यो सहकारीले स्थापनाको ३३ औं वसन्त पार गरी सकेको छ । सानो समुहबाट शुरू भएको यो संस्थामा अहिले १०,९७३ जना सदस्यहरूले संस्थासँग हातेमालो गर्दै ढुक्कसँग वित्तीय कारोबार गरी भविष्यको लागि आर्थिक जोहो गर्ने र रोजगारीका अवसरहरू सृजना जस्ता महत्वपूर्ण कार्यहरू गर्दै आत्मनिर्भर भई रहनु भएको छ ।

हाल देशभर करिब ३१ हजार सहकारीहरू मध्ये सहकारी सञ्जालको सानो हिस्सामा रहेका केहि सहकारीमा देखिएको विकृतीको हल्ला र प्रचारबाजीका कारण राम्रो सहकारीहरूमा तथा सिङ्गो सहकारी अभियानलाई समेत प्रहार भईरहेको सन्दर्भलाई केलाउँदा नियमको पालना नगरी आफुखुसी गैर कानूनी ढङ्गले संस्था संचालन गर्ने, उद्धेश्य विपरित कार्य गर्ने र निहित स्वार्थमा आर्थिक कारोबार गर्ने सहकारीहरू नै कारबाहीका भागिदार बनेको हामी सबैले देखे सुने कै कुरा हो । नेपालको संविधानमा ३ खम्बे अर्थनीति मध्ये १ खम्बाको रूपमा सहकारी लाई परिभाषित गरी ऐन नीतिहरू पनि स्विकृत भए तर कार्यान्वयन पक्ष कमजोर रहन गयो । जसको परिणाम स्वरूप केही सहकारीहरूमा विभिन्न किसिमका विकृतीहरू मौलाउने अवसर मिल्यो । तर समुदायमा स्थापित, नीति विधिमा संचालित सहकारीहरूले राज्यको आर्थिक मेरूदण्डको रूपमा काम गरिरहेको व्यहोरा सबै सामु छर्लङ्ग छ ।

हाम्रो यस संस्था नीति, विधि, पद्धती अँगाल्दै प्रविधिलाई पछ्याउँदै सुशासनमा संचालित छ । सहकारी सिद्धान्त, मूल्य, मान्यता, सहकारी ऐन, निर्देशनहरूलाई आत्मसात गर्दै सदस्यहरूलाई सेवा प्रवाह गर्दै आईरहेका छौं । यस संस्थामा व्यवस्थापन समुहले सहकारीका असल अभ्यासहरूको अनुसरण गर्दै सुझबुझका साथ संस्थाको दैनिक कारोबार कुशलतापूर्वक संचालन गर्दै आईरहेको छ । सहकारीलाई संख्यात्मक रूपमा

नभई गुणात्मक रूपमा अगाडी बढाउनु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै संस्था एकीकरण प्रकृयामा, यस वर्ष पनि एकीकरण सम्वन्धी प्रस्ताव राखेर निरन्तरता दिंदै आएका छौं । अहिलेको आर्थिक मन्दिको समयमा पनि संस्थाको वित्तीय सुचाङ्कहरू सकारात्मक रहेका छन् ।

यस गरिमामय सभामा यहाँहरूको अनुशासित कारोबार, कर्मचारीहरूको मेहनत, संचालकहरूको नियमित आन्तरिक नियन्त्रणमूलक अनुगमन तथा सहजीकरण साथै नेफ्स्कूनको नियमित अनुगमन निर्देशनले गर्दा नै ASIAN CONFEDERATION OF CREDIT UNIONS (ACCU) मार्फत चण्डेश्वरी साकोसलाई एशियाली मापदण्डको एक्सेस ब्राण्डबाट २०२२/०२३ मा नेपालको एक मात्र साकोस चण्डेश्वरी साकोसले एक्सेस ब्रोन्ज ब्राण्ड प्राप्त गर्दै २०२३/०२४ मा सिल्भर ब्राण्डमा स्तरोन्नती गरी राष्ट्रियस्तर हुँदै अन्तर्राष्ट्रिय स्तरमा समेत सफल भएकोमा विगत बर्षहरूमा संस्थाको प्राविधिक कारणले गर्दा स्तरीकरण कार्यक्रममा सहभागी हुन सकिएन । उक्त वर्षहरूमा ब्राण्डीङ कार्यक्रम छुट्न गएको हो । भावी दिनहरूमा स्तरीकरण कार्यक्रमलाई निरन्तरता दिंदै उपलब्धी हासिल गर्न निरन्तर प्रयत्नशिल रहने प्रतिवद्धता गर्न चाहन्छु । यसका लागि सम्पूर्ण शेयर सदस्यज्यूहरूबाट साथ सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दछु ।

हामिले हाम्रो सहकारीमा आवद्ध शेयर सदस्यहरूको आर्थिक सामाजिक रूपान्तरण गरी आत्मनिर्भर र स्वाबलम्बन हुन सक्ने गरी कार्यक्रमहरू मार्फत संस्थाका सदस्य तथा सदस्यको आश्रित परिवार एवं समुदायको उन्नती र प्रगती गर्दै राष्ट्रको आर्थिक वृद्धिमा समेत टेवा पुर्‍याउन सकिने गरी सहकारी अभियानमा जोडिने परिकल्पना गरेका छौं । यसको लागि यहाँहरूको सकारात्मक अमुल्य सुझाव र सहयोगको अपेक्षा राख्दछौं ।

राज्यले जतिसक्दो छिटो स्विकृत भएका ऐन नियमहरूको पूर्णरूपमा कार्यान्वयन र सहकारीहरूको नियमनकारी निकाय (राष्ट्रिय सहकारी नियमन प्राधिकरण) स्थापना भईसकेको छ । यस प्राधिकरणले जारी गरेको मापदण्ड सम्वन्धी केहि विषयहरूमा संघहरूबाट छलफल जारी रहेको छ । उक्त विषयहरूलाई चाँडो भन्दा चाँडो निर्णय गरिएमा प्रारम्भिक संस्थाहरूलाई कार्य सम्पादन गर्न सहज हुनेछ । यसले गर्दा देशभर छरिएर रहेको हजारौं सहकारी र सिंगो सहकारी अभियानलाई नै गुणस्तर कायम गर्न मद्दत गर्दछ भन्ने कुरामा दुईमत छैन ।

आज यस गरिमामय साधारण सभामा गत साधारण सभामा पेश गरिएका कार्य योजना र भएका कार्य प्रगती तथा आगामी भावी योजना संस्थाको सचिवज्युको प्रगती प्रतिवेदन र प्रस्तावित नीति तथा कार्यक्रम र कोषाध्यक्षज्यूको आर्थिक प्रगती प्रतिवेदन तथा प्रस्तावित आर्थिक कार्यक्रम तथा बजेट विस्तृत पेश गर्नु हुनेछ भने विभिन्न उप-समितिहरूबाट पनि वार्षिक प्रतिवेदन प्रस्तुत साथै विभिन्न नीतिगत प्रस्तावहरू आवश्यक कार्यविधिहरू र यस संस्थाको पुनर्लिखित विनियम २०५९ लाई संशोधित विनियम २०७२ खारेज गरी पुनर्लिखित विनियम २०८२ लागू गर्न बाग्मती प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयबाट प्रमाणीकरण गरी कार्यान्वयनमा ल्याईने छ । त्यस्तै नेपालको सहकारी क्षेत्रलाई नियमन गर्न नेपाल सरकारबाट राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भएको छ । उक्त प्राधिकरणमा संस्थाले सदस्यता लिई संस्थालाई व्यवस्थित गर्न सदस्यहरूको हितको रक्षा गर्न र सहकारी मूल्य मान्यतालाई प्रवर्द्धन गर्न संस्था दर्ता गरी जाने पनि जानकारी गराउँदछु । यी कार्यक्रमहरू माथि गहन छलफल गरी स्वीकृत हुनेछन् भन्नेमा हामि विश्वस्त छौं । साथै यहाँहरूबाट अमुल्य सुझावको पनि अपेक्षा राख्दछौं ।

सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्ने उत्कृष्ट सुरक्षित र दिगो संस्थाको सपना साँच्चै सदस्यहरूको वित्तीय सेवामा जुटेको यस संस्थाको आ.व. २०८१/०८२ सम्ममा कूल सदस्य संख्या १०,९७३ जना बाल बचतकर्ता १,०११ जना गरी कूल सेवाग्राही संख्या ११,९८४ जना पुगेको छ । खुद पूँजी रू.

१,५१,४९,९२,६४७।७७ र खुद आम्दानी नाफा रू. ३,३९,४१,२७२।१० भएको छ ।

आदरणीय शेयर सदस्यज्यूहरू संस्थामा नियमित बचत, धन सिर्जना गर्ने बचतहरूमा र ऋणी सदस्यहरूबाट ऋणको किस्ता/ब्याज नियमित समयमा बुझाएर असल मालिकको भुमिका निर्वाह गरी दिनुहुन अनुरोध गर्दछु । ऋणमा हर्जाना तिर्ने शेयर सदस्यहरूलाई संरक्षित पूँजी कोष वितरण, ऋण सुविधा लगायत अन्य संचालक समितिले तोकेका सेवा सुविधाबाट बन्चित गरिने कुरा यहाँहरू सबैलाई जानकारी गराउन चाहन्छु । यस विषयलाई वरिपरी सबै शेयर सदस्यहरूलाई पनि जानकारी गराई प्रचार प्रसारमा सहयोग गर्नुहुन अनुरोध गर्दछु । साथै यसरी यहाँहरूको प्रगती नै साकोसको प्रगती हो । सदस्यहरूलाई वित्तीय साक्षरता तथा सीपमुलक विकास तालिम मार्फत खुसी र सुखी बनाउने नै साकोसको पहिलो लक्ष्य हो । त्यसैले यहाँहरूको आर्थिक सामाजिक र साँस्कृतिक उन्नतीको लागि संस्थाको क्षमताले भ्याएसम्म क्रमैसँग विविध कार्यक्रमहरू ल्याउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

आजको यस साधारण सभामा संस्थाका विकास र प्रगतीमा सहयोग, सद्भाव र माया प्रदान गर्ने तथा उपलब्धी हासिल गर्नका लागी हामीमा आत्मविश्वास बढाउन र निरन्तर प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने नियामक निकाय, विशिष्ट महानुभावहरू, छाता संघहरू, संघ/संस्था, सहकारी आन्दोलनका सारथीहरू, सरोकारवाला निकाय, सम्पूर्ण जनसमुदायहरू, नियमित रूपमा बचत र ऋणको किस्ता बुझाएर सहयोग गर्ने सम्पूर्ण शेयर सदस्य महानुभावहरू, संस्थाको विशेष परिस्थितीमा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने सल्लाहकार मण्डल, लेखा सुपरीवेक्षण समिति, संचालक समिति, विभिन्न कार्यका लागि खटिएका विभिन्न उप समिति र घाम पानी नभनिकन अनवरत रूपमा खटिरहने व्यवस्थापन पक्षका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद सहित हार्दिक आभार व्यक्त गर्दछु । साथै आगामी वर्षमा पनि यस संस्थाको परिकल्पना (VISION) "**वित्तीय समाधानका लागि सबैको पहिलो रोजाई चण्डेश्वरी साकोस**" बनाउने अभियानमा हाम्रा सम्पूर्ण सदस्यज्यूहरूबाट प्राप्त सहयोग र सल्लाह सुझावलाई हामीले मार्ग दर्शनको रूपमा लिई सधैं लागिरहने छौं र विगतका दिनहरूमा जस्तै निरन्तर समर्थन, सहयोग र उपलब्धी हासिल गर्न हौसला र उर्जा प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा पनि राखेको छौं ।

अन्तमा, यस साधारण सभाको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी अत्यन्त व्यस्त समयको बाबजुद पाल्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, संचालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधीकारी, संयोजक तथा सदस्यज्यूहरू, शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू अन्य संघ/संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू व्यवस्थापन समुहका कर्तव्यनिष्ठ कर्मचारीहरूमा धन्यवाद ज्ञापन गर्दछु । साथै आउँदै गरेको नेपालीहरूको महान पर्वहरू विजया दशमी, शुभ दिपावली, छठपर्व, नेपाल सम्वत ११४६ लगायतका सम्पूर्ण पर्वहरूको उपलक्ष्यमा सबैमा मंगलमय शुभ कामना व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

जय सहकारी ।।।

जय चण्डेश्वरी ।।।

# सचिवको प्रतिवेदन



बुद्धरत्न मानन्धर
सचिव

## आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३३ औं वार्षिक साधारण सभामा हाम्रो आतिथ्यतालाई सहर्ष स्वीकार गरि पाल्नु भएका आदरणीय प्रमूख अतिथिज्यु, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, लगायत यस सभामा विभिन्न संघ/संस्थाहरूबाट प्रतिनिधित्व गर्दै पाल्नु भएका सहकारी मुर्धन्य ब्यक्तित्वहरू, पत्रकार महानु भावहरू, संस्थाका सल्लाकारज्यूहरू, संचालक तथा लेखा सुपरीवेक्षण समितिज्यूहरू, संस्थाका संपूर्ण कर्मचारी एवं संपूर्ण धरोहर शेयर सदस्यज्यूहरूमा म यस संस्थाको सचिबको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारीमय अभिवादन गर्दछु ।

"चण्डेश्वरी हजुरको हातमा, हजुरको सम्बृद्धि चण्डेश्वरीको साथमा" भन्दै विगत २०४७ सालमा सुरूवात भई २०५० सालमा विधिवत रूपमा सहकारी ऐन २०४८ बमोजिम संस्था स्थापित भई सम्पूर्ण शेयर सदस्यहरूको सम्बृद्धिको लागि निरन्तर रूपमा आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा निरन्तर टेवा पुऱ्याउँदै आउनुका साथै यस काभ्रे जिल्लामा समुदायमा आधारित उत्कृष्ट संस्थाको रूपमा पहिचान बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण शेयर सदस्यहरूको अपार मायाप्रति म सचिव हार्दिक आभार ब्यक्त गर्दै यसरी नै संस्थाको बिकास निरन्तरताको लागि विगतदेखि वर्तमानसम्म प्रत्यक्ष तथा परोक्ष योगदान पऱ्याउनु हुने संम्पूर्ण अग्रज प्रति हार्दिक कृतज्ञता सहित स-धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनहरूमा समेत यहाँहरूको ज्ञान, सीप, अनुभव, नैतिक समर्थन र मार्गदर्शनले यस संस्थाले उल्लेख्य रूपमा ब्यवसायिक गति लिई मुलुककै अग्रणी संस्थाको रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु ।

यस संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२/०३/२३ गते सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन र सहकारी विभागको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०८२ लाई समेत अंगिकार गरि संपूर्ण शेयर सदस्यहरूको हितका लागि कार्य गर्दै पछिल्लो समयमा नेपाल लगाएत विश्व अर्थतन्त्रमा देखा परेको आर्थिक मन्दि, पूँजि कोषको ब्यापकताको कमिले गर्दा नकारात्मक प्रभावले हाम्रो संस्थालाई पनि केहि हदसम्म प्रभाब पारेको अवस्थामा पनि शेयर सदस्यहरूको अपार मायाबाट बिगत वर्षहरूमा भन्द पनि कमि भएता पनि शेयर लाभांस यस वर्षमा पनि दिन सफल भएका छौं ।

आदरणीय शेयर सदस्यज्यूहरू अब म आ.व. २०८१/०८२ मा यस संस्थाबाट भए गरेका कार्यहरूको प्रगति प्रतिवेदन र आगामि वर्षहरूको लागि प्रस्तावित कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(अ) आर्थिक वर्ष २०८१/०८२ मा भएका कार्यक्रमहरूको समिक्षा तथा प्रगति प्रतिवेदन**

**(क) बैठक सम्बन्धी**

यस अवधिमा समिति तथा उपसमितिहरूको बैठक निम्नानुसार बसेको जानकारी गराउँदछु ।

| क्र.सं. | समिति उपसमिति | बैठक सङ्ख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १५ |
| २ | लेखा सुपरिवेक्षण समिति | १२ |
| ३ | ऋण तथा अर्थ व्यवस्थापन उपसमिति | ३८ |
| ४ | शिक्षा तथा समाजकल्याण उपसमिति | ५ |
| ५ | महिला विकास उपसमिति | ६ |
| ६ | समुह बचत उप समिति | ६ |
| ७ | पदपुर्ति उपसमिति | १६ |
| ८ | सदस्य राहत निर्णायक उपसमिति | ४ |
| ९ | व्याजदर निर्धारण उपसमिति | ६ |
| १० | नाला सेवाकन्द्र व्यवस्थापन उपसमिति | ६ |

**(ख) सदस्यता सम्वन्धी**

(१) गत आ.ब. २०८०/०८१ मा महिला ५४५० जना पुरूष ४७९५ जना र अन्य ३२ गरि जम्मा १०२७७ जना शेयर सदस्य रहेकोमा यस आ.व. २०८१/०८२ मा जम्मा नयाँ सदस्यता ८११ जना थप भई बिभिन्न कारणले तथा मृत्यु भई सदस्यता त्याग गर्ने ११५ जना घटेर हाल २०८२ असार मसान्त सम्ममा महिला ५८३५, पुरूष ५१०६ र अन्य ३२ गरि जम्मा १०९७३ सदस्य रहेको जानकारी गराउँदछु ।

(२) यस आ.व. मा बाल बचतकर्ता १७२ जना थप सहभागिता भई हाल ५८७ जना छात्र र ४२४ जना छात्रा गरि जम्मा १०११ जना बाल बचतकर्ता रहेको जानकारी गराउँदछु ।

(३) गत आ.व. असार मसान्तसम्ममा शेयर सदस्यहरू ३३ जना स्वर्गीय भएको पनि जानकारी गराउदछु ।

(४) २०८२ असार मसान्तसम्ममा ८३६ जना सेयर सदस्यज्यूहरूले ATM प्रयोग गरेको छ ।

(५) मोबाईल बैंकिङमा २०८२ असार मसान्त सम्ममा २७३४ जना सदस्यज्यूहरूको सहभागिता रहेको छ ।

(ग) तालिम, गोष्ठी तथा कार्यक्रममा सहभागिताः

आ.व. २०८१/०८२ भरमा विभिन्न निकाय वा संघ संस्थाबाट आएका निमन्त्रणा अनुसार संस्थाबाट भएको प्रतिनिधित्व र तालिम गोष्ठीमा सहभागिता सम्बन्धमा यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.स. | मिति | संघ/संस्था | कार्यक्रम | सहभागी |
|---|---|---|---|---|
| १ | २०८१/०४/०४ | श्री बाराहि बचत तथा ऋण सहकारी संस्था लि. | रजत बर्ष समापन समारोह तथा २६ औं स्थापना दिवस | उपाध्यक्ष : रमेश काजी श्रेष्ठ<br>सचिब : बुद्धरत्न मानन्धर |
| २ | २०८१/०४/१३ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | चौँथो वार्षिकोत्सव समारोह कार्यक्रम | सचिब : बुद्धरत्न मानन्धर |
| ३ | २०८१/०४/३२ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | ३७ औं स्थापना दिवस | सचिब : बुद्धरत्न मानन्धर |
| ४ | २०८१/०५/२६ | जिल्ला सहकारी संघ लि. (डिस्कोफ) | ४३ औं वार्षिक साधारण सभा | उपाध्यक्ष : रमेश काजी श्रेष्ठ |

| क्र.स. | मिति | संघ/संस्था | कार्यक्रम | सहभागी |
|---|---|---|---|---|
| ५ | २०८१/०६/०१ | बागमती प्रदेश सहकारी संघ लि. | चौँथो वार्षिक साधारण सभा | कोषाध्यक्ष : गणेश कुमार रंजित |
| ६ | २०८१/०७/२३ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | चौँथो वार्षिक साधारण सभा | प्रमुख सल्लाहकार : बिकास बादे |
| ७ | २०८१/०८/२२ | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ लि. | निर्णय पुस्तिका लेखन तालिम | सचिव : बुद्ध रत्न मानन्धर |
| ८ | २०८१/०८/२९ | राष्ट्रिय सहकारी बैक लि. | वार्षिक साधारण सभा | कोषाध्यक्ष : गणेश कुमार रंजित |
| ९ | २०८१/०९/०५ र ०६ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | ३३ औं वार्षिक साधारण सभा | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ |
| १० | २०८१/०९/०५ | सिटि एक्सप्रेस मनि ट्रान्सफर | सम्पत्ति शुद्धिकरण तालिम | कार्यालय सहायक : सुमित्रा रोक्का मिजार |
| ११ | २०८१/०९/१० | काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २७ औं वार्षिक साधारण सभा | संचालक सदस्य : बद्रि नाथ बादे |
| १२ | २०८१/०९/२० | जिल्ला बचत संघ, काभ्रे | ऋण परामर्श तालिम | कार्यालय सहायक : सलिन श्रेष्ठ |
| १३ | २०८१/०९/२७ | जिल्ला बचत संघ काभ्रेपलाञ्चोक | सहकारी अर्न्तकृया कार्यक्रम | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ<br>बचत अधिकृत : सत्य नारायण श्रेष्ठ |
| १४ | २०८१/११/२५ | आजाद माध्यमिक विद्यालय | ७५ औं वार्षिकोत्सव कार्यक्रम | अध्यक्षः नबिन भक्त बादे श्रेष्ठ |
| १५ | २०८१/१२/०१ | आदर्श बाल विकास केन्द्र | ३७ औं वार्षिक दिवस | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ |
| १६ | २०८१/१२/०२ | नेपाल अडिटर्स एशोसियसन (अडान) | सातौं काभ्रे जिल्ला अधिवेशन | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ |
| १७ | २०८१/१२/०६ | डायनामिक रिसर्च डेभलपमेन्ट सेन्टर | फ्रन्ट डेस्क कर्मचारीको उत्प्रेरणा अभिमुखिकरण तालिम | कार्यालय सहायक : सुमित्रा रोक्का मिजार |
| १८ | २०८१/१२/०८ र ०९ | बागमती प्रदेश सहकारी संघ | सहकारी सम्मेलन | प्रमुख सल्लाहकार : बिकास बादे<br>कोषाध्यक्ष : गणेश कुमार रंजित<br>ऋण अधिकृत : रमेश श्रेष्ठ |
| १९ | २०८१/१२/१४ | काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | आधारभुत लेखा तालिम | कार्यालय सहायक : सुशिला प्रधान |
| २० | २०८१/१२/१५ | बागमती बचत तथा ऋण सहकारी संघ लि. | सहकारी अन्तक्रिया गोष्ठि | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ |
| २१ | २०८१/१२/१५ | श्री ग्रामोदय आधारभुत विद्यालय | ६७ औं वार्षिकोत्सव समारोह | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ<br>कोषाध्यक्ष : गणेश कुमार रंजित<br>कार्यालय प्रमुखः रबिन्द्र भक्त पोटे<br>बचत अधिकृतः सत्य नारायण श्रेष्ठ |
| २२ | २०८१/१२/१७ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ६८ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारी गोष्ठि | सह सचिव : रोशना राजबंशी |
| २३ | २०८१/१२/१९ | बिन्धबासिनी बचत तथा ऋण सहकारी संस्था लि. | नेपालमा सहकारीको प्रादुर्भाव र काभ्रेपलाञ्चोक जिल्ला सम्बन्धी अन्तक्रिया | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ |
| २४ | २०८२/०१/०६ | जिल्ला बचत संघ काभ्रेपलाञ्चोक | ने.रा.बैं. द्धारा सहकारीका लागी जारी निर्देशन तथा मापदण्ड २०८१ सम्बन्धि अन्तकया | अध्यक्ष : नबिन भक्त बादे श्रेष्ठ<br>ऋण अधिकृत : रमेश श्रेष्ठ |
| २५ | २०८२/०१/१६ देखि १८ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | युवाका लागी बित्तिय साक्षरता प्रशिक्षक तालिम | बचत अधिकृत : सत्य नारायण श्रेष्ठ |
| २६ | २०८२/०२/१३ देखि १४ | इन्फो डेभलोपर्स प्रा.लि. | सहकारीमा साईबर सुरक्षा तालिम | ऋण अधिकृत : रमेश श्रेष्ठ<br>बचत अधिकृत : सत्य नारायण श्रेष्ठ |

**घ) संस्थाद्धारा सम्पन्न भएका कार्यक्रमहरु :**

संस्थाको ३२ औं वार्षिक साधारण सभाबाट स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनको अवस्था यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**(१) सदस्य शिक्षा तथा समुदाय भेटघाट कार्यक्रम** : संस्थाको ३२ औं वार्षिक साधारण सभावाट स्वीकृत भएका बित्तिय साक्षरता तथा बिस्तारित मञ्च कार्यक्रम र समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम मध्ये आ.व. २०८१/०८२ मा १९ वटा समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम सम्पन्न भएको छ ।

**(२) आन्तरिक तालिम**: शिक्षा तथा समाज कल्याण उपसमितिको संयोजकत्वमा मिति : २०८१ पौष ६ गते संस्थामा कार्यरत कर्मचारीहरू लक्षित गरि आन्तरिक तालिम कार्यक्रम सपन्न गरिएको थियो । बरिष्ठ सहकारीकर्मी तथा किसान साकोसका प्र.का.अ. संजय राज तिमल्सेनाज्यूको प्रशिक्षणमा तालिम सम्पन्न गरिएको थियो । तालिममा संस्थामा कार्यरत सम्पुर्ण कार्मचारीहरूको सहभागीता रहेको थियो ।

**(३) सहकारी अवलोकन भ्रमण**: मिति : २०८१ माघ १६ देखि १९ गतेसम्म ४ दिने सहकारी अवलोकन भ्रमण सम्पन्न भएको थियो । संचालक, लेखा, सल्लाहकार, उप समिति तथा कर्मचारी सहभागी सो भ्रमणमा रूपाकोट मझुवगढी-१, खोटाङ स्थित सिद्धलक्ष्मी साकोसको अवलोकन गरिएको थियो । त्यसै गरी मिति २०८१ चैत्र २३ र २४ मा संस्थाका कर्मचारी समुहको तनहुँ शुल्कागण्डकी - ०४ स्थीत नेपाल बचत तथा ऋण सहकारी संस्था लि. को सहकारी अवलोकन भ्रमण सम्पन्न गरिएको थियो ।

**(४) अर्धबार्षिक समिक्षा सम्पन्न** : मिति २०८१ फागुण १० गते संस्थाको संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उप समिति तथा कर्मचारीहरूको सहभागीतामा आ.व. २०८१/०८२ को अर्धबार्षिक समिक्षा बैठक सम्पन्न भएको थियो ।

**(५) भित्तेपात्रो वितरण** : २०८१ चैत्र २० गते ६८ औं सहकारी दिवसको अवसरमा शुभकामना आदानप्रदान तथा नयाँ बर्ष २०८२ को शुभकामना आदानप्रदान तथा भित्तेपात्रो बितरण कार्यक्रम सम्पन्न ।

**(६) बार्षिक व्यवसायीक योजना तथा बजेट तर्जुमा गोष्ठि सम्पन्न** : मिति २०८२ असार ०७ गते संस्थाको संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार तथा व्यवस्थापन कर्मचारीहरूको सहभागीतामा आ.व. २०८२/०८३ को लागी बार्षिक बजेट योजना तर्जुमा गोष्ठि सम्पन्न गरिएको थियो ।

**(७) स्थापना दिवस शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न** : मिति २०८२ असार २ गते सम्पुर्ण समिति, उप समिति, सल्लाहकार, कर्मचारीहरूको उपस्थीतिमा संस्थाको ३६ औं स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

**(८) भौतिक पुर्वाधार विकास** : संस्थाको ३२ औं वार्षिक साधारण सभाबाट स्वीकृत भएको नीति तथा कार्यक्रम अनुसार आ.व. २०८१/०८२ मा भौतिक पुर्वाधार विकास तर्फ संस्थाको दैनिक प्रशासनिक कार्यहरू नियमित प्रभावकारी ढङ्गबाट सम्पन्न गर्नका लागी जम्मा रकम रू. ४,१८,८८९|५० को भौतिक सामाग्रीहरू खरिद गरिएको छ ।

**(९) प्रकाशन सम्बन्धमा** : संस्थाको ३२ औं वार्षिक साधारण सभाबाट स्वीकृत भएको प्रकाशन सम्बन्धी कार्यक्रमहरू मध्ये ३२ औं वार्षिक साधारण सभाको प्रतिवेदन ५००० थान प्रकाशन गरी वितरण गरिएको थियो । नयाँबर्ष २०८२ सालको ७००० थान भित्ते क्यालेण्डर र ५०० थान टेवल क्यालेण्डर प्रकाशन गरी वितरण गरिएको छ ।

**(१०) उत्कृष्ट सदस्य पुरस्कार वितरण** : संस्थाको प्रोत्साहन नीति २०७७ अनुसार आ.व. २०८०/०८१ मा उत्कृष्ट बचत तथा ऋण कारोबार गर्ने सेयर सदस्यलाई निम्नानुसार पुरस्कृत गरिएको थियो ।

| क्र.सं. | शेयर सदस्यको नाम | सदस्यता नं. | पुरस्कार शिर्षक |
|---|---|---|---|
| १. | श्री पुर्णीमा प्रधान | ००१००७१३० | उत्कृष्ट नियमित बचतकर्ता |
| २. | श्री जिवन के.सि. | ००१००७५८४ | उत्कृष्ट नियमित ऋणी |
| ३. | श्री लक्ष्मी प्रसाद कोईराला | ००१००८७६७ | उत्कृष्ट नियमित जेष्ठ बचतकर्ता |
| ४. | श्री गणेश लाल शाही | ००१०००२२५ | उत्कृष्ट आवधिक बचतकर्ता |
| ५. | श्री आयुष मानन्धर | ००१००९०६७ | उत्कृष्ट बालबचतकर्ता |

**(११) मानव संशाधन व्यवस्थापन** : संस्थाले गर्नु पर्ने दैनिक कार्यहरूलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गत साधारण सभाबाट प्राप्त अख्तियारी अनुसार पदपुर्ति उपसमितिले संस्थाको मानव संशाधन नीति अनुसार आवश्यक प्रक्रिया पुरा गरी सिफारिस गरेको आधारमा आ.व. २०८१/०८२ मा निम्नानुसार नयाँ पदपुर्ति, फायल बढुवा तथा स्थाई नियुक्ति गरिएको व्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

| क्र.सं. | तह | कर्मचारीको नाम | नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|
| १ | तृतिय | सोनी खुप्पा श्रेष्ठ | २०८१/०८/२३ | |
| २ | तृतिय | रचना मानन्धर | २०८१/११/२१ | |
| ३ | तृतिय | शुसिला महर्जन | २०८१/११/२१ | |
| ४ | तहबिहिन | सुशिला श्रेष्ठ | २०८१/११/१५ | |
| ५ | सुरक्षा गार्ड | मान बहादुर नार्तेन | २०८२/०२/०१ | करार |

**कर्मचारी अवकास** :

क) संस्थामा कार्यरत कनिष्ठ बजार सहायक कर्मचारी सुजन थापाले व्यक्तिगत कारण देखाई मिति २०८१ मंसीर ८ देखि राजिनामा दिनु भएको थियो ।

ख) संस्थामा कार्यरत कनिष्ठ बजार सहायक कर्मचारी सन्देश दाहालले व्यक्तिगत कारण देखाई मिति २०८१ पौष १३ देखि राजिनामा दिनु भएको थियो ।

ग) संस्थामा कार्यरत सहयोगी कर्मचारी गंगा बस्नेतले व्यक्तिगत कारण देखाई मिति २०८१ पौष १३ देखि राजिनामा दिनु भएको थियो ।

**(१२) संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण**: संस्थाको ३२ औं वार्षिक साधारण सभाको निर्णय अनुसार आ.व. २०८०/०८१ को मुनाफाबाट छुट्याइएको संरक्षीत पुँजि फिर्ता कोषमा रहेको रकम मध्येबाट सदस्यज्यूहरूको बचत कारोवार र ऋण कारोवारको आधारमा आ.व. २०८१/०८२ मा रू. ६०,६०,२९८।५४ वितरण गर्ने गरिएको थियो भने सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार संस्थाबाट ऋण लिई भाखा नघाउने ऋणी सदस्य र नियमित बचत नगरी निष्क्रिय बस्ने सदस्यज्यूहरूलाई यस कोषबाट रकम वितरण गर्न सकिएको थिएन । शेयर सदस्यज्यूहरूलाई संस्थाका नियमित रूपमा ऋण तथा बचतको कारोवार गरी यस कोषबाट प्राप्त हुने रकम लिई लाभान्वित हुनुहुन अनुरोध गर्दछु ।

**(१३)संस्थाबाट सम्पन्न भएका सामाजिक कार्यक्रमहरू :** संस्थाले आ.व. २०८१/०८२ मा निम्नानुसारका कार्यक्रमहरू सम्पन्न गरेको छः

- **जेष्ठ सदस्य सम्मान कार्यक्रम**: मिति २०८१ भाद्र १५ गते संस्थाको बार्षिक कार्य योजना अनुसार महिला विकास उप समितिको संयोजकत्वमा संस्थामा आवद्ध ७५ बर्ष माथिका ११२ जना जेष्ठ पुरूष सदस्यहरूलाई सम्मान गरिएको थियो । त्यसैगरी मिति २०८२ बैसाख १२ गते शुक्रबार मातातिर्थ औँशिको अवसरमा संस्थामा आबद्ध ७५ बर्ष माथिका १३० जना जेष्ठ सदस्य माताहरूलाई बनेपा ९, पोटे गुठिघरमा सम्मान कार्यक्रम सम्पन्न गरियो ।
- **खुल्ला रक्तदान कार्यक्रम**: मिति २०८१ भाद्र २६ गते संस्थाको बार्षिक कार्ययोजना अनुरूप महिला विकास उप समितिको संयोजकत्वमा बनेपा ८, तीनदोबाटोमा रगतको अभावले हुने अप्रिय घटनाहरू कमी गर्न खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो जसमा ३३ जनाले रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो त्यसैगरी मिति २०८२ जेठ २७ गते संस्थाको ३६ औं स्थापना दिवस तथा विश्व रक्तदाता दिवसको अवसरमा बनेपा ८ तीनदोबाटोमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो जसमा ३६ जना रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।
- **३२ औँ बार्षिक साधारण सभा कार्यक्रम**: मिति २०८१ असोज १२ गते यस संस्थाको आ.व. २०८०/०८१ को बार्षिक प्रगती प्रतिवेदन तथा आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम बजेट सहित संस्थाको ३२ औँ बार्षिक साधारण सभा सम्पन्न गरिएको थियो ।
- **स्वास्थ्य शिविर सम्पन्न**: मिति : २०८१ कार्तिक २९ गते संस्थाको बार्षिक कार्ययोजना अनुरूप महिला बिकास उपसमितिको संयोजन तथा सि.डब्लु.सि. बनेपाको प्राविधिक सहयोगमा संस्थामा आबद्ध पुरूष सदस्यहरूमा प्रोस्टेट क्यान्सरको प्रारम्भिक परीक्षण गरियको थियो । जसमा ७२ जनाले परीक्षण गराएका थिए भने १४ जनामा पिसाव सम्वन्धी सामान्य समस्या देखा परेको थियो । त्यसैगरी संस्थाको बार्षिक कार्ययोजना अनुसार मिति २०८१ फागुन ७ गते बनेपा ५, चण्डेश्वरी मण्दिर प्राङ्गणमा महिला बिकास उपसमितिको संयोजकत्वमा बनेपा हेल्थ केयर प्रा.लि.को प्राविधिक सहयोगमा निःशुल्क सुगर, प्रेसर तथा सामान्य जाँच तथा चिकित्सक परामर्श शिविर सम्पन्न भएको थियो । जसमा २५० जनाले जाँच गराएका थिए । त्यसैगरी मिति २०८२ जेठ ०८ गते बिहिबार नाला सेवाकेन्द्र व्यवस्थापन उपसमितिको संयोजकत्वमा रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा १ दिने निःशुल्क आँखा शिविर बनेपा-४, नालामा संचालन गरिएको थियो, जसमा १३९ जना स्थानीय व्यक्तिहरूले आखाँ जाँच गराई लाभ लिनुभएको थियो ।
- **जेष्ठ सदस्य तिर्थाटन कार्यक्रम**: मिति : संस्थाको बार्षिक कार्ययोजना बमोजिम महिला विकास उपसमितिको संयोजकत्वमा २०८१ फागुण ७ गते संस्थामा आबद्ध ६० देखि ७५ बर्ष उमेर समुहका ५३० जना जेष्ठ सदस्यहरूको सहभागीतामा बनेपा चण्डेश्वरी मन्दिरमा भजन कृतनका साथ नेवारी भोज कार्यक्रम आयोजना गरिएको थियो ।
- **सामुदायिक विद्यालय छात्रवृत्ति** : संस्थाको बार्षिक कार्ययोजना अनुरूप मिति २०८१ चैत्र २७ गते सामुदायिक विद्यालय सहयोग अन्तर्गत पनौती सुब्बागाउँ स्थित ग्रामोदय आधारभूत विद्यालयको ६२ औं वार्षिकोत्सव तथा अभिभावक सम्मेलनमा ६० थान स्कूल व्याग वितरण गरिएको थियो ।
- **खानेपानी वितरण**: मिति : २०८२ बैसाख २९ र ३० गते बनेपाको स्थानीय चण्डेश्वरी जात्रामा संस्थाको तर्फबाट बनेपा ५, घोकेचौर र बनेपा लायकुमा निःशुल्क खानेपानी वितरणको व्यवस्था गरिएको थियो ।

- **समुदाय सरसफाई कार्यक्रमः** मिति २०८२ जेष्ठ २२ गते विश्व वातावरण दिवसको अवसरमा शिक्षा तथा समाज कल्याण उपसमितिको संयोजनमा बनेपा नारायणस्थान मन्दिर परिसरमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको थियो ।

**(१४) योगदानमा आधारित सदस्य सुरक्षा कार्यक्रम** : सदस्यहरूको जीवनमा आईपर्ने विभिन्न खालका घट्नामा राहत दिने उद्देश्यले गत साधारण सभाबाट स्वीकृत योगदानमा आधारित सदस्य सुरक्षा योजना अन्तर्गत आ.व. २०८१/०८२ को अन्त्य सम्ममा जम्मा १५४९ जना शेयर सदस्यज्यूहरूले योगदान गर्नु भएको छ र यस योजनाबाट आ.व. २०८१/०८२ मा २८ जना शेयर सदस्यहरु राहत रकमबाट लाभान्वित हुनुभएको छ ।

**(१५) विषयगत उपसमिति तथा कार्यदल** : संस्थाको विषयगत उपसमिति गठन कार्यविधि २०७९ अनुसार निम्नानुसारका विषयगत उपसमिति तथा कार्यदल मनोनयन गरिएको छ ।

| क्र.सं. | उपसमिति तथा कार्यदलको नाम | संयोजक तथा सदस्यको नाम | पद |
|---|---|---|---|
| क | साधारण सभा तयारी उप समिति | बुद्ध रत्न मानन्धर | संयोजक |
| | | सुरेन्द्र प्रजापती | सदस्य |
| | | जितेन्द्र भक्त पोटे | सदस्य |
| | | मनोहरी पोटे | सदस्य |
| | | पूर्ण पोटे | सदस्य |
| ख | ऋण तथा अर्थ व्यवस्थापन उपसमिति | रमेश काजी श्रेष्ठ | संयोजक |
| | | रोशना राजबंशी | सदस्य |
| | | पुर्ण पोटे | सदस्य |
| ग | शिक्षा तथा समाजकल्याण उपसमिति | जितेन्द्र भक्त पोटे | संयोजक |
| | | रिता बादे | सदस्य |
| | | रचना न्हुच्छे प्रधान | सदस्य |
| | | दया प्रजापती | सदस्य |
| घ | महिला विकास उपसमिति | मनोहरी पोटे | संयोजक |
| | | बिमला पोटे | सदस्य |
| | | रिता मानन्धर | सदस्य |
| | | कल्पना श्रेष्ठ | सदस्य |
| ङ | समुह बचत उपसमिति | सुरेन्द्र प्रजापती | संयोजक |
| | | सुबन कुमार प्रधान | सदस्य |
| | | कृष्णेश्वरी बैध | सदस्य |
| | | सुरज प्रजापती | सदस्य |
| | | मंगलमाया मानन्धर | सदस्य |
| च | युवा क्लव गठन | बिनिस रंजित | सदस्य |
| | | अग्निस रंजित | सदस्य |
| | | ऐरोना मानन्धर | सदस्य |
| | | निशु बादे | सदस्य |
| | | अनुश पोटे | सदस्य |

## (आ) आ.व. २०८२/८३ का प्रस्तावित कार्यक्रमहरू

आदरणीय सेयर सदस्यज्यूहरु ! संस्थाले आफ्नो व्यवसायिक क्षमता अभिवृद्धि गर्दै संस्थालाई समुदायमा अब्बल बनाउन आ.व. २०८२/०८३ मा निम्न कार्यक्रमहरु गर्ने भएकाले उल्लिखित कार्यक्रमहरु स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

### (१) आ.व. २०८२/०८३ को प्रस्तावित वार्षिक व्यवसायिक योजना

| क्र.सं. | कार्यक्रम | लक्ष्य |
|---|---|---|
| १ | **सदस्यता थप** | |
| क | शेयर सदस्य थप | १४०० |
| ख | बाल बचतकर्ता थप | २५० |
| ग | योगदानमा आधारीत सदस्य सुरक्षा योजना | १००० |
| २ | **डिजिटल सेवामा सहभागिता थप** | |
| क | मोबाइल बैकिंङ सेवा प्रवाह थप | १२०० |
| ख | ए.टि.एम. सेवा प्रवाह थप | २०० |
| ग | क्यूआर. कोड स्ट्याण्ड वितरण | २५० |
| ३ | **सुशासन** | |
| क | साधारण सभा बैठक | १ |
| ख | संचालक समिति बैठक | १२ देखि १८ |
| ग | लेखा सुपरीवेक्षण समिति बैठक | १२ |
| घ | उप समिति बैठक | ६ |
| ङ | नीति तथा कार्यविधि निर्माण/संसोधन | आवश्यकता अनुसार |
| च | बिषयगत उप समिति बैठक | आवश्यकता अनुसार |
| छ | ऋण उप समिति | ५२ |
| ज | पदाधीकारी बैठक | १८ |
| झ | समिक्षा बैठक | ४ |
| ४ | **तालिम तथा गोष्ठी** | |
| क | आन्तरिक तालिम तथा गोष्ठी | २ |
| ख | योजना समिक्षा गोष्ठी (त्रैमाशिक रूपमा) | ४ |
| ग | सदस्यशी पमुलक तालिम | २ |
| घ | बाह्य तालिम तथा गोष्ठीमा सहभागी | आवश्यकता अनुसार |
| ङ | रणनैतीक योजना निमार्ण कार्यशाला | १ |
| ५ | **शिविर संचालन** | |
| क | स्वस्थ्य शीविर | २ |
| ख | रक्तदान शीविर | २ |
| ग | जनचेतनामुलक कार्यक्रम (स्वास्थ्य तथा वातावरण) | १ |
| ६ | **युवा परिचालन कार्यक्रम** | |
| क | युवा लक्षित खेलकुद कार्यक्रम | १ |
| ७ | **सदस्य शिक्षा तथा समुदाय भेटघाट तथा विस्तारित मंच** | |
| क | सदस्य शिक्षा तथा विस्तारित मंच कार्यक्रम | ६ |
| ख | ऋण अभिमुखीकरण कार्यक्रम | ६ |
| ग | समुदाय भेटघाट तथा समुह निमाण कार्यक्रम | १६ देखी २४ |

| qm=;+ | sfo{qmd | nIo |
|---|---|---|
| * | e\|d0f | |
| क | सहकारी अवलोकन भ्रमण | १ |
| ख | सहकारी अवलोकन भ्रमण (कर्मचारी समुह) | १ |
| ग | ज्येष्ठ सदस्य तिर्थाटन | १ |
| घ | अन्तर्राष्ट्रिय भ्रमण | आवश्यकता अनुसार |
| ( | ;Ddfg tyf k'/:sf/ | |
| क | सदस्य सम्मान तथा पुरस्कार | नीति अनुसार |
| ख | ज्येष्ठ सदस्य सम्मान (माता/पिता सम्मान) | २ |
| ग | ज्योती प्रकाश सैंजु छात्रवृत्ति | कार्यविधि अनुसार |
| घ | सामुदायिक विद्यालय सहयोग | कार्यविधि अनुसार |
| ङ | एस.ई.ई. उत्तीर्ण सम्मान | १ |
| च | बाल बचतकर्ता जन्मदिन उपहार कार्यक्रम | नियमित |
| !) | dfgj ;+zfwg Joj:yfkg | |
| क | दरबन्दी श्रृजना तथा पदपुर्ति | ३ |
| !! | k\|sfzg | |
| क | वार्षिक प्रतिवेदन | ३५०० शन्ज |
| ख | उत्पादन तथा सेवाका फ्लायर तथा ब्रोसर | २००० शन्ज |
| ग | सन्देश मुलक भिडियो | आवश्यकता अनुसार |
| घ | वार्षिक क्यालेण्डर (वाल/टेबल) | ६५००/५०० शन्ज |
| !@ | ef}ts k'jf{wf/ ljsf; | |
| क | कम्प्युटर नयाँ खरिद | ५ |
| ख | प्रिन्टर नयाँ खरिद | ४ |
| ग | स्क्यानर नयाँ खरिद | २ |
| घ | जग्गा खरिद | आवश्यकता अनुसार |
| ङ | नयाँ फर्निचर (टेवल, कुर्सि आदि) | आवश्यकता अनुसार |
| च | एयर कन्डिसन तथा कुलर | २ शन्ज |
| ट | अग्नी प्रतिरोधक दराज | १ शन्ज |
| ज | ए.एम.एल. सफ्टवेयर | १ शन्ज |
| झ | अन्य उपकरण | आवश्यकता अनुसार |

(२) **स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति बिक्री गर्ने सम्बन्धमा** : आगामी वर्ष संस्थामा उपयोग भई भविष्यमा उपयोग गर्न नसकिने अवस्थामा पुगेका भौतिक सम्पत्ति तथा धितो लिलामबाट कुनै सम्पत्ति प्राप्त भएमा संस्थागत सम्पत्ति लिलाम/बोलकबोल बाट बिक्री गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(३) **व्याजदर संशोधन तथा परिमार्जन सम्बन्धमा** : वित्तीय बजारमा आएको परिवर्तन सँगै संस्थाको बचत तथा ऋणको व्याजदरमा आवश्यकतानुसार सन्दर्भ व्याजदर र बजारदरका आधारमा संशोधन तथा परिमार्जन गर्न आ.व. २०८२/०८३ को लागि सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(४) **लेखा परीक्षक नियुक्ती सम्बन्धमा** : संस्थाको आ.व. २०८२/०८३ को अन्तिम लेखा परीक्षण गर्न चार्टर्ड एकाउन्टेन्ट्स फर्महरूको लागि मिति २०८२ साउन १३ गते प्रकाशित सूचनाका आधारमा पर्न आएका आवेदनहरू मध्ये सबैभन्दा उपयुक्त लेखा परीक्षक काठमाडौं नयाँ बानेश्वर स्थित फर्म दर्ता नं. १०१२ को आर.जे. बज्रचार्य एण्ड एसोसिएट्सलाई लेखा परीक्षण शुल्क रू. ५,००,०००/- (अक्षरूपि पाँच लाखमात्र) पारिश्रमिक दिने गरी नियुक्ती गर्ने र भक्तपुर - ३ चारदोबाटो स्थित फर्म दर्ता नं. १४०६ को न्यौपाने वाई एण्ड एशोसिएट्सलाई लेखा परीक्षण शुल्क रू. ५,००,०००/- (अक्षरूपि पाँच लाख मात्र) पारिश्रमिक दिने गरि बैकल्पिक लेखा परीक्षकको रूपमा नियुक्त गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

अन्त्यमा मैले यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३३ औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा २०८२/०८३ को प्रस्तावित कार्यक्रम माथि गहन अध्ययन गरी सो सम्बन्धमा यहाँहरूको अमुल्य सल्लाह र सुझावको अपेक्षा गर्दै मेरो प्रतिवेदनमा उल्लेख भए गरेका कार्यहरूलाई अनुमोदन गरी दिनुहुन साथै प्रस्तुत प्रस्तावहरूलाई समेत पारित गरिदिनुहुनेछ भन्ने विश्वास र आशाका साथै आगामी दिनहरूमा पनि यहाँहरूको सल्लाह र सुझावको अपेक्षा गर्दै संस्थाको मात्रात्मक र गुणात्मक विकास र वृद्धिमा साथ र सहयोग गर्नुहुने तथा गत साधारण सभाबाट स्वीकृत योजना कार्यान्वयनमा अनवरत खट्नुहुने सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, विषयगत उपसमितिका सदस्यज्यूहरू र संस्थाका कर्मचारीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । नजिकै आई रहेको विजया दशमी, दिपावली, नेपाल संवत ११४६ साथै छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यवाद !

जय सहकारी ! जय चण्डेश्वरी !

# कोषाध्यक्षको प्रतिवेदन



**गणेश कुमार रंजित**
कोषाध्यक्ष

## आ.व २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित आर्थिक कार्यक्रम तथा बजेट

यस संस्थाको ३३ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, संस्थाका विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक तथा सदस्यज्यूहरू, पत्रकार महोदय साथै यस संस्थाको ३३ औं वार्षिक साधारणलाई सफल पार्न पाल्नु हुने सम्पूर्ण सदस्यज्यूहरू लगायत संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी वर्गहरूमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरु !

सहकारीका साझा भावना तथा शिद्धान्तलाई आत्मसात गर्दै यस संस्थाले आफ्नो ३३ औं साधारण सभा मनाउन गईरहेको अवस्थामा यस समयावधि भित्र संस्थालाई माया गरेर साथ दिदैं यहाँसम्म पुर्‍याउनुहुने सम्पुर्ण शेयर सदस्य तथा सरोकारवालाहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सदस्यहरूको बचतको सुरक्षा चण्डेश्वरी साकोसको एक मुल लक्ष्य रहेको छ । यस चण्डेश्वरी साकोसले आफ्नो स्थापनाकालदेखी नै सहकारीका मुल्य, मान्यता तथा सिद्धान्तलाई आत्मसात गर्दै समुदायमा आधारित भई सदस्य तथा समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक वृद्धि विकास गर्दै आईरहेको यहाँहरूमा विदितै छ । नेपाल जस्तो विकासोन्मुख देशका लागि विकासको बाटोमा अघि बढ्न सहकारीको अवधारणा एकदमै ठूलो महत्व रहेको छ । सहकारीले गरिब, विपन्न तथा पिछडिएको वर्गलाई समेत वित्तीय पहुँच पुर्‍याउन मद्धत गर्दछ । पछिल्ला केहि समयमा केहि खराब सहकारी संचालकहरूले गर्दा समग्र सहकारी प्रतिको अवधारणा र महत्वमा जनताहरूको हेर्ने दृष्टिकोण अलि फरक भएको देखिन्छ । तथापी समुदायमा आधारित भई संचालित यस चण्डेश्वरी साकोसमा सदस्यज्युहरूको अपार विश्वासका कारण संस्थाले आफ्नो वित्तीय अवस्थामा अतुलनीय सफलता हाशिल गर्न सकेको छ । हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखा परेको आर्थिक मन्दिका कारणले भने संस्थाको ऋण लगानीमा कमी हुन आएको देखिन्छ । जसको कारण संस्थाको तरलता वृद्धि भई व्याजदरमा समेत असर परेको देखिन्छ ।

आदरणीय शेयर सदस्यज्यूहरु ! अब म संस्थाको आ.व. २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु ।

## (अ) आ.व.२०८१/०८२ को आर्थिक समिक्षा प्रतिवेदन

**(१) आ.व.२०८१/०८२ को आर्थिक प्रगति समिक्षा** : ३२ औं वार्षिक साधारणबाट स्वीकृत लक्ष्य अनुसार निम्नानुसार प्रगति भएको व्यहोरा सम्मानित सभा समक्ष पेश गर्दछु ।

| क्र.स. | विवरण | आ.व. २०८०/०८१ को सुरू अवस्था | आ.व. २०८१ /०८२ | | |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| १ | जम्मा बाँकी ऋण | १००३३८१०५८।६२ | १२६७५७८६८७।०० | ८९८६८४०५२।९४ | (३९।६३ |
| २ | जम्मा सम्पत्ति तथा जायदात | १५०७०३७८४३।३५ | १७१२९४४१७१।७४ | १५१४९९२६४७।७७ | ३।८६ |
| ३ | शेयर पुँजि | ११४३००५००।०० | १४५६००००।०० | ११४२११५००।०० | (०।२८ |
| ४ | बचत सबै प्रकारका | ११६४४९५९६२।९६ | १२६००००००।०० | ११६१६४७२८०।३९ | (२।९८ |
| ५ | जम्मा आम्दानि | | १८९६९०५००।१७ | १४३६८९८६९।३७ | ७५।७५ |
| ६ | जम्मा खर्च | | १३२७१७७६३।९० | १०९७४८५९७।२७ | ८२।६९ |
| ७ | खुद नाफा | | ५६९७२७३६।२७ | ३३९४१२७२।१० | ५९।५७ |
| ८ | सदस्यता वृद्धि | १०२७७ | १२०७७ | १०९७३ | ३८।६७ |

**(२) आ.व.२०८१/०८२ को स्वीकृत बजेट समिक्षा**: संस्थाको ३२ औं वार्षिक साधारणबाट स्वीकृत बजेट अनुसार आ.व. २०८१/०८२ मा निम्नानुसार खर्च भएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

| क्र.स. | बजेट शिर्षक | कुल बिनियोजित बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वित्तिय खर्च | ९७७९३७३८।२९ | ८१४२८६१६।४९ | ८३।२७ |
| २ | पुँजिगत खर्च | ५७६४५०००।०० | ४१८८८९।५० | ०।७३ |
| ३ | चालु खर्च | ३४९७३५४५।०६ | २५४८३७६०।८१ | ७२।८७ |
| ४ | कर्मचारी खर्च | १७३८६५२५।९४ | १३२६०२४४।७४ | ७६।२७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५०६५०००।०० | ३१७४३०३।३८ | ६२।६७ |
| ६ | संञ्चालक खर्च | २८१६५००।०० | १८६३९११।८७ | ६६।१८ |
| ७ | साधारण सभा खर्च | ५०१००००।०० | ४४०१६०३।९२ | ८७।८६ |
| ८ | घरभाडा तथा ह्रासकट्टि | १८१५५१९।१२ | १३९०६४७।०१ | ७६।६० |
| ९ | अन्य कार्यक्रम तालिम तथा गोष्ठी खर्च | २८८००००।०० | १३९३०४९।८९ | ४८।३७ |

**(३) कोष रकमान्तर** : यस संस्थाको आ.व. २०८०/०८१ को मुनाफाबाट बाँडफाँड भई आ.व. २०८१/०८२ मा खर्च भई बाँकी रहेको कोषहरु मध्येबाट सामुदायिक विकास कोषबाट रू. ११,१३,४०९।५०, सहकारी शिक्षा कोषबाट रू. ८०१४३५.७२ र स्थीरिकरण कोषबाट रू. १७,८६,६३३.४२ रकमलाई संस्थागत कोषमा रकमान्तर गरी संस्थागत कोषवृद्धि गरिएको छ । साथै सहकारी विकास कोषबाट रू. ३०७५६६.४५, सामुदायीक बिकास कोषबाट रू. २०६६०२.९३ र अन्य जोखीम कोषबाट रू. ९०२९८४.४८ रकमलाई सदस्यहित राहत कोषमा रकमान्तर गरिएको छ । त्यसैगरी कर्मचारी बोनस कोषको रू. २०,९९,७७८.३१ लाई कर्मचारी कल्याणकारी कोषमा रकमान्तर गरिएको छ । उल्लेखित रकमान्तर गरिएको विवरण सहकारी ऐन, नियमावली तथा सहकारी संघ संस्था नियमन तथा अनुगमन मापदण्ड अनुसार गरिएको हुँदा अनुमोदन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(४) **पर्ल्स विवरण**: संस्थाको वित्तीय स्वास्थ्यलाई मापन गर्ने महत्वपूर्ण औजारको रूपमा रहेको पर्ल्स अनुगमन पद्धतिलाई संस्थाले विगतका वर्षहरूदेखि नै अपनाउँदै आएको छ । आ.व. २०८१/०८२ को अन्त्यसम्मको पर्ल्स अनुपात निम्नानुसार रहेको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## पर्ल्स अनुपात (PEARLS Ratio Under GAAP)

| Ind | Indicators | Goal | Numerator | Denominator | Ashad 2082 Result | Ashad 2081 Result |
|---|---|---|---|---|---|---|
| | | | P=Protection | | | |
| P1 | Reserve for loan loss >12 months | 100% | 24,117,343.45 | 24117343.45 | 100.00 | 100 |
| P2 | Reserve for loan loss >6 month <12 months | 50% | 3,150,128.01 | 6300256.02 | 50.00 | 35 |
| | Reserve for loan loss >3 month <6 months | 25% | 449,671.28 | 1798685.12 | 25.00 | |
| P2× | Reserve for Active Loan | 1% | 8,664,677.68 | 866467768.35 | 1.00 | 1 |
| P3 | Recovery of Charge of loan | 100% | 2028774.05 | 2,165,689.26 | 93.68 | 91.36 |
| | | | E=Effective financial structure | | | |
| E1 | Net Loan to total assets | 70-80% | 866,467,768.35 | 1,514,992,647.77 | 57.19 | 64.45 |
| E3 | Financial Investments to total assets | Max 10% | 144,322,000.00 | 1,514,992,647.77 | 9.53 | 6.92 |
| E5 | Saving to total assets | 70-80% | 1,161,647,280.39 | 1,514,992,647.77 | 76.68 | 77.27 |
| E6 | External loan to total assets | 0% | 0 | 1,514,992,647.77 | 0.00 | 0 |
| E7 | Share capital to total assets | 10-20% | 114,211,500.00 | 1,514,992,647.77 | 7.54 | 7.58 |
| E8 | Institutional capital to total assets | 10-20% | 145,970,178.08 | 1,514,992,647.77 | 9.64 | 9.57 |
| | | | A= Assets quality | | | |
| A1 | Delinquent loan to loan outstanding | <5% | 59,801,243.91 | 898,684,052.94 | 6.65 | 4.07 |
| A2 | Non earning assets to total assets | <5% | 33681239.12 | 1,514,992,647.77 | 2.22 | 2.22 |
| | | | R=Rate of return & Cost | | | |
| R1 | Total interest income to average loan | Interest rate | 121,136,452.79 | 951,032,555.78 | 12.74 | 13.99 |
| R5 | Interest exp. To average saving and ext. loan | Market rate | 81,428,616.49 | 1,163,071,621.68 | 7.00 | 9.23 |
| R7 | Dividend paid on average share capital | Market rate | 1,14,25,600.00 | 114,256,000.00 | 10 | 11.58 |
| R9 | Operating expenses/ Average total assets | 5% | 24,090,710.92 | 1,510,934,404.18 | 1.59 | 1.75 |
| R12 | Net income/ Average total assets | Min 10% | 33,941,272.10 | 1,510,934,404.18 | 2.25 | 2.83 |
| | | | L=Liquidity | | | |
| L1 | Liquid assets/ total saving | 15% | 440,160,997.22 | 1,161,647,280.39 | 37.89 | 31.39 |
| L3 | Non earning Liquid assets/ total assets | <1% | 1,855,641.51 | 1,514,992,647.77 | 0.12 | 0.39 |
| | | | S= Sign of growth | | | |
| S10 | Growth in Membership | 12% | 10973 | 10277 | 6.77 | 12.66 |
| S11 | Growth in assets | Inflation rate | 1,514,992,647.77 | 1,50,70,37,843.35 | 0.53 | 16.80 |
| | | h0df | dlxnf | k?if | ;+yfut | |
| | Total Member | **10973** | **5835** | **5106** | **32** | |

(५) **लेखा परीक्षण प्रतिवेदन** : आदरणीय शेयर सदस्यज्यूहरू संस्थाको ३२ औं वार्षिक साधारणसभाबाट नियुक्त लेखा परीक्षक श्रेष्ठ सुनिल एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स, फर्म दर्ता नं. १०१९ तथा पेशागत प्रमाणपत्र नं. ११४२ ले पेश गरेका निम्नानुसारको आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरीदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

**SHRESTHA SUNIL & ASSOCIATES**
**Chartered Accountants**

**स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन,**

**सदस्य महानुभावहरु,**

**चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**

**बनेपा-०८, काभ्रेपलान्चोक**

***कैफियत सहितको राय,***

हाम्रीले **चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि **'संस्था'** भनिएको छ) यसै साथ संलग्न मिति २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को नाफा वा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको राय व्यक्त गर्ने आधारहरु खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८२ आषाढ मसान्तको वित्तीय अवस्था र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको अवस्था प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

***कैफियत राय व्यक्त गर्ने आधारहरु,***

हामीले लेखा परीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखा परीक्षण मानको आधारमा लेखा परीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखा परीक्षण मान अनुसार लेखा परीक्षण योजना तयार गरी तदअनुसार लेखा परीक्षण सम्पन्न गरिएको छ । सो अनुरुप हाम्रो जिम्मेवारी यस प्रतिवेदनको वित्तीय विवरणको लेखा परीक्षण उपर लेखा परीक्षकको दायित्व खण्डमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम हामीले आचरणगत जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखा परीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

नेपाल वित्तीय प्रतिवेदन मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरुमा असर पार्ने विषयहरु:

- संस्थाको अन्य सम्पत्ति अन्तर्गत (नोट ४.११) बिमा प्रिमियम पेश्की समावेश छन् । यी बिमा प्रिमियम पेश्की संस्थाको मानव संसाधन नीति बमोजिम कर्मचारी जीवन बिमा योजना हुन् जस अन्तर्गत कर्मचारीले बिमा अवधि समाप्त भए पछि वा कार्य अवधि बाँकी छदै संस्थाको सेवा छोड्नु परेमा सस्थाले भुक्तानी गरेको प्रिमियम रकम संस्थालाई फिर्ता र बिमा योजनाबाट प्राप्त बोनस रकम मात्र सम्बन्धित कर्मचारीले पाउनेछ । यी बिमा पोलिसीहरु संस्थाको अधीनमा रहेता पनि पोलिसीहरुमा संस्थाको हिताधिकार उल्लेख गरिएको भने छैन,। २०८२ आषाढ मसान्त सम्म उपरोक्त बिमा प्रिमियम पेश्की रु. २१,३५,२९० रहेको छ ।
- बोनस ऐन,२०३० बमोजिम मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरुलाई बोनस बापत छुट्याउनु पर्दछ । संस्थाद्वारा चालु आर्थिक वर्षमा खुद मुनाफाको सात प्रतिशतले कर्मचारी बोनस कोषमा रकम छुट्टाइएको छ जस अनुरुप कर्मचारी बोनस व्यवस्था रु. १०,१८,२३८.१६ ले कम रहेको छ ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

***लेखा परीक्षणको मुख्य विषयहरु (Key Audit Matters)***

संस्थाको यस अवधिको वित्तीय विवरणको लेखा परीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखा परीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखा परीक्षणको मुख्य विषयहरु हुन् ।

यी विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरुको लेखा परीक्षणको क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरुमा छुट्टै राय प्रदान गर्दैनौ । हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखा परीक्षण सम्बन्धित कुनै मुख्य विषयहरु नरहेको हामीले निर्धारण गर्यौं ।

***विषयगत जोड, (Emphasis of Matter)***

**१. नोट ४.२०- "NFRS समायोजन कोष"**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धित स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखाङ्कन गर्ने नीति अपनाइएको छ । उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिमार्जन भएको छैन ।

***अन्य विषय, (Other Matter)***

लेखा परीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौं ।

***अन्य जानकारी (वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेकको)***

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखा परीक्षकको प्रतिवेदन बाहेकको संस्थाको समितिहरुको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखा परीक्षणको प्रतिवेदन मिति पश्चात् प्राप्त हुने अपेक्षा गरेका छौं ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखा परीक्षणको सन्दर्भमा, अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखा परीक्षणको क्रममा प्राप्त गरेको ज्ञानहरुसँग सारभूत रुपमा असँगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हाम्रो जिम्मेवारी हो । हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्षमा निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

***वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको दायित्व,***

प्रचलित कानुन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु संस्थाको व्यवस्थापनको जिम्मेवारी हो । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट एवम् कार्यान्वयन गर्ने र आवश्यकतानुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन् ।वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्नता (Going Concern) व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक तथ्यहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिकुइडेट गर्न नियुत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न निकाय सम्बन्धित लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

संस्थाको शासकीय भूमिका वहन गर्नेहरुले संस्थाको वित्तीय प्रतिवेदन तयारीको प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ ।

Shrestha Sunil & Co. Chartered Accountants, Kathmandu

***वित्तीय विवरणको लेखा परीक्षण उपर लेखा परीक्षकको दायित्व,***

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडा सहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिव आश्वस्तता प्राप्त गर्नु र लेखा परीक्षणको आधारमा हाम्रो राय सहितको लेखा परीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिव आश्वस्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखा परीक्षणमान अनुसार गरिएको लेखाप रीक्षणले सारभूत रुपमा गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउछ भन्ने प्रत्याभूति होइन ।

गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखा परीक्षणमान अनुसार लेखा परीक्षण कार्य गर्दा लेखा परीक्षण अवधिभर पेशागत विवेक र व्यावसायिक सन्देह कायम गरेका छौ । यस क्रममा हामीले,

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखा परीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौ ।
- जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भुल गर्ने काम, गलत प्रस्तुति वा आन्तरिक नियन्त्रणको उल्लङ्घन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखा परीक्षण विधि अवलम्बन गर्न लेखा परीक्षणसँग प्रासङ्गिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं तर लेखा परीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखा परीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधार संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ । साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखा परीक्षणको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखा परीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनबरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र विवरणहरुको मूल्याङ्कन गरेका छौं ।
- लेखा परीक्षणको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यावसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखा परीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखा परीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमीकमजोरी लगायत लेखा परीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखा परीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासङ्गिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

Shrestha ... & Associates
Kathmandu
Chartered Accountants

***अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन,***

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं,

- हामीलाई लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।
- हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले व्यवस्थापन पत्रका विषयहरुमा बाहेक हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलित कानून बमोजिम रितपूर्वक राखिएको पाइयो ।
- संस्थाले उपर्युक्त राय व्यक्त गर्ने आधारहरुमा जनाइएको कैफियतहरु बाहेक सहकारी ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौ ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो ।
- हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्द कामकाज वा हानी नोक्सानी गरेको वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

Shrestha Sunil & Associates ★ Kathmandu ★ Chartered Accountants

..............................

**सि.ए. सुनिल श्रेष्ठ**
**एकल अभ्यासकर्ता,**

**नि.**

**श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स,**
**चार्टर्ड एकाउन्टेन्ट्स**
**स्थानः बनेपा, काभ्रे**

**मितिः २०८२/०५/१४**

UDIN : 250911CA01697zfNR9

## चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०८, करुणामार्ग , काभ्रे

### वित्तीय स्थितिको विवरण
### २०८२ आषाढ ३२ को

*रकम ने.रु.मा*

| विवरण | नोट | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ४३०,१६०,९९७.२२ | ३३५,९०१,९६२.०८ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | ४.२ | १४०,०००,०००.०० | १२०,०००,०००.०० |
| कर्जा लगानी | ४.३ | ८६४,०६१,८६८.७० | ९७३,५८६,१५४.३३ |
| लगानी उपकरण | ४.४ | १४,३२२,०००.०० | १४,३२२,०००.०० |
| चालु कर सम्पत्ति | ४.५ | ४,५८१,०७१.११ | ५,२०४,९०३.६६ |
| लगानी सम्पत्ति | ४.६ | - | - |
| सम्पत्ति तथा उपकरण | ४.७ | १०,८७३,१९८.२१ | ११,६२९,३५७.३४ |
| पट्टा सम्पत्ति | ४.८ | ९६३,९३८.१२ | १,०८८,४२४.४७ |
| ख्याती तथा अमुर्त सम्पत्ति | ४.९ | ५६,०४८.०० | ७२,५४६.०० |
| स्थगन कर सम्पत्ति | ४.१० | - | - |
| अन्य सम्पत्ति | ४.११ | ६,०२७,९४६.०४ | ५,९७३,८२१.८९ |
| **कुल सम्पत्ति** | | १,४७१,०४७,०६७.४० | १,४६७,७७९,१६९.७७ |

| विवरण | नोट | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|---|
| **दायित्व** | | | |
| निक्षेप दायित्व | ४.१२ | १,१६१,८८९,३०४.७६ | १,१६४,८५८,६९५.९८ |
| सापटी | ४.१३ | - | - |
| व्यवस्था | ४.१४ | २,४४३,७८८.७३ | २,०४५,१२१.०१ |
| स्थगन कर दायित्व | ४.१० | ७७,६५६.२१ | २१२,५३६.३९ |
| पट्टा दायित्व | ४.८ | १,१४३,९०६.०० | १,१९३,२२३.२१ |
| चालु कर दायित्व | ४.५ | - | - |
| अन्य दायित्व | ४.१५ | ४,४६४,११७.०६ | ८,४६०,५१३.५० |
| **कुल दायित्व** | | १,१७०,०१८,७७२.७६ | १,१७६,७७०,०९०.०९ |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.१६ | ११४,२११,५००.०० | ११४,३००,५००.०० |
| साधारण जगेडा कोष | ४.१७ | १५२,०४६,४९९.६६ | १४१,१७८,६३८.४९ |
| अन्य नियमनकारी कोषहरु | ४.१८ | २३,७६५,०५६.९४ | २७,०९६,७९९.७६ |
| NFRS समायोजन कोष | ४.१९ | १,९३१,६७४.९३ | २,८०८,४७१.५६ |
| अन्य कोषहरु | ४.२० | ९,०७३,५६३.११ | ५,६२४,६६९.८७ |
| **कुल पूँजी** | | ३०१,०२८,२९४.६४ | २९१,००९,०७९.६८ |
| **कुल पूँजी तथा दायित्व** | | १,४७१,०४७,०६७.४० | १,४६७,७७९,१६९.७७ |
| **सम्भावित दायित्व तथा प्रतिबद्धता** | ४.२१ | | |
| | ४.२२ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रंजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

[illegible] सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त बादे
अध्यक्ष

स्थान: बनेपा
मिति: २०८२/०५/१४

## चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०८, करुणामार्ग , काभ्रे

### नाफा नोक्सानको विवरण
### २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | नोट | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|---|
| व्याज आम्दानी | ४.२३ | १३७,५४८,९१२.०३ | १६०,५४७,५२०.९० |
| व्याज खर्च | ४.२४ | (८१,५४५,९६५.९४) | (९८,४८१,१९७.७१) |
| **खुद व्याज आम्दानी** | | **५६,००२,९४६.१०** | **६२,०६६,३२३.१९** |
| शुल्क तथा कमिशन आम्दानी | ४.२५ | ४,७०९,८५४.९९ | ४,७०१,१९६.१८ |
| शुल्क तथा कमिशन खर्च | ४.२६ | (४१९,९३८.४०) | (३००,४६४.८६) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | ४,२८९,९१६.५९ | ४,४००,७३१.३२ |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | ६०,२९२,८६२.६९ | ६६,४६७,०५४.५१ |
| खुद व्यापार आम्दानी | ४.२७ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२८ | ८६९,२२९.०२ | १,०१३,४३५.६३ |
| **कुल सञ्चालन आम्दानी** | | ६१,१६२,०९१.७१ | ६७,४८०,४९०.१४ |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम (व्यवस्था)/फिर्ता | ४.२९ | (४,२२९,२६९.८६) | (४,०२३,१८०.२५) |
| **खुद सञ्चालन आम्दानी** | | ५६,९३२,८२१.८५ | ६३,४५७,३०९.८९ |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.३० | (१५,७३४,२०७.७७) | (१६,५३६,५६४.१९) |
| अन्य सञ्चालन खर्च | ४.३१ | (९,०१९,८८०.७७) | (९,६७२,३३५.५३) |
| ह्रासकट्टी र परिशोधन | ४.३२ | (१,३१६,४४५.३७) | (१,३७४,५५९.२३) |
| **सञ्चालन मुनाफा** | | ३०,८६२,२८७.९४ | ३५,८७३,८५०.९३ |
| गैर सञ्चालन आम्दानी | ४.३३ | - | - |
| गैर सञ्चालन खर्च | ४.३४ | - | - |
| **आयकर अघिको नाफा** | | ३०,८६२,२८७.९४ | ३५,८७३,८५०.९३ |
| आयकर खर्च | ४.३५ | | |
| चालु आयकर | | (३,२०८,४३४.६३) | (३,६२१,४१२.५०) |
| स्थगन कर | | १३४,८८०.१८ | (२५,३१६.२८) |
| **खुद नाफा/(नोक्सान)** | | २७,७८८,७३३.४९ | ३२,२२७,१२२.१५ |

आजको मितिको संलग्न प्रतिवेदन अनूसार

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रंजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

सि.ए.सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त बादे
अध्यक्ष

स्थान: बनेपा
मिति: २०८२/०५/१४

# चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बनेपा-०८, करुणामार्ग , काभ्रे

## अन्य विस्तृत आम्दानीको विवरण

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | नोट | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|---|
| खुद नाफा/(नोक्सान) | | २७,७८८,७३३.४९ | ३२,२२७,१२२.१५ |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | | | |
| क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने शिर्षकहरु | | | |
| फेयर भ्याल्यूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्नमुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका विषय शिर्षकहरुको आयकर | | - | - |
| नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने अन्य खुद विस्तृत आम्दानी | | - | - |
| ख) नाफा/(नोक्सान)मा पुनःवर्गिकरण गरिएका वा गर्न सकिने शिर्षकहरु | | | |
| नगद प्रवाह हेजमा नाफा/(नोक्सान) | | - | - |
| विदेशी विनिमय संचालनबाट भएको सटही नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका विषय शिर्षकहरुको आयकर | | - | - |
| नाफा/(नोक्सान)मा पुनःवर्गिकरण | | - | - |
| नाफा/(नोक्सान) मा पुनःवर्गिकरण गर्न सकिने अन्य खुद विस्तृत आम्दानी | | - | - |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | | - | - |
| कुल विस्तृत आम्दानी | | २७,७८८,७३३.४९ | ३२,२२७,१२२.१५ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रंजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

सि.ए.सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त वादे
अध्यक्ष

स्थानः बनेपा
मितिः २०८२/०५/१४

## चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०८, करुणामार्ग , काभ्रे

### नगद प्रवाहको विवरण
### २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| कारोवार संचालनबाट नगद प्रवाह | | |
| प्राप्त व्याज आम्दानी | १३८,२०८,८५९.३४ | १६४,७६५,४९८.०५ |
| प्राप्त शुल्क तथा अन्य आम्दानी | ४,७०९,८५४.९९ | ५६२,३६१.१८ |
| व्याज खर्च भुक्तानी | (८१,४२८,६१६.४९) | (९८,३५९,७५५.१०) |
| कमिशन तथा शुल्क खर्च भुक्तानी | (४१९,९३८.४०) | (३००,४६४.८६) |
| कर्मचारीलाई भुक्तानी | (१५,१९०,८५६.८८) | (१५,१७६,३२६.१८) |
| अन्य खर्च भुक्तानी | (९,०१९,८८०.७७) | (९,८३२,३३५.४९) |
| **संचालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **३६,८५९,४२१.७९** | **४१,६५८,९७७.६०** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | (२०,०००,०००.००) | (४०,०००,०००.००) |
| कर्जा सापटी | १०४,६९७,००५.६८ | ४,४७९,५९३.६३ |
| अन्य सम्पत्ति | (११६,०६१.३६) | (३,८२०,८०४.३२) |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | | |
| निक्षेप दायित्व | (२,९६९,३९१.२२) | १९७,२११,४५४.०८ |
| सापटी | - | - |
| अन्य दायित्वहरु | (२,०४१,३०१.३०) | १,९९४,८८९.३९ |
| **आयकर अघिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **११६,४२९,६७३.५९** | **२०१,५२४,११०.३८** |
| आयकर भुक्तानी | (२,५८४,६०२.०८) | (३,०८७,८४२.२२) |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **११३,८४५,०७१.५१** | **१९८,४३६,२६८.१६** |
| लगानी कारोवारमा नगद प्रवाह | | |
| स्थिर सम्पत्तिको खरिद | (४१९,३०१.८९) | (१,५७८,८११.५५) |
| स्थिर सम्पत्तिको विक्रिबाट प्राप्ति | - | |
| लगानी उपकरण खरिद | - | |
| अमूर्त सम्पत्तिको खरिद | - | (८२,४९०.००) |
| लाभांश प्राप्ति तथा अन्य लगानी आम्दानी | ८६९,२२९.०२ | १,०१३,४३५.६३ |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **४४९,९२७.१३** | **(६४७,८६५.९२)** |
| वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह | | |
| शेयर निष्काशनबाट प्राप्त | (८९,०००.००) | २,७३४,४००.०० |
| लाभांश भुक्तानी | (१२,९३५,५२६.३०) | (१६,३२७,३८९.४४) |
| संरक्षित पूँजी फिर्ता कोष भुक्तानी | (४,९४६,८८९.०४) | (६,५५८,२२५.४०) |
| अन्य प्राप्ती/भुक्तानी | (२,०६४,५४८.१६) | (१,५०३,०८६.०६) |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **(२०,०३५,९६३.५०)** | **(२१,६५४,३००.९०)** |
| **नगद तथा नगद समानमा भएको खुद (घट) र बढ** | **९४,२५९,०३५.१४** | **१७६,१३४,१०१.३४** |
| नगद तथा नगद समानको श्रावण १ मा रहेको मौज्दात | ३३५,९०१,९६२.०८ | १५९,७६७,८६०.७४ |
| नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/(खर्च) | - | - |
| **नगद तथा नगद समानको आषाढ अन्त्यमा रहेको मौज्दात** | **४३०,१६०,९९७.२२** | **३३५,९०१,९६२.०८** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. सयोजक

सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नबिन भक्त वादे
अध्यक्ष

स्थान: बनेपा
मिति: २०८२/०५/१४

# चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०८, करुणामार्ग , काभ्रे

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण
## २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | अन्य नियमनकारी कोषहरु | अन्य कोषहरु | NFRS समायोजन कोष | कुल इक्विटी |
|---|---|---|---|---|---|---|
| श्रावण १ २०८० सालको मौज्दात | १११,५६६,१००.०० | १३०,६३१,१०५.३० | ३२,१८६,२३३.३२ | १,४३०,९४९.५२ | २,९०२,९४१.६० | २७८,७१७,३२९.७५ |
| समायोजन/पुनः स्थापना | | - | - | - | | - |
| श्रावण १ २०८० सालको समायोजित/पुनः स्थापना मौज्दात | १११,५६६,१००.०० | १३०,६३१,१०५.३० | ३२,१८६,२३३.३२ | १,४३०,९४९.५२ | २,९०२,९४१.६० | २७८,७१७,३२९.७५ |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | |
| आर्थिक वर्षको कुल विस्तृत आम्दानी | - | - | - | - | ३२,२२७,१२२.१५ | ३२,२२७,१२२.१५ |
| यस वर्ष कोषमा सारिएको | | | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | | ८,०८०,३९८.०५ | २४,२४१,१९४.१४ | - | (३२,३२१,५९२.१९) | - |
| यस वर्षको अन्य कोषबाट साधारण जगेडा कोषमा सारिएको | - | २,३७१,१३५.१४ | (४,५६१,३४८.३०) | २,१९०,२१३.१६ | - | - |
| कोषबाट गरीएका (खर्च/प्राप्तिहरु) | - | - | (१,८८३,६६४.५८) | २,००३,५०७.१९ | - | ११९,८४२.६१ |
| इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्ता संगको कारोबार | | | | | | - |
| शेयर निष्काशन खुद | २,७३४,४००.०० | - | - | - | - | २,७३४,४००.०० |
| सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता कोष भुक्तानी | - | - | (६,५५८,२२५.३८) | - | - | (६,५५८,२२५.३८) |
| सदस्यहरूलाई नगद लाभांश भुक्तानी | - | - | (१६,३२७,३८९.४५) | - | - | (१६,३२७,३८९.४५) |
| अन्य | - | ९६,०००.०० | - | - | - | ९६,०००.०० |
| आषाढ ३१, २०८१ सम्मको मौज्दात | ११४,३००,५००.०० | १४१,१७८,६३८.४९ | २७,०९६,७९९.७६ | ५,६२४,६६९.८७ | २,८०८,४७१.५६ | २९१,००९,०७९.६८ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रंजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त बादे
अध्यक्ष

सि.ए. सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

स्थानः बनेपा
मितिः २०८२/०५/१४

# चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बनेपा-०८, करुणामार्ग , काभ्रे

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | अन्य नियमनकारी कोषहरु | अन्य कोषहरु | NFRS समायोजन कोष | कुल इक्विटी |
|---|---|---|---|---|---|---|
| श्रावण १, २०८१ सम्मको मौज्दात | ११४,३००,५००.०० | १४१,१७८,६३८.४९ | २७,०९६,७९९.७६ | ५,६२४,६६९.८७ | २,८०८,४७१.५६ | २९१,००९,०७९.६८ |
| समायोजन/पुनः स्थापना | - | - | - | - | - | - |
| श्रावण १ २०८१ सालको समायोजित/पुनः स्थापना मौज्दात | ११४,३००,५००.०० | १४१,१७८,६३८.४९ | २७,०९६,७९९.७६ | ५,६२४,६६९.८७ | २,८०८,४७१.५६ | २९१,००९,०७९.६८ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | |
| आर्थिक वर्षको कुल विस्तृत आम्दानी | - | - | - | - | २७,७८८,७३३.४९ | २७,७८८,७३३.४९ |
| यस वर्ष कोषमा सारिएको | | | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | - | ७,१६६,३८२.५३ | २१,४९९,१४७.५९ | - | (२८,६६५,५३०.१२) | - |
| यस वर्षको अन्य कोषबाट साधारण जगेडा कोषमा सारिएको | - | ३,७०१,४७८.६४ | (५,२०८,९३०.९६) | ३,६०७,२३०.६३ | | २,०९९,७७८.३१ |
| कोषबाट गरीएका (खर्च/प्राप्तिहरु) | - | - | (१,७३९,५४४.११) | (१५८,३३७.४०) | - | (१,८९७,८८१.५१) |
| इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्ता संगको कारोबार | | | | | | |
| शेयर निष्काशन खुद | (८९,०००.००) | - | - | - | - | (८९,०००.००) |
| सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता कोष भुक्तानी | - | - | (४,९४६,८८९.०४) | - | - | (४,९४६,८८९.०४) |
| सदस्यहरूलाई नगद लाभांश भुक्तानी | - | - | (१२,९३५,५२६.३०) | - | - | (१२,९३५,५२६.३०) |
| अन्य | - | - | - | - | - | - |
| आषाढ ३२ २०८२ सालको मौज्दात | ११४,२११,५००.०० | १५२,०४६,४९९.६६ | २३,७६५,०५६.९४ | ९,०७३,५६३.११ | १,९३१,६७४.९३ | ३०१,०२८,२९४.६४ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रविन्द्र भक्त पोटे | गणेश कुमार रंजित | राम प्रसाद श्रेष्ठ | बुद्ध रत्न मानन्धर | रमेश काजी श्रेष्ठ | नविन भक्त बादे | सुनिल श्रेष्ठ |
| कार्यालय प्रमुख | कोषाध्यक्ष | लेखा सु.स. संयोजक | सचिव | उपाध्यक्ष | अध्यक्ष | श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् |
| | | | | | | चार्टर्ड एकाउन्टेन्टस् |

स्थान: बनेपा

मिति: २०८२/०५/१४

चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
बनेपा-०८, करुणामार्ग , काभ्रे

अन्य नियमनकारी कोषहरुमा भएको परिवर्तन सम्बन्धि विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | संरक्षित पूँजी फिर्ता कोष | सहकारी प्रर्वद्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | घाटापूर्ति कोष | स्थिरीकरण कोष | अन्य जोखिम व्यवस्थापन कोष | कुल अन्य नियमनकारी कोष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १ २०८० सालको मौज्दात** | ८,०४६,५५८.३३ | १६०,९३१.१७ | १६,७८५,१२०.६८ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | ३२,१८६,२३३.३२ |
| समायोजन/पुन: स्थापना | - | - | - | - | - | - | - | - | - | - |
| **श्रावण १ २०८० सालको समायोजित/पुन: स्थापना मौज्दात** | ८,०४६,५५८.३३ | १६०,९३१.१७ | १६,७८५,१२०.६८ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | १,१९८,९३७.१९ | ३२,१८६,२३३.३२ |
| यस वर्ष कोषमा प्राप्ति | | | | | | | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | ६,०६०,२९८.५४ | १२१,२०५.९७ | १२,६४१,७८२.७५ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | २४,२४१,१९४.१४ |
| अन्य प्राप्ति | - | - | - | - | - | - | - | - | - | - |
| यस वर्ष कोषबाट गरीएका खर्चहरु | | | | | | | | | | |
| सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता भुक्तानी | (६,५५८,२२५.३८) | - | - | - | - | - | - | - | - | (६,५५८,२२५.३८) |
| सदस्यहरूलाई नगद लाभांश भुक्तानी | - | - | (१६,३२७,३८९.४५) | - | - | - | - | - | - | (१६,३२७,३८९.४५) |
| कोषबाट गरीएका खर्चहरु | - | (१६०,९३१.१७) | - | (३१६,१३५.००) | (८५७,३८०.००) | (५४९,२१८.४१) | - | - | - | (१,८८३,६६४.५८) |
| जगेडा कोष तथा अन्य कोषहरुमा सारिएको | (१,४८८,३३२.९५) | - | - | (८८२,८०२.१९) | (३४१,५५७.१९) | (६४९,७१८.७८) | - | - | (१,१९८,९३७.१९) | (४,५६१,३४८.३०) |
| **आषाढ ३१, २०८१ सम्मको मौज्दात** | ६,०६०,२९८.५४ | १२१,२०५.९७ | १३,०९९,५१३.९८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | २,१०१,९२१.६७ | २,१०१,९२१.६७ | ९०२,९८४.४९ | २७,०९६,७९९.७६ |
| **श्रावण १, २०८१ सम्मको मौज्दात** | ६,०६०,२९८.५४ | १२१,२०५.९७ | १३,०९९,५१३.९८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | २,१०१,९२१.६७ | २,१०१,९२१.६७ | ९०२,९८४.४९ | २७,०९६,७९९.७६ |
| समायोजन/पुन: स्थापना | - | - | - | - | - | - | - | - | - | - |
| **श्रावण १ २०८१ सालको समायोजित/पुन: स्थापना मौज्दात** | ६,०६०,२९८.५४ | १२१,२०५.९७ | १३,०९९,५१३.९८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | ९०२,९८४.४८ | २,१०१,९२१.६७ | २,१०१,९२१.६७ | ९०२,९८४.४९ | २७,०९६,७९९.७६ |
| यस वर्ष कोषमा प्राप्ति | | | | | | | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | ५,३७४,७८६.९० | १०७,४९५.७४ | ११,२११,८०५.४७ | ८००,८४३.२५ | ८००,८४३.२५ | ८००,८४३.२५ | ८००,८४३.२५ | ८००,८४३.२५ | ८००,८४३.२५ | २१,४९९,१४७.५९ |
| अन्य प्राप्ति | - | - | - | - | - | - | - | - | - | - |
| यस वर्ष कोषबाट गरीएका खर्चहरु | | | | | | | | | | |
| सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता भुक्तानी | (४,९४६,८८९.०४) | - | - | - | - | - | - | - | - | (४,९४६,८८९.०४) |
| सदस्यहरूलाई नगद लाभांश भुक्तानी | - | - | (१२,९३५,५२६.३०) | - | - | - | - | - | - | (१२,९३५,५२६.३०) |
| कोषबाट गरीएका खर्चहरु | - | (१२१,२०५.९७) | - | (१०१,५४८.७६) | (५९५,४१८.०३) | (६०६,०८३.१०) | - | (३१५,२८८.२५) | - | (१,७३९,५४४.११) |
| जगेडा कोष तथा अन्य कोषहरुमा सारिएको | (१,११३,४०९.५०) | - | - | (८०१,४३५.७२) | (३०७,५६६.४५) | (२९६,९०१.३८) | - | (१,७८६,६३३.४२) | (९०२,९८४.४९) | (५,२०८,९३०.९६) |
| **आषाढ ३२ २०८२ सालको मौज्दात** | ५,३७४,७८६.९० | १०७,४९५.७४ | ११,३७५,७९३.१४ | ८००,८४३.२५ | ८००,८४३.२५ | ८००,८४३.२५ | २,९०२,७६४.९२ | ८००,८४३.२५ | ८००,८४३.२५ | २३,७६५,०५६.९४ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| रविन्द्र भक्त पोटे | गणेश कुमार रंजित | राम प्रसाद श्रेष्ठ | बुद्ध रत्न मानन्धर | रमेश काजी श्रेष्ठ | नविन भक्त बादे | सि.ए. सुनिल श्रेष्ठ |
|---|---|---|---|---|---|---|
| कार्यालय प्रमुख | कोषाध्यक्ष | लेखा सु.स. संयोजक | सचिव | उपाध्यक्ष | अध्यक्ष | श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् |
| | | | | | | चार्टर्ड एकाउन्टेन्टस् |

स्थान: बनेपा
मिति: २०८२/०५/१४

## चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०८, करुणामार्ग , काभ्रे

### अन्य कोषहरुमा भएको परिवर्तन सम्बन्धि विवरण
### २०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

*रकम ने.रु.मा*

| विवरण | कर्मचारी कल्याण कोष | सदस्य हित तथा राहत कोष | ज्योति स्मृति कोष | कुल अन्य कोष |
|---|---|---|---|---|
| श्रावण १ २०८० सालको मौज्दात | - | १,२१९,०२९.६२ | २११,९१९.९० | १,४३०,९४९.५२ |
| समायोजन/पुनः स्थापना | - | - | - | - |
| श्रावण १ २०८० सालको समायोजित/पुनः स्थापना मौज्दात | - | १,२१९,०२९.६२ | २११,९१९.९० | १,४३०,९४९.५२ |
| यस वर्ष कोषमा प्राप्ति | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | - | - | - | - |
| अन्य प्राप्ति | | | | - |
| कोषबाट गरीएका खर्चहरु | १,७१८,९२८.६७ | २५४,६८४.८१ | २९,८९३.७१ | २,००३,५०७.१९ |
| जगेडा कोष तथा अन्य कोषहरुमा सारिएको | - | २,१९०,२१३.१६ | - | २,१९०,२१३.१६ |
| **आषाढ ३१, २०८१ सम्मको मौज्दात** | **१,७१८,९२८.६७** | **३,६६३,९२७.५९** | **२४१,८१३.६१** | **५,६२४,६६९.८७** |
| श्रावण १, २०८१ सम्मको मौज्दात | १,७१८,९२८.६७ | ३,६६३,९२७.५९ | २४१,८१३.६१ | ५,६२४,६६९.८७ |
| समायोजन/पुनः स्थापना | - | - | - | - |
| श्रावण १ २०८१ सालको समायोजित/पुनः स्थापना मौज्दात | १,७१८,९२८.६७ | ३,६६३,९२७.५९ | २४१,८१३.६१ | ५,६२४,६६९.८७ |
| यस वर्ष कोषमा प्राप्ति | | | | |
| यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको | - | - | - | - |
| अन्य प्राप्ति | २,०९९,७७८.३१ | - | - | २,०९९,७७८.३१ |
| कोषबाट गरीएका खर्चहरु | - | (६८,३३७.४०) | (९०,०००.००) | (१५८,३३७.४०) |
| जगेडा कोष तथा अन्य कोषहरुमा सारिएको | - | १,४१७,१५३.८७ | ९०,२९८.४५ | १,५०७,४५२.३२ |
| **आषाढ ३२ २०८२ सालको मौज्दात** | **३,८१८,७०६.९८** | **५,०१२,७४४.०६** | **२४२,११२.०६** | **९,०७३,५६३.११** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सि.ए.सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त बादे
अध्यक्ष

स्थानः बनेपा
मितिः २०८२/०५/१४

# चन्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# बनेपा-०८, काभ्रेपलान्चोक

## वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरु
## २०८२ साल आषाढ मसान्तको

**१. सामान्य जानकारी**

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, जसलाई यसपछि "संस्था" भनिएको छ, सदस्य केन्द्रित र समुदायमा आधारित सहकारी संस्था हो । यस संस्था सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भएको हो । संस्था डिभिजन सहकारी कार्यालय काभ्रेपलान्चोकमा (दर्ता नं. ०७१/०५०/५१, मितिः २०५०/०७/०२) दर्ता भएको छ । संस्थाको स्थायी लेखा नम्बर (PAN) ३०३१२२१५१ रहेको छ ।

संस्था विगत तीन दशकदेखि समुदायमा आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुऱ्याउने उद्देश्यमा सहभागी भई आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ । संस्थाले विश्व ऋण परिषद् (WOCCU) ले सन् १९८४ मा प्रतिपादित गरेको क्रेडिट युनियनका सिद्धान्तहरू पालन गर्दछ । हाल, संस्थाले काभ्रे जिल्ला, बनेपा-०८ स्थित प्रधान कार्यालय र बनेपा-०४, नालामा अवस्थित सेवा केन्द्रबाट सदस्यहरुलाई सेवाहरू प्रदान गर्दै आएको छ।

**२. वित्तीय लेखाङ्कनका आधारहरु**

**२.१ अनुपालन सम्बन्धी उद्घोषण**

यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal -ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

विगत आर्थिक वर्षहरुको विवरणहरुलाई यस आर्थिक वर्ष २०८१-०८२ को तुलनात्मक रूपमा एकरुपता ल्याउन आवश्यक भए अनुसार पुनःवर्गीकरण तथा पुनःलेखाङ्कन गरिएका छन् ।

**२.१.१ नेपाल वित्तीय प्रतिवेदनमान अनुपालन सम्बन्धमा जारी वैकल्पिक व्यवस्था :**

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२को बार्षिक प्रतिवेदन तयार गर्दा बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुलाई निम्न उल्लेखित वैकल्पिक व्यवस्थाहरु (Carve-Out Alternatives) अपनाउन सकिने गरी गरिएको व्यवस्था बमोजिम संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनका लागि सो वैकल्पिक व्यवस्थाहरु अपनाई वित्तीय विवरण तयार गरिएको छ,

क) NFRS-9 वित्तीय उपकरण -पहिचान तथा मापन (प्रभावकारी ब्याजदर विधि -Effective Interest Rate सम्बन्धी)

NFRS-9 को Para 5.4 व्यवस्था बमोजिम वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क तथा अन्य शुल्कहरुलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्वन गर्न सकिने छ । सो वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी बखत प्राप्त हुने सेवा शुल्क तथा अन्य शुल्कहरुलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा अन्य शुल्क आम्दानीहरु पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । संस्थाद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ ।

**ख) NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो वैकल्पिक व्यवस्था अनुसार संस्थाले नियामक निकायद्वारा तोकिएको प्रावधान बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम गरिएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

उपरोक्त व्यवस्था बमोजिम संस्थाद्वारा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी सम्बन्धित प्रावधान बमोजिम हुन आउने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्न सकिने छ। संस्थाद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ।

**२.२ समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन**

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू १४ भाद्र २०८२ मा बसिएको सञ्चालक समितिको बैठकबाट आगामीं वार्षिक साधारण सभामा सदस्यहरूबाट अनुमोदनको लागि स्वीकृत गरिएको छ।

**२.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

यस वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (ने.रु.) मा तयार पारिएको छ। संस्थाले नेपाली मुद्रामा मात्र कारोवार गर्न नियामकीय व्यवस्था रहेको छ। सबै अङ्कलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैयाँमा उल्लेख गरिएको छ।

**२.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ। यी अनुमानहरु उपलब्ध जानकारी र संस्थाको व्यवस्थापनका स्वविवेकमा आधारित छन्। यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृतिसमेत खुलाइएको छ।

वास्तविक परिमाणहरु मूल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन्।

संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको Fair Value अनुमान गर्न विभिन्न मूल्याङ्कन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ। संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ। लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागु हुने गरी लेखाङ्कन गरिन्छ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ। त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ।

**२.५ लेखा नीतिमा परिवर्तन**

वित्तीय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

२.६ डिस्काउन्टिङ (Discounting)

सम्पत्ति र दायित्व गैर चालु (Non-Current) भएको र Discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा NFRS बमोजिम Discounting प्रयोग गरिएको छ।

३. महत्वपूर्ण लेखा नीतिहरू

**३.१ मापनको आधार**

संस्थाको वित्तीय विवरण देहायका अवस्थामा बाहेक ऐतिहासिक लागतको (Historical Cost Convention) आधारमा तयार गरिएको छ।

| विवरण | मापनको आधार |
|---|---|
| अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्व | वर्षको अन्त्यमा सञ्चित रहेको बिदा शेषको आधारमा व्यवस्थापनको अनुमान बमोजिम |
| कर्मचारीहरूलाई ऋण तथा सापट | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |
| धितोपत्रहरूमा लगानी | उचित मूल्य |

**३.२ व्यवसाय प्राप्ति र साख**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ: उक्त Acquisition Method को लागि:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ।

- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

**३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**क) पहिचान र लेखाङ्कन**

संस्थाले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरुको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ । संस्थाको उपकरणहरुको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संस्थाले सदस्यहरुलाई प्रवाह गरेको कर्जा, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी, सदस्यहरुको निक्षेप र सहायक दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनी लेखाङ्कन गरेको छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति**

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत Amortized Cost वा **Fair Value** मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन्:

**अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति** (Amortized Cost)

संस्थाले देहायका दुवै सर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको सावाँ वा ब्याज रकमको मात्र भुक्तानी हो ।

अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ । Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ:

- नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट **Fair Value** मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । त्यस्ता, सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा देखिएका परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिएको छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत** Fair Value **मा मापन गरिने वित्तीय सम्पत्ति** (FVTOCI)

व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संस्थाले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको **Fair Value** मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत **Fair Value** मा मापन गरिएको छ । त्यस्ता सम्पत्तिहरुलाई पछि **Fair Value** मा मापन गरिएको छ र **Fair Value** मा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

**आ) वित्तीय दायित्व**

संस्थाले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ ।

- नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय दायित्वहरु (FVTPL)

वित्तीय दायित्वहरु व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई **Fair Value** मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । तोकिएको विशेष दायित्व बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

- परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु (Amortized Cost)

नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी ब्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

**ग) मापन**

अ) प्रारम्भिक मापन

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको Fair Value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

आ) पछिको मापन

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ । परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्वपछि प्रभावकारी ब्याजदर विधि (Effective Interest Rate) प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ । वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा सावाँको पुर्ण भुक्तानीलाई घटाई, प्रभावकारी ब्याज विधिद्वारा मापन गरिएको सञ्चित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असङ्कलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मूल्यमा मापन वित्तीय सम्पत्ति वा दायित्व भनिन्छ । विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी र सोमा लाग्ने प्रशासनिक शुल्कहरुको प्रभावकारी ब्याज दर विधिलाई कार्यान्वयन गरिएको छैन । Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ । वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिएको छ ।

**घ) अपलेखाङ्कन**

**वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको वा संस्थाले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्थाको आधारमा संस्थाले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ । हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संस्थाद्वारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सोलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

**वित्तीय दायित्व अपलेखाङ्कन**

वित्तीय दायित्वहरुको भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखाङ्कन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

(ङ) उचित मूल्यको (Fair Value) निर्धारण

मापन गरिएको मितिमा बजारमा सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ । दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अन्तर्निहित गैर कार्यगत जोखिम प्रतिबिम्बित गर्ने गर्दछ ।

निम्न तह अनुसार Fair Value निर्धारण गरिन्छः

*तह १* : Fair Value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

*तह २* : Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

*तह ३* : पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तीमा एक आगत, जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आँकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संस्थाले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध हुन्छ र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ ।

यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, संस्थाले मूल्याङ्कन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ भने) बीचको Arm's length कारोबार समावेश हुन्छ ।
प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आँकडा समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखाङ्कन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।
सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखाङ्कन गरिएको छ, वासलातको मितिसम्म संस्थापक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखाङ्कन गरिएको छ ।

च) हानी (Impairment)

**आ.व. २०८०-८१ सम्म लागु हुने लेखा नीतिहरू**

संस्थाले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।
क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको सङ्ख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्नानुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**आर्थिक वर्ष २०८१-८२ देखि लागु हुने लेखा नीतिहरु**

**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण -NFRS ९ अनुसार Expected Credit Loss को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment)को लागि 'तीन-चरण' (Three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छ :

- प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणलाई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र संस्थाद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ ।
- प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि ('SICR') भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन । संस्थाले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि 'चरण ३ (Stage 3)' मा सारिएको छ । संस्थाले क्रेडिट-क्षतिग्रस्त (impaired) र default लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- 'चरण १ (Stage 1)' मा रहेका वित्तीय उपकरणहरूको ECL लाई आगामी १२ महिना भित्रमा हुने default का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ । चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको ECL लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ ।
- NFRS ९ अनुसार परिलक्षित जानकारीलाई विचार गर्ने ECL को एउटा व्यापक अवधारणा हो ।
- खरिद गरिएको वा सृजित गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट- क्षतिग्रस्त हुन्छन् । तिनीहरूको ECL सधैं जीवनभरको आधारमा मापन गरिन्छ ।

सामूहिक आधारमा ECL मापन गर्दा संस्थाले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ ।

**ऋण जोखिममा उल्लेखनीय वृद्धि Significant Increase in Credit Risk (SICR)**

निम्न मध्ये कुनै पनि संकेत स्पष्ट हुँदा संस्थाले वित्तीय सम्पत्तिलाई ऋण जोखिममा उल्लेखनीय वृद्धि भएको मान्दछ ।

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ३० दिन भन्दा बढी नाघेको

Shrestha Sunil & Associates Chartered Accountants Kathmandu

- पुनर्संरचना/पुनःतालिकीकरणको लागि सदस्यबाट आवेदन ।
- ऋणीले वित्तीय कठिनाइहरूको सामना गरिरहेको छ भन्ने संकेत गर्ने अन्य कुनै सूचक ।

**Default र क्रेडिट- क्षतिग्रस्त**

संस्थाले वित्तीय साधनलाई default को रूपमा परिभाषित गर्दछ, जुन क्रेडिट- क्षतिग्रस्त को परिभाषासँग पूर्ण रूपमा मिल्दोजुल्दो हुन्छ, जब यसले निम्न मध्ये एक वा बढी अवस्था कायम हुन्छ :

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ९० दिन भन्दा बढी नाघेको
- ऋणीको मृत्यु भएमा
- ऋणी टाट पल्टिएमा
- ऋणीलाई कर्जा सूचना केन्द्र (CIB) द्वारा कालो सूचीमा राखिएमा

**ECL मापन - इनपुट, स्वविवेक र अनुमान प्रविधिहरूको व्याख्या**

प्रारम्भिक लेखाङ्कन पश्चात क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि भएको वा कुनै सम्पत्ति क्रेडिट- क्षतिग्रस्त भएको आधारमा अपेक्षित क्रेडिट घाटा (ECL) १२-महिना वा जीवनकालको आधारमा मापन गरिन्छ । अपेक्षित क्रेडिट घाटा डिफल्ट हुने सम्भावना (Probability of Default (PD), डिफल्टको समयमा एक्सपोजर -Exposure at Default (EAD), डिफल्ट भएपछिको हानि -Loss Given Default (LGD) को discounted उत्पादन हो, जसलाई निम्न रूपमा परिभाषित गरिएको छ :

डिफल्ट हुने सम्भावना -Probability of Default

- PD -Probability of Default भन्नाले ऋणीले आफ्नो वित्तीय दायित्व (उपरोक्त "डिफल्ट र क्रेडिट-ह्रासको परिभाषा" अनुसार) पुरा गर्न असफल हुने सम्भावनालाई जनाउँछ । यो सम्भावना या त अगामी १२ महिनाभित्र (१२-महिना PD) हुने जोखिम, वा आजीवन ( आजीवन PD - Lifetime PD) हुने जोखिमका रूपमा मापन गरिन्छ ।
- डिफल्टको समयमा एक्सपोजर -Exposure at Default EAD संस्थाले default को समयमा प्राप्त हुन बाँकी रकमलाई जनाउँछ ।
- डिफल्ट भएपछिको हानी Loss Given Default (LGD) ले संस्थाको default हुँदा जोखिममा घाटाको हदको अपेक्षालाई प्रतिनिधित्व गर्दछ । LGD प्रतिपक्षको प्रकार, दावीको प्रकार र वरिष्ठता र धितो वा अन्य क्रेडिट समर्थनको उपलब्धता अनुसार फरक हुन्छ । LGD default को समयमा प्रति एकाइ जोखिमको प्रतिशत घाटा (EAD) को रूपमा व्यक्त गरिन्छ । LGD १२-महिना वा जीवनभरको आधारमा गणना गरिन्छ, जहाँ १२-महिनाको LGD अर्को १२ महिनामा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो र जीवनभर LGD ऋणको बाँकी अपेक्षित जीवनभरमा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो ।

ECL प्रत्येक भावी महिनाको र प्रत्येक व्यक्तिगत एक्सपोजर वा सामूहिक खण्डको लागि PD, LGD र EAD लाई प्रक्षेपण गरेर निर्धारण गरिन्छ । यी तीन तत्वलाई एकसाथ गुणान गरिन्छ र भईरहने सम्भावना (अर्थात् एक्सपोजर पहिलेको महिनामा अग्रिम वा default भएको छैन) मानी समायोजन गरिन्छ । यसले प्रभावकारी रूपमा प्रत्येक भविष्यको महिनाको लागि ECL गणना गर्छ, जसलाई त्यसपछि रिपोर्टिङ मितिमा छुट (discounted) दिइन्छ र संक्षेप गरिन्छ । ECL गणनामा प्रयोग गरिएको छुट दर सुरुवाती प्रभावकारी ब्याज दर वा त्यसको अनुमान हो ।

**ECL मोडेलहरूमा समावेश गरिएको परिलक्षित जानकारी**

SICR को मूल्याङ्कन र ECL को गणना दुवैले परिलक्षित जानकारीलाई समावेश गर्दछ । संस्थाले ऐतिहासिक विश्लेषण गरेको छ र प्रत्येक Portfolio को लागि क्रेडिट जोखिम र अपेक्षित क्रेडिट घाटालाई असर गर्ने प्रमुख आर्थिक सूचकहरू पहिचान गरेको छ ।

यी आर्थिक सुचकहरू र PD, EAD र LGD मा तिनीहरूको सम्बन्धित प्रभाव वित्तीय उपकरण अनुसार फरक हुन्छ । यस प्रक्रियामा विशेषज्ञको निर्णय पनि लागु गरिएको छ । यी आर्थिक सूचकहरू ("आधार आर्थिक परिदृश्य") को पूर्वानुमान संस्थाले अर्थ मन्त्रालयद्वारा जारी गरिएको आर्थिक सर्वेक्षण प्रतिवेदनको आधारमा सङ्कलन गर्दछ ।

संस्थाले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुवै तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ ।

**NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

आवश्यक तथ्याङ्कहरुको अभावका कारण तथ्याङ्क मूल्याङ्कन (Data Evaluation) र तथ्याङ्कगत विश्लेषणमा (Statistical Analysis) आएको बाधाका कारण र नियामक निकायको मापदण्डको अभावका कारण संस्थाद्वारा नियामक आवश्यकता बमोजिम हुन आएको ऋण नोक्सानी व्यवस्था लेखाङ्कन गरिएको छ । व्यवस्थापन तथा सञ्चालक समितिद्वारा आँकलन गरिएको छ कि उपरोक्त विधि बमोजिम लेखाङ्कन गरिएको ऋण नोक्सानी व्यवस्था NFRS ९ बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था भन्दा अधिक रहेको छ ।

**३.४ व्यापारिक सम्पत्ति**

संस्थाले निकट भविष्यमा बिक्री गर्ने वा पुनः खरिद गर्ने उद्देश्यसहित लिएको वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि राखिएको सम्पत्ति/दायित्वलाई व्यापारिक सम्पत्ति र दायित्वहरु भनी लेखाङ्कन गरेको छ । व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रूपमा Fair Value मा लेखाङ्कन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार

खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । Fair Value मा भएको सबै परिवर्तनलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ ।

तर, संस्थासँग २०८२ आषाढ मसान्तसम्म व्यापारिक सम्पत्तिको रूपमा मान्यता दिइने त्यस्तो सम्पत्ति छैन ।

**३.५ सम्पत्ति र उपकरण**

**लेखाङ्कन र मापन**

उल्लेखित सर्तहरु पुरा हुने अवस्थाको आधारमा संस्थाले सम्पत्ति र उपकरणको लेखाङ्कन गरेको छ ।

- संस्थामा सम्पत्ति र उपकरणहरुबाट भविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन् र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छुट घटाए पछिको कुनै पनि गैरफिर्ती योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको सर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ:

स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार रहेका छन्:

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च,
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs ।

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि संस्थाले लागत मोडेल (Cost Model) अङ्गीकार गरेको छ । संस्थाले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्याङ्कन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन विधि अङ्गीकार गरेको छैन ।

सम्पत्ति र उपकरणहरु लागत मूल्यमा सञ्चित ह्रासकट्टी र Impairment Losses कट्टा गरी मापन गरेको छ । सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको रूपमा पुँजीकृत गरिएको छ । सम्भावित आर्थिक लाभहरुलाई ध्यानमा राखी प्रारम्भिक रुपमा गरिएको खर्चको पुँजीकरण गरिएको छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्च जसलाई नाफा नोक्सानमा लेखाङ्कन गरिएको छ । सम्पत्ति र उपकरणहरुको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानलाई (वस्तु नष्ट गर्दाको कुल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/व्यय अन्तर्गत लेखाङ्कन गरिएको छ ।

**ह्रासकट्टी व्यवस्था**

संस्थाले आ.व.२०८१/०८२ बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा यस अघि लागु गर्दै आएका घट्दो मौज्दात ह्रासकट्टी विधि (Written Down Value Method) लाई निरन्तरता दिएको छ । संस्थाले आयकर ऐन, २०५८ द्वारा तोकिएको मूल्यह्रास दरहरू लागु गरी लिखित मूल्यविधि अपनाएर सम्पत्ति र उपकरणको ह्रास गर्छ । सम्पत्ति र उपकरणका महत्वपूर्ण वस्तुहरुको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू निम्नानुसार रहेका छन्:

| समूह | मूल्यह्रास दर |
|---|---|
| भ्वन | ५% |
| कार्यालय उपकरण, फर्निचर र कम्प्यूटर | २५% |
| सवारी साधन | २०% |
| अन्य सम्पत्ति | १५% |

**३.६ ख्याति/अमूर्त सम्पत्ति**

**ख्याति**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको Fair Value खरिद मूल्यभन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातिको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कनपछि, ख्याति कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ । ख्यातिको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ । हालसम्म संस्थाको ख्याति अन्तर्गतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा Fair Value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको [illegible] पुँजीकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिक [illegible] आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको [illegible]

सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ। सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टी विधि (Straight Line Method) नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ। लेखाको नीतिमा परिवर्तन गर्नु पुर्वदेखि नै समदर ह्रासकट्टी विधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो। हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको उपयोगी जीवन ५ वर्ष अनुमान गरिएको छ। परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ।

३.७ लगानी सम्पत्ति

**लगानी सम्पत्ति**

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ। सामान्यतया, यसमा संस्थाले गैरबैंकिङ सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन। कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति संस्थाले लगानी सम्पत्तिको रुपमा लेखाङ्कन गरेको छ। हालसम्म संस्थाको लगानी सम्पत्ति अर्न्तगत कुनै पनि सम्पत्ति रहेको छैन।

३.८ आयकर

कर व्ययले चालु र स्थगन कर खर्चलाई समावेश गरिन्छ। प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म चालु कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

क) चालु कर

चालु कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्नयोग्य वा पूर्णप्राप्ति योग्य कर रहेको छ।

आय कर गणना गर्नका निमित्त व्याज आम्दानीलाई नगद प्राप्तिकै आधारमा गणना गरिएको छ।

ख) स्थगन कर

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीचको अस्थायी भिन्नताको आधारमा लेखाङ्कन गरिएको छ। स्थगन आयकर संस्थामा लागु हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति सकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागु हुने अपेक्षा गरिएको हुन्छ।

यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागु हुने परिवर्तित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ।

३.९ निक्षेप

**निक्षेप**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ। कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ।

३.१० व्यवस्थाहरु, अन्य दायित्वहरू र सम्भावित दायित्वहरु

**व्यवस्थाहरु**

विगतको घटनाको परिणामस्वरूप संस्थाको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई संस्थाले व्यवस्थाको रुपमा लेखाङ्कन गरिएको छ। विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ। सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम भएको अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिदैन। जब एउटा सम्झौताबाट संस्थाले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तब अत्याधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिएको हुन्छ। व्यवस्थाहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ। दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बहिर्गमन आवश्यक पर्ने दीर्घकालीन सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ। रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन।

यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ। तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

**सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 -Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु:

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको लेखाङ्कन**

आय भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ । संस्थामा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखाङ्कन गरिदै आइएको छ । आयहरुको प्राप्तिको सम्भावना छैन भन्ने अनुमान भएमा तिनलाई आय अवधिमा लेखाङ्कन गरिदैन । संस्थाको आयमा ब्याज आम्दानी, शुल्क र कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन्:

**क) ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रीको लागि राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु, नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको वैकल्पिक व्यवस्थाद्वारा पनि अनुमति दिइएको छ ।

नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :

- क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको ब्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरी मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ तथा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघमा गरिएको शेयर लगानीहरु समावेश छन् ।
- संस्थाले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।
- उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।
- सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।
- हालसम्म सकिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाँधिएको छ ।

राष्ट्रिय सहाकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम संस्थाद्वारा २०८२ श्रावन १ गते देखि श्रावन १५ गते सम्मको कर्जा लगानीमा प्राप्त ब्याज रु.४४१,०३०.२७ लाई चालु आर्थिक वर्षमा नै ब्याज आम्दानी अन्तर्गत समावेश गरेको छ ।

**ख) शुल्क र कमिसन आम्दानी**

शुल्क र कमिसनहरु पाकेको आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

**ग) लाभांश आम्दानी**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनी/संघ/सहकारी बैंकले घोषणा गरेको नगद लाभांशलाई स्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

**घ) खुद व्यापार आम्दानी**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । चालु तथा तुलनात्मक वर्षहरुमा संस्थाले कुनै पनि खुद व्यापारिक आम्दानी आर्जन गरेको छैन ।

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

**ङ) अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

**च) गैर सञ्चालन आम्दानी**

संस्थाद्वारा स्वीकृत विनियममा व्यवस्था भए बमोजिम कर्मचारी बोनस कोषबाट कर्मचारीहरु बोनस रकम भुक्तान गरे पश्चात जगेडा रकमलाई आम्दानीमा गणना गर्ने प्रावधान रहेको छ ।

यसरी लेखाङ्कन गरिएको आम्दानीलाई संस्थाले गैर सञ्चालन आम्दानीको रुपमा प्रस्तुत गरेको छ ।

**३.१२ ब्याज खर्च**

निक्षेप र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सुविधाहरुमा ब्याज खर्च शीर्षक अन्तर्गत नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । सबै व्यापार दायित्वमा ब्याज व्यय वित्तीय संस्थाको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको Fair Value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ । सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

**३.१३ कर्मचारी खर्च**

**अल्पकालीन कर्मचारी खर्चहहरु**

तलब, भत्ता र बिदा बापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**रोजगार पछिको सुविधा**

**परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ ।

परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ । संस्थाका सबै कर्मचारीले समाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन् ।

त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन् । संस्थाले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ ।

**परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन् । त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । विगत सेवा लागतहरु र योजना सम्पत्तिहरुको Fair Value दायित्वमा घटाइन्छ । संस्थाले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्दछ ।

**कर्मचारी सहुलियत कर्जा सुविधा अन्तर्गत खर्च**

संस्थाद्वारा कर्मचारीहरुलाई प्रदान गरिएको सहुलियत कर्जा सुविधा NFRS अन्तर्गत Fair Value मापन गरी वित्तीय खर्च लेखाङ्कन गरिएको छ ।

**कर्मचारी बिदा बापतको खर्च**

संस्थाको स्वीकृत नीति बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी आउने बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा बापतको खर्चमा समावेश गरिन्छ ।

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

बिदा बापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

सञ्चित हुने र सञ्चित नहुने ।

संस्थाले बिदा बापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ:

सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा, सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा । संस्थाको नीति बमोजिम बिरामी बिदा ९० दिन सम्म र घर बिदा ४५ दिन सम्म सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको बिदामध्ये उपयोग नभई बाँकी रहेको बिदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो बापतको खर्च व्यवस्था गरिन्छ ।

बिदा बापतको दायित्वको गणना गर्दा संस्थाले Actuarial Valuation गरेको छैन ।

### ३.१४ पट्टा

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ । करार लागु हुने मितिमा संस्थाले पट्टा सम्पत्ति (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिङ गरिन्छ ।

नाफा वा नोक्सानको विवरणमा गत वर्ष सञ्चालन पट्टा खर्चलाई अन्य सञ्चालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस वर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ । पट्टा दायित्वको मूल्याङ्कन गर्न वृद्धिशील ऋण दरको निमित्त १० प्रतिशतको दर लिइएको छ ।

पट्टा दायित्वको मापनमा समावेश गरिएको पट्टा भुक्तानीहरू समावेश छन् :

- निश्चित पट्टा भुक्तानीहरू (कागजातमा निश्चित भुक्तानीहरू सहित), प्राप्त गर्न सकिने कुनै पनि पट्टा प्रोत्साहनहरू बाहेक;
- सुरुवात मितिमा सूचकाङ्क वा दर प्रयोग गरेर मापन गरिएको, सूचकाङ्क वा दरमा निर्भर परिवर्तनशील पट्टा भुक्तानीहरू,
- अवशिष्ट (Residual) मूल्य ग्यारेन्टी अन्तर्गत पट्टा लिने व्यक्तिले भुक्तानी गर्नुपर्ने अपेक्षा गरिएको रकम,
- यदि भाडामा लिने व्यक्तिले विकल्प प्रयोग गर्ने कुरा वास्तविक रूपमा निश्चित छ भने, खरिद विकल्पहरूको मूल्य र
- यदि पट्टा अवधिले पट्टा समाप्त गर्ने विकल्पको अभ्यासलाई प्रतिबिम्बित गर्दछ भने, पट्टा समाप्त गरेबापत जरिवानाको भुक्तानी ।

पछि पट्टा दायित्वमा ब्याज प्रतिबिम्बित गर्ने रकम बढाएर (प्रभावकारी ब्याज विधि प्रयोग गरेर) र पट्टा भुक्तानी प्रतिबिम्बित गर्ने रकम घटाएर पट्टा दायित्व मापन गरिन्छ ।

संस्थाले पट्टा दायित्वको पुनः मापन गर्छ (र सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित समायोजन गर्छ) जब:

- भाडा अवधि परिवर्तन भएको छ वा खरिद विकल्पको अभ्यासको मूल्याङ्कनमा परिवर्तन भएको कुनै महत्वपूर्ण घटना वा परिस्थितिमा परिवर्तन भएको छ, यस्तो अवस्थामा संशोधित छुट दर प्रयोग गरेर संशोधित भाडा भुक्तानीहरूमा छुट दिएर भाडा दायित्व पुनः मापन गरिन्छ ।
- सूचकाङ्क वा दरमा परिवर्तन वा ग्यारेन्टी गरिएको अवशिष्ट मूल्य अन्तर्गत अपेक्षित भुक्तानीमा परिवर्तनको कारणले गर्दा पट्टा भुक्तानीहरू परिवर्तन हुन्छन्, जसमा अपरिवर्तित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर पट्टा दायित्व पुनः मापन गरिन्छ (तर जब पट्टा भुक्तानी परिवर्तन फ्लोटिंग ब्याज दरमा परिवर्तनको कारणले हुन्छ, जुन अवस्थामा संशोधित छुट दर प्रयोग गरिन्छ) ।
- पट्टा सम्झौता परिमार्जन गरिन्छ र पट्टा परिमार्जनलाई छुट्टै पट्टाको रूपमा गणना गरिँदैन, यस्तो अवस्थामा पट्टा दायित्व परिमार्जनको प्रभावकारी मितिमा संशोधित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर परिमार्जित पट्टाको पट्टा अवधिको आधारमा पुनः मापन गरिन्छ ।

प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित पट्टा दायित्वको प्रारम्भिक मापन, सुरु हुने दिनमा वा अगाडि गरिएको पट्टा भुक्तानी, प्राप्त कुनै पनि पट्टा प्रोत्साहन र कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरू समावेश छन् । तिनीहरूलाई पछि लागतमा सञ्चित मूल्यह्रास र क्षयीकरण नोक्सानीमा घटाई मापन गरिन्छ ।

जब संस्थाले भाडामा लिइएको सम्पत्ति भत्काउन र हटाउन, यो अवस्थित साइटलाई पुनर्स्थापित गर्न वा भाडाको सर्तहरू र नियमहरूद्वारा आवश्यक अवस्थामा अन्तर्निहित सम्पत्तिलाई पुनर्स्थापित गर्न लागतको लागि दायित्व वहन गर्दछ, NAS ३७ अन्तर्गत एक प्रावधान पहिचान गरिन्छ र मापन गरिन्छ । लागतहरू प्रयोगको अधिकार सम्पत्तिसँग सम्बन्धित हदसम्म, लागतहरू सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा समावेश गरिन्छ, जबसम्म ती लागतहरू वस्तु उत्पादन गर्न खर्च गरिएको हुँदैन ।

### ३.१५ शेयर पुँजी र कोषहरु

शेयर पुँजीलाई नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध सङ्ख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू प्रस्तुतिकरण (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument

उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोही अवधिमा इक्विटीमा पहिचान गरिन्छ ।

**कोषहरु**

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, सामुदायिक विकास तथा सदस्य हित कोष, घाटापूर्ति कोष, सहकारी प्रवर्धन कोष, NFRS समायोजन कोष र अन्य जोखिम व्यवस्थापन कोष पर्दछन् ।

**NFRS समायोजन कोष**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धित स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखाङ्कन गर्ने नीति अपनाइएको छ ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तीमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँड पछिको रकमको कम्तीमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

**अन्य नियमनकारी कोषहरु**

**संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ ।

**सहकारी प्रवर्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्धन कोषमा सार्ने नीति लिएको छ ।

**अन्य**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तीमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सामुदायिक विकास तथा सदस्य हित कोष, स्थिरीकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान व्यवस्था गरेको छ तर संस्थाले खुद मुनाफाबाट NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड पछिको रकम निम्न उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लएको छ ।

| कोष | विनियोजन (%) |
|---|---|
| शेयर लाभांश कोष | ७०% |
| घाटापूर्ति कोष | ५% |
| सदस्य शिक्षा कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास तथा सदस्य हित कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |
| **कुल** | १००% |

**अन्य कोषहरु**

संस्थाको अन्य कोष अन्तर्गत निम्न कोषहरु रहेका छन,

- कर्मचारी कल्याण कोष
- सदस्य हित तथा राहत कोष
- ज्योति स्मृति कोष

Shrestha Sunil & Associates Chartered Accountants Kathmandu

४. लेखा सम्बन्धी टिप्पणीहरु (नोट):

**४.१ नगद तथा नगद समान :**

नगद प्रवाह विवरणको प्रयोजनको लागि नगद र नगद समानमा नगद मौज्दात, बैंक तथा वित्तीय संस्थासँगको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, र खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात् तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने अत्यधिक तरल मौद्रिक सम्पत्ति समावेश छन् । नगद र नगद समानको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| नगद मौज्दात | १,८५५,६४१.५१ | ३,९०५,९१८.७६ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात (४.१.१) | २१३,३०५,३५५.७१ | २४६,९९६,०४३.३२ |
| बैंक तथा वित्तीय संस्थासँग रहेको मुद्दती निक्षेप (मूल परिपक्वता ३ महिनासम्म) (४.२) | २१५,०००,०००.०० | ८५,०००,०००.०० |
| **जम्मा** | ४३०,१६०,९९७.२२ | ३३५,९०१,९६२.०८ |

४.१.१ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात:

| विवरण | २०८२ आषाढ ३१ | २०८१ आषाढ ३१ |
|---|---|---|
| कुमारी बैंक लिमिटेड | २,३७८,७८०.९१ | ७,५०५,१८५.९३ |
| कृषि विकास बैंक लिमिटेड | १५८,७८९.८४ | ५८,४९५.५१ |
| सिद्धार्थ बैंक लिमिटेड | १,१३२,२८१.७८ | ४५२,५२९.४० |
| लक्ष्मी सनराइज बैंक लिमिटेड | ३७,१४४,४४८.७१ | ४१,१०९,१५५.४८ |
| नेपाल बैंक लिमिटेड | ९,१३८,६८९.४३ | १३,५८३,२४३.८७ |
| नेपाल इनभेस्टमेन्ट मेघा बैंक लिमिटेड | १,४१३,०५६.६२ | २,५०२,५७८.०४ |
| माछापुच्छ्रे बैंक लिमिटेड | ३,४४४,९४२.६६ | ३,८८३,०६९.१७ |
| प्रभु बैंक लिमिटेड | ३२,९३८,०९८.३१ | १८,५७५,५५८.०२ |
| ग्लोबल आई.एम.ई बैंक लिमिटेड | २३,१०१,९८७.६६ | २,६८३,३०१.८१ |
| प्राईम कमर्सियल बैंक लिमिटेड | ४,१७१,३९१.१० | २,१६९,२८६.९५ |
| हिमालयन बैंक लिमिटेड | ६,६०५,६२५.०३ | १,९२६,८२९.२६ |
| एन.एम.बि बैंक लिमिटेड | १,७१२,५८०.५० | ४,३५५,४१०.८५ |
| एभरेस्ट बैंक लिमिटेड | ६,४८६,७९५.६५ | ६,०८९,०९३.१३ |
| सिटिजन इन्टरनेश्नल बैंक लिमिटेड | ३,७८१,४२०.६२ | ४,६७२,४७०.८५ |
| सानिमा बैंक लिमिटेड | १२,३४८,३८४.७० | १२,०६०,०५०.०४ |
| गरिमा विकास बैंक लिमिटेड | ६,४७४,६१७.४५ | ५,६७३,७९८.४० |
| मुक्तिनाथ विकास बैंक लिमिटेड | ३,६६८,५०४.१७ | ६,८५६,६३०.२९ |
| लुम्बिनी विकास बैंक लिमिटेड | १,४७१,९८६.१३ | १,४५३,३१७.२६ |
| सिन्धु विकास बैंक लिमिटेड | ९,९९८.६३ | २,१६७,६६०.०९ |
| ज्योति विकास बैंक लिमिटेड | ५,०३७,८७५.१२ | ८,६८८,४६४.४८ |
| आईसि एफ सि फाईनान्स लिमिटेड | ७७९,३७३.७२ | ६,९२९,९२९.८० |
| नेपाल फाइनान्स लिमिटेड | २,३३३,१९८.४१ | १,७५९,०७९.१० |
| रिलायन्स फाइनान्स लिमिटेड | २,८८६,२९५.७७ | ६,५५७,६१२.७१ |
| गोर्खाज फाइनान्स लिमिटेड | ३०६,११०.०३ | ३,८७९,६८६.८१ |
| प्रोग्रेसिभ फाइनान्स लिमिटेड | ४,१३४,७३४.१५ | १८,६२१,००६.८० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | १०,४९५,८७४.४७ | १९,५५२,६३८.९७ |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | ४,५२२,३८०.५२ | १०,६७०,३८८.१७ |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड | ९,६४६,३४४.९६ | ९,६७८,०७१.८८ |
| काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघ लिमिटेड | ९,२५१,८७२.१० | ७,७२२,०३८.८० |
| काभ्रेपलान्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | ६,०१४,२८८.२८ | १४,८५५,३३५.०९ |
| हब सहकारी सेवा लिमिटेड | ३१४,६२८.२८ | ३०४,१२६.३६ |
| **जम्मा** | २१३,३०५,३५५.७१ | २४६,९९६,०४३.३२ |

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

४.२ बैंक तथा वित्तीय संस्थामा रहेका प्लेसमेन्ट :

बैंक तथा वित्तीय संस्थासँग प्लेसमेन्ट गरिएका आवधिक बचत वित्तीय सम्पत्तिहरू हुन । यी वित्तीय सम्पत्तिहरू व्यवसाय मोडेलभित्र आयोजित गरिन्छ जसको उद्देश्य संविदात्मक नगद प्रवाहहरू सङ्कलन गर्नु हो जुन केवल मूलधन र ब्याजको भुक्तानी हो । यी वित्तीय सम्पत्तिहरू प्रारम्भिक मापन पछि प्रभावकारी ब्याज दर विधि अप्नाई परिशोधित लागतमा मापन गरिन्छ । यसरी मापन गर्दा उत्पतित परिशोधन खर्च र हानी नोक्सानीलाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ । बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्टको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थामा रहेको आवधिक मौज्दात (४.२.१) | ३५५,०००,०००.०० | २०५,०००,०००.०० |
| घटाउने: बैंक तथा वित्तीय संस्थासँग रहेको मुद्दती निक्षेप (मूल परिपक्वता ३ महिनासम्म) | (२१५,०००,०००.००) | (८५,०००,०००.००) |
| घटाउने : हानी नोक्सानीको लागि व्यवस्था | - | - |
| **जम्मा** | **१४०,०००,०००.००** | **१२०,०००,०००.००** |

४.२.१ बैंक तथा वित्तीय संस्थामा रहेको कुल आवधिक मौज्दात :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| प्राइम कमर्सियल बैंक लिमिटेड | २५,०००,०००.०० | २५,०००,०००.०० |
| एभरेस्ट बैंक लिमिटेड | २०,०००,०००.०० | - |
| कृषि विकास बैंक लिमिटेड | १०,०००,०००.०० | - |
| माछापुच्छ्रे बैंक लिमिटेड | १०,०००,०००.०० | - |
| प्रभू बैंक लिमिटेड | ४५,०००,०००.०० | - |
| एनएमबी बैंक लिमिटेड | ३०,०००,०००.०० | - |
| सिटिजन इन्टरनेशनल बैंक लिमिटेड | २५,०००,०००.०० | - |
| ग्लोबल आई.एम.ई बैंक लिमिटेड | १०,०००,०००.०० | - |
| लक्ष्मी सनराइज बैंक लिमिटेड | ३०,०००,०००.०० | - |
| मुक्तिनाथ बिकास बैंक लिमिटेड | २०,०००,०००.०० | - |
| गोर्खाज फाइनान्स लिमिटेड | १०,०००,०००.०० | १०,०००,०००.०० |
| नेपाल फाइनान्स लिमिटेड | ३०,०००,०००.०० | ३०,०००,०००.०० |
| रिलायन्स फाइनान्स लिमिटेड | २०,०००,०००.०० | १०,०००,०००.०० |
| प्रोग्रेसिभ फाइनान्स लिमिटेड | १०,०००,०००.०० | २०,०००,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | - | २०,०००,०००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | २०,०००,०००.०० | ८०,०००,०००.०० |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड | २०,०००,०००.०० | १०,०००,०००.०० |
| काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघ लिमिटेड | २०,०००,०००.०० | - |
| **जम्मा** | **३५५,०००,०००.००** | **२०५,०००,०००.००** |

Shrestha Sunil & Associates
Chartered Accountants
Kathmandu

४.३ कर्जा लगानी :

संस्थाले सदस्यहरु र कर्मचारीहरुलाई विभिन्न शीर्षकहरुमा कर्जा तथा सापटी प्रदान गर्दै आएको छ । संस्थाले सहकारी ऐन, नियमावली, निर्देशन तथा आन्तरिक कार्यविधिको अधीनमा रही आफ्नो सदस्य र कर्मचारीहरुलाई ऋण लगानी गरेको छ ।

यी वित्तीय सम्पत्तिहरू प्रारम्भिक मापन पछि प्रभावकारी ब्याज दर विधि अपनाई परिशोधित लागतमा मापन गरिन्छ । यसरी मापन गर्दा उत्पतित परिशोधन खर्च र हानी नोक्सानीलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

कर्जा लगानी अन्तर्गत संस्थाको कुल ऋण लगानीमा असल ऋणमा उठ्नु पर्ने ब्याजलाई समावेश गरिएको छ । साथै सो कुल ऋण लगानीबाट ऋण नोक्सानी सम्बन्धीत व्यवस्था रकम घटाई खुद ऋण लगानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| सदस्यहरुलाई प्रदान गरिएको कर्जा सापटी (४.३.१) | ८९०,२१२,९२७.५२ | ९९३,४९०,६१३.९० |
| कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा सापटी (४.३.२) | ८,०८४,४५६.१२ | ९,४४१,८३८.२० |
| **जम्मा** | **८९८,२९७,३८३.६४** | **१,००२,९३२,४५२.१०** |
| आषाढ अन्त सम्म उठाउनु पर्ने कर्जा लगानीमा ब्याज | ७,८१७,१४४.१७ | ७,६९८,९४३.२९ |
| घटाउने: उठाउनु पर्ने ब्याज आम्दानीमा गणना नगरिएको | (५,६७०,८३८.६९) | (४,८९२,६९०.५०) |
| **जम्मा कर्जा लगानी** | **९००,४४३,६८९.१२** | **१,००५,७३८,७०४.८९** |
| घटाउने: हानी नोक्सानीको लागि व्यवस्था (४.३.३) | (३६,३८१,८२०.४२) | (३२,१५२,५५०.५६) |
| **परिशोधित मुल्यमा मुल्याङ्कन गरिएको कर्जा र सापटी** | **८६४,०६१,८६८.७०** | **९७३,५८६,१५४.३३** |

४.३.१ सदस्यहरुलाई प्रदान गरिएको कर्जा सापटी :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| कृषि ऋण लगानी | ४१,६९७,१२९.१३ | ३२,५१९,३५१.३१ |
| व्यापार ऋण लगानी | ४०७,५९४,८७३.४८ | ४३८,१५२,१३७.०९ |
| चन्डेश्वरी ऋण लगानी | १,८९८,०६२.८० | ७,८२०,०००.०० |
| घरेलु तथा साना उद्योग ऋण लगानी | १०,३८०,३६९.१९ | ४,६६२,४४७.५८ |
| शिक्षा ऋण लगानी | १४,०६८,१५८.४१ | १९,३२२,७९१.९० |
| खर खाचो ऋण लगानी | ४३,६७६,६७१.५५ | ४१,७१३,८८३.२५ |
| धनजमानी ऋण लगानी | २४,३५५,९४०.३१ | २३,५९३,२०१.३३ |
| हायर पर्चेज ऋण लगानी | २१९,२४०,१३०.५५ | २५७,११६,५४७.९२ |
| घर निर्माण ऋण लगानी | ६२,८६१,४४६.०० | ७९,१७४,२७२.२४ |
| उद्योग ऋण लगानी | १२,८६३,८९०.७० | १९,५८२,८३१.३२ |
| व्यवसाय उत्थान ऋण लगानी | २,०९७,६८८.०२ | २,४७६,०७९.०३ |
| विद्युतीय सवारी साधन र वैकल्पिक ऊर्जा ऋण लगानी | ४,४६२,२४३.०१ | ७,४५३,०५९.५८ |
| महिला उद्यमी ऋण लगानी | ७,०७०,३०३.३१ | ४,४४८,७५८.२० |
| साना तथा मझौला उद्यम सहुलियतपूर्ण ऋण | ५४२,५५९.८५ | ६००,०००.०० |
| रियल स्टेट ऋण लगानी | ३०,६६०,२४४.५५ | ४६,९१८,९८३.४० |
| सेवा व्यवसाय ऋण लगानी | ६,७४३,२१६.६६ | ७,९३६,२६९.७५ |
| **जम्मा** | **८९०,२१२,९२७.५२** | **९९३,४९०,६१३.९०** |

४.३.२ कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा सापटी:

संस्थाले कर्मचारीलाई सहुलियतमा ऋण र सापटी उपलब्ध गराउँदै आएको छ । तसर्थ, सहुलियतपूर्ण कर्जाका लागि NFRS 9 अनुसार यस अवधि र तुलनात्मक अवधिहरुमा उचित मूल्य समायोजन (Fair Value Adjustment)गरिएको छ ।

कर्मचारीलाई प्रदान गरिएको कर्जा तथा अग्रिम भुक्तानीको विवरण निम्न प्रस्तुत गरिएको छः

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा सापटी | ८,४७१,१२५.४२ | ९,८९०,४४४.७२ |
| कर्मचारी कर्जासंग सम्बन्धित स्थगन खर्च | (३८६,६६९.३०) | (४४८,६०६.५२) |
| **परिशोधित मुल्यमा मुल्याङ्कन गरिएको कर्जा र सापटी** | **८,०८४,४५६.१२** | **९,४४१,८३८.२०** |

संस्थाद्वारा लगानी गरिएको कर्जाहरु सामान्यतया जग्गा र भवन, परिवारका सदस्यहरूको व्यक्तिगत ग्यारेन्टी र अन्य लगायत विभिन्न जमानतहरूमा सुरक्षित गरिन्छ ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

कुल ऋण लगानीमा बक्यौता साँवा रकम र उठ्नुपर्ने ब्याज रकमलाई समावेश गरिएको छ। ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ। तर क्रेडिट जोखिम उल्लेखनीय वृद्धि भएको ऋण लगानीमा ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छैन। संस्थाले धितोको " खुद प्राप्ति मूल्य " जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज ३ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन। यस बमोजिम संस्थाले आ.व २०८१/८२ मा रु ५६,७०,८३८.६९ र आ.व २०८०/८१ मा रु ४८,९२,६९०.५ ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन।

### ४.३.३ हानी नोक्सानीको लागि व्यवस्था :

संस्थाले ऋणको क्षयिकरण (impairment) मूल्याङ्कनको लागि वैकल्पिक विधि अपनाएको छ। तदनुसार, NFRS ९ अनुसार गणना गरिएको व्यक्तिगत र सामूहिक क्षयिकरणको रकमलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी प्रावधान अन्तर्गत आवश्यक क्षयिकरण (न्यूनतम ऋण नोक्सानी व्यवस्था) प्रावधानसँग तुलना गरिन्छ , यी उपायहरूबाट प्राप्त हुने रकममध्ये जुन बढि हुन आउँछ त्यही रकम ऋण लगानीको लागि क्षयिकरणका रूपमा लिइन्छ ।

**नियामक ऋण नोक्सानी व्यवस्था**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको विद्यमान निर्देशिका बमोजिम लेखांकन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था निम्न बमोजिम रहेको छ :

| विवरण | हानी नोक्सानीको लागि गरिनुपर्ने व्यवस्था % |
|---|---|
| **सामान्य ऋण नोक्सानी व्यवस्था :** | |
| असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएको र सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण) | १% |
| | |
| **विशेष ऋण नोक्सानी व्यवस्था :** | |
| कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका ऋण) | २५% |
| शंकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका ऋण) | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेका ऋण, तेस्रो पक्षको धितोमा प्रवाह गरिएका ऋण, भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋण र धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण) | १००% |

**NFRS ९ अनुसार ऋण नोक्सानी व्यवस्था (Impairment)**

आर्थिक वर्ष २०८१-८२ देखि; संस्थाले "अपेक्षित क्रेडिट नोक्सानी मोडेल (Expected Credit Loss Model) अनुसार ऋण लगानीमा क्षयिकरण गणना गर्नु पर्दछ। ECL मोडेल अन्तर्गत, संस्थाले परिशोधित लागत (Amortized Cost) र FVTOCI मा मापन गरिएको ऋण लगानीसँग सम्बन्धीत अपेक्षित क्रेडिट घाटाको परिलक्षित (forward - looking) आधारमा मूल्याङ्कन गदर्छ। संस्थाले प्रत्येक समिक्षा मितिमा यस्तो नोक्सानका लागि नोक्सानी व्यवस्था पहिचान गर्नुपर्दछ। ECL को मापनले निम्न कुरा प्रतिबिम्बित गर्दछ:

- ☐ सम्भावित परिणामहरूको दायराको मूल्याङ्कन गरेर निर्धारण गरिएको निष्पक्ष र सम्भाव्यता-भारित रकम;
- ☐ पैसाको समय सम्बन्धी मूल्य (time value of money) र
- ☐ विगतका घटनाहरू, वर्तमान अवस्था र भविष्यको आर्थिक अवस्थाको पूर्वानुमानको बारेमा समिक्षा मितिमा अनुचित लागत वा प्रयास बिना उपलब्ध तर्कसँगत र समर्थनयोग्य जानकारी।

हानी नोक्सानीको लागि व्यवस्थाको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| श्रावण १ को मौज्दात | ३२,१५२,५५०.५६ | २८,१२९,३७०.३१ |
| यस वर्षको थप हानी नोक्सानी | ४,२२९,२६९.८६ | - |
| यस वर्षको असुली/फिर्ता | - | ४,०२३,१८०.२५ |
| अपलेखन | - | - |
| **आषाढ मसान्तको मौज्दात** | ३६,३८१,८२०.४२ | ३२,१५२,५५०.५६ |

Shrestha Sunil & Associates
Chartered Accountants
Kathmandu

४.३.४ हानी नोक्सानीको लागि व्यवस्था (आ.व. २०८१-८२)

| विवरण | २०८२ आषाढ ३२ |
|---|---|
| भाका अनुसार ऋण | |
| असल ऋण | ८६६,४६७,७६८.३५ |
| कमसल ऋण | १,७९८,६८५.१२ |
| शंकास्पद ऋण | ६,३००,२५६.०२ |
| खराब ऋण | २४,११७,३४३.४५ |
| जम्मा | ८९८,६८४,०५२.९४ |
| हानी नोक्सानीको लागि व्यवस्था | |
| असल ऋण (१%) | ८,६६४,६७७.६८ |
| कमसल ऋण (२५%) | ४४९,६७१.२८ |
| शंकास्पद ऋण (५०%) | ३,१५०,१२८.०१ |
| खराब ऋण (१००%) | २४,११७,३४३.४५ |
| जम्मा हानी नोक्सानीको लागि व्यवस्था | ३६,३८१,८२०.४२ |

४.३.५ हानी नोक्सानीको लागि व्यवस्था (आ.व. २०८०-८१)

| विवरण | २०८१ आषाढ ३१ |
|---|---|
| भाका अनुसार ऋण | |
| असल ऋण | ९७१,४९०,२२०.६१ |
| शंकास्पद ऋण | १४,५४३,३६८.७० |
| खराब ऋण | १७,३४७,४६९.३१ |
| जम्मा | १,००३,३८१,०५८.६२ |
| हानी नोक्सानीको लागि व्यवस्था | |
| असल ऋण (१%) | ९,७१४,९०२.२१ |
| शंकास्पद ऋण (३५%) | ५,०९०,१७९.०५ |
| खराब ऋण (१००%) | १७,३४७,४६९.३१ |
| जम्मा हानी नोक्सानीको लागि व्यवस्था | ३२,१५२,५५०.५६ |

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रंजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

सि.ए. सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त बादे
अध्यक्ष

स्थानः बनेपा
मितिः २०८२/०५/१४

४.४ लगानी उपकरण :

संस्थाले केही निकायहरुका इक्विटी शेयर पूँजीमा लगानी गरेको छ। संस्थाले यी लगानीहरु व्यापार प्रयोजनका लागि नभई दीर्घकालीन रणनीति उद्देश्यका लागि लगानी गरेको छ। संस्थाले अपरिवर्तनीय छनौट सहित लगानी उपकरणको उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको लगानी उपकरणहरुलाई अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गर्ने नीति अप्नाएको छ। त्यस्ता सम्पत्तिहरुलाई पछि उचित मूल्यमा मापन गरिएको छ र उचित मूल्यमा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गर्ने नीति अप्नाएको छ। लगानी उपकरणको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| FVTOCI मा मापन गरीएको इक्विटीमा लगानी (४.४.१) | १४,३२२,०००.०० | १४,३२२,०००.०० |
| परिशोधित मूल्यमा गरिएको लगानी (४.४.३) | - | - |
| जम्मा | १४,३२२,०००.०० | १४,३२२,०००.०० |

४.४.१ FVTOCI मा मापन गरीएको शेयर लगानी

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| शेयर उपकरणहरु | | |
| सुचिकृत शेयर | - | - |
| सुचिकृत नभएका शेयर (४.४.२) | १४,३२२,०००.०० | १४,३२२,०००.०० |
| जम्मा | १४,३२२,०००.०० | १४,३२२,०००.०० |

४.४.२ शेयर लगानी सम्बन्धी जानकारी

| विवरण | २०८२ आषाढ ३२ | | २०८१ आषाढ ३१ | |
|---|---|---|---|---|
| | लागत | फेयर भ्यालु | लागत | फेयर भ्यालु |
| सूचीकृत नभएको इक्विटीमा लगानी | | | | |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ५,५०५,०००.०० | ५,५०५,०००.०० | ५,५०५,०००.०० | ५,५०५,०००.०० |
| *५५०५० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघ लिमिटेड | ११०,०००.०० | ११०,०००.०० | ११०,०००.०० | ११०,०००.०० |
| *११०० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| हब सहकारी सेवा लिमिटेड | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० |
| *५०० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | ७,५००,०००.०० | ७,५००,०००.०० | ७,५००,०००.०० | ७,५००,०००.०० |
| *७५००० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | ५५१,०००.०० | ५५१,०००.०० | ५५१,०००.०० | ५५१,०००.०० |
| *५५१० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड | ५०१,०००.०० | ५०१,०००.०० | ५०१,०००.०० | ५०१,०००.०० |
| *५०१० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| नेपाल सहकारी बैंक लिमिटेड | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| १००० कित्ता प्रतिशेयर रु.१०० | | | | |
| बाग्मती प्रदेश सहकारी संघ लिमिटेड | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० |
| *५० कित्ता प्रतिशेयर रु.१००* | | | | |
| जम्मा | १४,३२२,०००.०० | १४,३२२,०००.०० | १४,३२२,०००.०० | १४,३२२,०००.०० |

रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख

गणेश कुमार रजित
कोषाध्यक्ष

राम प्रसाद श्रेष्ठ
लेखा सु.स. संयोजक

सि.ए.सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

बुद्ध रत्न मानन्धर
सचिव

रमेश काजी श्रेष्ठ
उपाध्यक्ष

नविन भक्त वादे
अध्यक्ष

स्थान: बनेपा
मिति: २०८२/०५/१४

४.५ चालु कर सम्पत्ति/(दायित्व) :

चालु कर सम्पत्ति अग्रिम आय कर भुक्तानी र आय कर ऐन अनुसार गणना गरिएको आय कर दायित्वको खुद रकम हो। संस्थाको चालु आ.व. मा अग्रिम आय कर भुक्तानी आय कर दायित्व भन्दा अधिक रहेको छ। चालु कर सम्पत्ति/(दायित्व)को विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको कर सम्पत्ति | २,५८४,६०२.०८ | ३,०८७,८४२.२२ |
| गत वर्षहरुको कर सम्पत्ति | ५,२०४,९०३.६६ | ५,७३८,४७३.९४ |
| **चालु कर दायित्व** | | |
| चालु वर्षको कर दायित्व | ३,२०८,४३४.६३ | ३,६२१,४१२.५० |
| गत वर्षहरुको कर दायित्वहरु | - | - |
| **जम्मा आयकर सम्पत्ति/(दायित्व)** | ४,५८१,०७१.११ | ५,२०४,९०३.६६ |

४.६ लगानी सम्पत्ति :

लगानी सम्पत्तिमा जमिन वा/र भवनहरू समावेश गरिन्छ जुन अन्य सम्पत्ति तथा उपकरणहरुको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ। सामान्यतया, यसमा संस्थाले गैर बैंकिङ सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन। हालसम्म संस्थाको लगानी सम्पत्ति अर्न्तगत कुनै पनि सम्पत्ति रहेको छैन।

संस्थाले उचित मूल्य मोडेल (Fair Value Model) प्रयोग गरेर आफ्नो लगानी सम्पतिहरु मापन गर्दछ। लगानी सम्पतिहरु सुरुमा लागतमा मापन गरिन्छ र प्रत्येक रिपोर्टिंग मितिहरूमा उचित मूल्यमा मापन गरिन्छ। त्यसरी उचित मूल्यमा लेखांकन गर्दा आर्जित भएको नाफा वा नोक्सानी रकमलाई नाफा नोक्सानी विवरणमा स्थानान्तरण गरिन्छ। लगानी सम्पतिहरुको लागतमा व्याज र अन्य शुल्क सहित ऋणको कुल वहन रकम समावेश गरिन्छ। लगानी सम्पत्तिको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| **फेयर भ्याल्यूमा मापन गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ गतेको मौज्दात | - | - |
| चालु वर्षमा थप/निसर्ग | - | - |
| चालु वर्षमा फेयर भ्याल्यूमा खुद परिवर्तन | - | - |
| समायोजन/स्थानान्तरण | - | - |
| **खुद रकम** | - | - |
| **लागत मुल्यमा मापन गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ गतेको मौज्दात | - | - |
| चालु वर्षमा थप/निसर्ग | - | - |
| समायोजन/स्थानान्तरण | - | - |
| संचित ह्रास | - | - |
| संचित हानी नोक्सानी व्यवस्था | - | - |
| **खुद रकम** | - | - |
| **जम्मा** | - | - |

४.७ सम्पत्ति तथा उपकरण :

सम्पत्ति तथा उपकरणको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | जग्गा | भवन | फर्निचर, फिक्स्चर तथा कार्यालय उपकरणहरु | सवारी साधन | अन्य उपकरणहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| लागत | | | | | | |
| श्रावण १, २०८० को मौज्दात | ३,८५०,००१.०० | ४,१८०,१८८.९७ | ८,९०१,९८६.२५ | १,१९१,४८३.०२ | १,२४४,१५७.६३ | १९,३६७,८१६.८७ |
| समायोजन/पुन: स्थापना | - | - | - | - | - | - |
| श्रावण १, २०८० को पुन: स्थापना मौज्दात | ३,८५०,००१.०० | ४,१८०,१८८.९७ | ८,९०१,९८६.२५ | १,१९१,४८३.०२ | १,२४४,१५७.६३ | १९,३६७,८१६.८७ |
| यस वर्ष थप गरिएको | | | | | | |
| अधिग्रहण | - | ५६२,७९२.५५ | ९५६,२१९.०० | - | ५९,८००.०० | १,५७८,८११.५५ |
| पूँजीकरण | - | - | - | - | - | - |
| यस वर्षमा निसर्ग | - | - | - | - | - | - |
| समायोजन/पुन:मूल्याङ्कन | - | - | - | - | - | - |
| अन्य | - | - | - | - | - | - |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | ३,८५०,००१.०० | ४,७४२,९८१.५२ | ९,८५८,२०५.२५ | १,१९१,४८३.०२ | १,३०३,९५७.६३ | २०,९४६,६२८.४२ |
| यस वर्ष थप गरिएको | | | | | | |
| अधिग्रहण | - | - | ४१९,३०१.८९ | - | - | ४१९,३०१.८९ |
| पूँजीकरण | - | - | - | - | - | - |
| यस वर्षमा निसर्ग | - | - | - | - | - | - |
| समायोजन/पुन:मूल्याङ्कन | - | ३५५,३६०.३६ | (२९५,५६०.३६) | - | (५९,८००.००) | - |
| अन्य | - | - | - | - | - | - |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | ३,८५०,००१.०० | ५,०९८,३४१.८८ | ९,९८१,९४६.७८ | १,१९१,४८३.०२ | १,२४४,१५७.६३ | २१,३६५,९३०.३१ |
| सञ्चित ह्रासकट्टी र हानी नोक्सानी | | | | | | |
| श्रावण १, २०८० को मौज्दात | - | १,२६७,८३७.८९ | ५,५८७,२८८.६५ | ६८९,५५८.९५ | ५३२,४५६.७२ | ८,०७७,१४२.२० |
| यस वर्षको ह्रासकट्टी शुल्क | - | १८६,५१७.७६ | ८४४,९३४.३७ | १००,६३१.२० | १०८,०४५.५६ | १,२४०,१२८.८८ |
| यस वर्षको लागि हानी नोक्सानी | - | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - | - |
| अन्य | - | - | - | - | - | - |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | - | १,४५४,३५५.६४ | ६,४३२,२२३.०२ | ७९०,१९०.१४ | ६४०,५०२.२७ | ९,३१७,२७१.०८ |
| चालु वर्षको ह्रासकट्टी शुल्क | - | १८२,१९९.३१ | ८२२,४५४.८३ | ८०,२५८.५८ | ९०,५४८.३० | १,१७५,४६१.०२ |
| यस वर्षको लागि हानी नोक्सानी | - | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - | - |
| अन्य | - | - | - | - | - | - |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | - | १,६३६,५५४.९५ | ७,२५४,६७७.८५ | ८७०,४४८.७२ | ७३१,०५०.५७ | १०,४९२,७३२.१० |
| खुद किताबी मौज्दात | | | | | | |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | ३,८५०,००१.०० | ३,२८८,६२५.८८ | ३,४२५,९८२.२३ | ४०१,२९२.८८ | ६६३,४५५.३६ | ११,६२९,३५७.३४ |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | ३,८५०,००१.०० | ३,४६१,७८६.९३ | २,७२७,२६८.९३ | ३२१,०३४.३० | ५१३,१०७.०६ | १०,८७३,१९८.२१ |

४.८ पट्टा सम्पत्ति/दायित्व :

पट्टा सम्पत्ति/दायित्वको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

पट्टा सम्पत्ति

| विवरण | भवन | जम्मा |
|---|---|---|
| **लागत** | | |
| २०८० आषाढ अन्त्यसम्मको मौज्दात | १,४७८,२६१.२० | १,४७८,२६१.२० |
| यस वर्ष थप गरिएको | - | - |
| यस वर्षमा निसर्ग | - | - |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | १,४७८,२६१.२० | १,४७८,२६१.२० |
| यस वर्ष थप गरिएको | - | - |
| यस वर्षमा निसर्ग | - | - |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | १,४७८,२६१.२० | १,४७८,२६१.२० |
| **ह्रासकट्टी र हानी नोक्सानी** | | |
| २०८० आषाढ अन्त्यसम्मको मौज्दात | २६५,३५०.३८ | २६५,३५०.३८ |
| यस वर्षको ह्रासकट्टी शुल्क | १२४,४८६.३५ | १२४,४८६.३५ |
| यस वर्षका लागि हानी नोक्सानी | - | - |
| निसर्ग | - | - |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | ३८९,८३६.७३ | ३८९,८३६.७३ |
| यस वर्षको ह्रासकट्टी शुल्क | १२४,४८६.३५ | १२४,४८६.३५ |
| यस वर्षका लागि हानी नोक्सानी | - | - |
| निसर्ग | - | - |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | ५१४,३२३.०८ | ५१४,३२३.०८ |
| **खुद किताबी मौज्दात** | | |
| २०८१ आषाढ अन्त्यसम्मको मौज्दात | १,०८८,४२४.४७ | १,०८८,४२४.४७ |
| २०८२ आषाढ अन्त्यसम्मको मौज्दात | ९६३,९३८.१२ | ९६३,९३८.१२ |

पट्टा दायित्व

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| जम्मा पट्टा दायित्व | १,१४३,९०६.०० | १,१९३,२२३.२१ |
| *विश्लेषण:* | | |
| चालु दायित्व | ७५,६८२.५४ | ४९,३१७.२० |
| दिर्घकालिन दायित्व | १,०६८,२२३.४६ | १,१४३,९०६.०० |

पट्टा दायित्वहरूको परिपक्वता विश्लेषण

| विवरण | २०८२ आषाढ ३१ | २०८१ आषाढ ३१ |
|---|---|---|
| एक वर्ष ननाघेको | ७५,६८२.५४ | ४९,३१७.२० |
| एक वर्ष भन्दा बढी पाँच वर्ष भन्दा कम | ४८९,२७९.११ | ४०५,७४४.८० |
| पाँच वर्ष भन्दा माथिको | ५७८,९४४.३५ | ७३८,१६१.२१ |
| जम्मा | १,१४३,९०६.०० | १,१९३,२२३.२१ |

नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको

| विवरण | समावेश नोट | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|---|
| पट्टा सम्पत्ति ह्रासकट्टी | नोट ४.३२ | १२४,४८६.३५ | १२४,४८६.३५ |
| पट्टा दायित्वमा ब्याज खर्च | नोट ४.२४ | ११७,३४९.४५ | १२१,४४२.६१ |

४.९ ख्याती तथा अमुर्त सम्पत्ति :

ख्याती तथा अमुर्त सम्पत्तिको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | सफ्टवेयर | जम्मा |
|---|---|---|
| लागत | | |
| **श्रावण १, २०८० को मौज्दात** | ४९४,१४७.६७ | ४९४,१४७.६७ |
| समायोजन/पुनः स्थापना | - | - |
| **श्रावण १, २०८० को पुनः स्थापना मौज्दात** | ४९४,१४७.६७ | ४९४,१४७.६७ |
| यस वर्ष थप गरिएको | | |
| अधिग्रहण | - | - |
| पूँजीकरण | ८२,४९०.०० | ८२,४९०.०० |
| यस वर्षमा निसर्ग | - | - |
| समायोजन/पुनःमूल्याङ्कन | - | - |
| अन्य | - | - |
| **२०८१ आषाढ अन्त्यसम्मको मौज्दात** | ५७६,६३७.६७ | ५७६,६३७.६७ |
| यस वर्ष थप गरिएको | | |
| अधिग्रहण | - | - |
| पूँजीकरण | - | - |
| यस वर्षमा निसर्ग | - | - |
| समायोजन/पुनःमूल्याङ्कन | - | - |
| अन्य | - | - |
| **२०८२ आषाढ अन्त्यसम्मको मौज्दात** | ५७६,६३७.६७ | ५७६,६३७.६७ |
| संचित परिशोधन र हानी नोक्सानी | | |
| **श्रावण १, २०८० को मौज्दात** | ४९४,१४७.६७ | ४९४,१४७.६७ |
| यस वर्षको परिशोधन | ९,९४४.०० | ९,९४४.०० |
| यस वर्षको लागि हानी नोक्सानी | - | - |
| यस वर्षमा निसर्ग | - | - |
| अन्य | - | - |
यस प्रतिवेदन मार्फत मैले प्रस्तुत गरेका आ.व. २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को प्रस्तावित आर्थिक कार्यक्रम तथा बजेटमाथि गहन छलफल गरी आवश्यक सल्लाह सुझाव सहित स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु । अन्त्यमा संस्थाको विकास र प्रगतीमा सहयोग सदभाव र माया प्रदान गर्नुहुने नियामक निकाय, विशिष्ट महानुभावहरू, छाता संघहरु र सदस्यहरूको सेवामा समर्पित समिती, उप-समितिका सहयात्री साथीहरू, कर्तव्य निष्ट कर्मचारी वर्ग, संस्थाप्रति कटिवद्ध सदस्य महानुभावहरूप्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै यँहाहरूको अझ बढी सहयोगको अपेक्षा राख्दै यस संस्थाको परिकल्पना (Vision) "सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था" पुरा हुनेछ भन्दै संस्थाको कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागी यँहाहरूको सहयोगको अपेक्षा राख्दै बिदा हुन चाहन्छु ।

धन्यवाद !

जय सहकारी !! जय चण्डेश्वरी !!!

# लेखा सुपरीवेक्षण समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



**रामप्रसाद श्रेष्ठ**
संयोजक

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको ३३ औं वार्षिक साधारण सभाका सभापति एवम् यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, मञ्चमा आसिन अथितिज्यूहरु, विभिन्न संघ संस्थाहरूबाट पाल्नु भएका अतिथिज्यूहरु, सहकारी अभियानबाट बचत तथा ऋणको योगदानबारे जनमानसमा सुसूचित गर्नु हुने पत्रकार मित्रहरू, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, प्रमुख सल्लाहकारज्यू तथा सल्लाहकारज्यूहरु, विभिन्न विषयगत उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यस गरिमामय साधारण सभामा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवं यस संस्थाका कार्यालय प्रमुखज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

सहकारी ऐन २०७४ को दफा ४९(१) मा उल्लिखित लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारको अधिनमा रही यस समितिले यस संस्थाद्वारा आ.व. २०८१/०८२ मा तोकिएको वार्षिक लक्ष्य तथा कार्यक्रमका साथै व्यवस्थापनबाट कार्यान्वयन गरियका कार्यहरूको र यस समितिले समय समयमा संस्थाको मुख्य आर्थिक कारोवार र बचत तथा ऋण कारोवारको सुपरिवेक्षण, सदस्यहरूको सल्लाह र सुझावहरू सहितको आधारमा तयार पारेको यस समितिको प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छौं ।

विक्रम संवत २०४७ सालमा सिमित सदस्यहरूबाट संचालनमा ल्याएको यस संस्था नेपलामा सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ लागू भएपछि २०५० साल असोज ६ गते चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा विधिवत दर्ता भई बचत तथा ऋणको कारोवारको सिद्धान्तहरूलाई अंगिकार गर्दै हाम्रो समाजमा आर्थिक परिवर्तन हामीबाटै गर्न सकिने कुरालाई मध्यनजर गर्दै, सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्न उत्कृष्ट, सुरक्षित र दिगो संस्थाको परिकल्पनाका साथ अगाडी बढ्दै गईरहेको यस संस्थाले विभिन्न आरोह अवरोह पार गर्दै आज हुन गईरहेको ३३ औं वार्षिक साधारण सभासम्म आइ पुग्दा कुल शेयर सदस्य संख्या १०,९७३ र बाल बचतकर्ता १,०११ जना पुग्नुका साथै कुल पुँजि तथा दायित्व रू.१,५१,४९,९२,६४७।७७ र कुल शेयर पुँजी रू. ११,४२,११,५००।- पुगेको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छौं ।

यस आ.व. २०८१/०८२ मा मात्र रू. १४,३६,८९,८६९।३७ आम्दानी र खर्च रु १०,९७,४८,५९७।२७ भै खुद आम्दानी रू. ३,३९,४१,२७२।१० भएको पाईयो जुन गत आ.व.को आम्दानीको तुलनामा १३.४२% ले घटेको पाईयो।

यसै गरी यस आ.व. २०८१/०८२ मा मात्र रू. ५७,७५,१३,७०६।४५ ऋण लगानी गरी रू. ६८,२१,३८,६२९।११ ऋण असुली गरेको पाईयो । गत आ.व. को तुलनामा आ.व. २०८१/०८२ मा ११.६२% ले कम ऋण लगानी भएको कारणले २०८२ असार मसान्त सम्ममा रू. ८९,८६,८४,०५२।९४ कुल कर्जा तथा सापटी रहन गएको देखिन्छ । जस्ले गर्दा तरलता ३७.८९% रहन गएको पाईयो ।

यसरी लगानीमा रहेको कुल कर्जा रकम मध्ये समिति तर्फ रू.१,२५,५५,६३६।५६, उप समिति तर्फ रू. १,११,२५,९८९।८८, कर्मचारी तर्फ रू. १,३०,४७,०५०।५९ र अन्य सदस्यहरू तर्फ रु ८६,१९,५५,३७५।९१ लगानी भएको पाईएको छ । यसरी लगानी भएको ऋण मध्ये असल ऋणमा रू.८६,६४,६७,७६८।३५, कमसल ऋणमा रू. १७,९८,६८५।१२, शंकास्पद ऋणमा रू. ६३,००,२५६।०२ र खराब ऋणमा रू. २,४१,१७,३४३।४५ रहेको पाईयो । यस्ता किसिमका ऋणहरूका लागी राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड २०८२ अनुसार जोखिम व्यवस्थापनका लागि रू. ३,६३,८१,८२०।४२ को व्यवस्था गरेको पनि यस सभामा जानकारी गराउँदछौँ ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

**१. ३२ औँ साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :-**

१.१. संस्थाको ३२ औँ वार्षिक साधारण सभाबाट स्वीकृत भएका विभिन्न प्रतिवेदन र प्रस्तावित कार्यक्रम अनुसार नै कार्य भएको पाइयो ।

१.२. संस्थाको ३२ औँ साधारण सभाबाट नियुक्त स्वतन्त्र लेखा परीक्षक श्रेष्ठ सुनिल एण्ड एशोसिएट्सबाट आ.व. २०८१/०८२ को नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) का आधारमा अन्तिम लेखा परीक्षण गरेको पाइयो ।

१.३. संस्थाको ३२ औँ साधारण सभाबाट स्वीकृत साधारण सभा बैठक भत्ताप्रति सदस्य रु. ५००/- मा १५ प्रतिशत कर कट्टी गरी रू ४२५।- सम्बन्धित सदस्यलाई प्रदान गरिएको पाईयो ।

१.४. ३२ औँ वार्षिक साधारण सभाबाट स्विकृत भए अनुसार प्रति शेयरको ११.५८ प्रतिशतले शेयर लाभांश नियामानुसारको कर कट्टी गरी शेयर सदस्यहरूलाई भुक्तानी गरेको पाईयो ।

१.५. संस्थाको ३२ औँ वार्षिक साधारण सभाको निर्णयानुसार आ.व. २०८०/०८१ मा सहकारी ऐन २०७४ को दफा ६९(२) अनुसार छुट्याइएको संरक्षित पुँजी फिर्ता कोषको रकम रु. ६०,६०,२९८।५४ मध्ये सहकारी नियमावली २०७५ को दफा २५(४) अनुसार सदस्यको बचत कारोवारको आधारमा ४० प्रतिशतले हुन आउने रकम रु. २४,२४,११९।४१ बाट सहकारी नियमावली अनुसार योग्यता पुगेका सदस्यहरूलाई रु. २१,९८,०५६।५९ र ऋण कारोवारको आधारमा ६० प्रतिशतले हुन आउने रकम रू. ३६,३६,१७९।१२ मध्ये सहकारी नियमावली अनुसार योग्यता पुगेका ऋणी शेयर सदस्यहरूलाई रू. २७,४८,८६२।२० गरी जम्मा शेयर सदस्यहरूलाई रु. ४९,४६,९१८।७९ वितरण गरी बाँकी रकम रू. ११,१३,३७९।७५ जगेडा कोषमा रकमान्तर गरिएको पाइयो ।

१.६. संस्थाको ३२ औँ वार्षिक साधारण सभाबाट संस्थाको भवन निर्माण प्रयोजनार्थ जग्गा वा भवन खरिद गर्नुपर्ने भएमा खरिद गर्न अख्तियारी दिइएकोमा जग्गा खरिदको लागी कारबाही अगाडी बढाएको देखिएन ।

१.७ यस संस्थाको ३२ औँ साधारण सभाबाट यस संस्थासँग कुनैपनि सहकारीसँग एकीकरण हुन चाहेमा एकीकरण गर्नका लागी संचालक समितिलाई अख्तियार दिइएकोमा संस्था एकीकरण हुन कुनै प्रस्ताव नआएकोले सो कार्य भएको पाईएन ।

१.८ संस्थाको ३२ औँ साधारण सभाबाट यस संस्थाको स्थीर सम्पत्ति लिलाम बिक्रि गर्न दिएको अख्तियारी अनुसार कुनै पनि सामानहरू लिलाम बिक्री गर्नु नपरेकोले लिलाम बिक्री गर्ने कार्य नभएको पाईयो ।

१.९ यस संस्थाको ३२ औँ साधारण सभाबाट आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ का लागि स्थीरीकरण कोषमा छुट्याईएको रकम मध्येबाट १५% का दरले सहकारी ऐन २०७४ दफा १०३ को

उपदफा (१) अनुसार संस्थामा सम्भावित जोखिमबाट संरक्षित गर्न स्थीरीकरण कोषमा जम्मा गरेको पाईयो ।

१.१० गत आ.व.को साधारण सभाको निर्णयको एक/एक प्रति सहितको प्रतिवेदन नियमक निकायमा पेश गरेको पाइयो ।

**२. आ.व. २०८१/०८२ मा बसेको बैठक सङ्ख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

२.१. समिति उपसमितिको बैठक सङ्ख्या निम्नानुसार छः

| क्र.सं. | समिति/उपसमिति | बैठक संख्या |
|---|---|---|
| १ | साधारण सभा बैठक | १ |
| २ | सञ्चालक समिति बैठक | १५ |
| ३ | लेखा सुपरीवेक्षण समिति बैठक | १२ |
| ४ | ऋण तथा अर्थ व्यवस्थापन उपसमितिको बैठक | ३८ |
| ५ | शिक्षा तथा समाज कल्याण उपसमिति | ५ |
| ६ | महिला विकास उपसमिति | ६ |
| ७ | समुह बचत उपसमिति | ६ |
| ८ | नाला सेवा केन्द्र व्यवस्थापन उपसमिति | ६ |

२.२. संस्थाको समिति तथा उपसमितिबाट भएका निर्णयहरु प्रभावकारी रूपमा कार्यान्वयन नभएको पाइयो ।

२.३ उप-समितिहरूको कार्ययोजना अनुसार कार्य सम्पन्न भएको पाईयो ।

**३. लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्थाः**

३.१. ऋण सीमा र अख्तियार

क) रू. ५० हजारसम्म ऋण अधिकृतको निर्णयमा लगानी गर्न सकिने ।

ख) रू. ५० हजार भन्दामाथि रू. २५ लाखसम्म व्यवस्थापन समुहबाट स्वीकृत गरी लगानी गर्न सकिने ।

ग) रू. २५ लाखमाथि रू. ७५ लाखसम्म व्यवस्थापन समुहको सिफारिसमा ऋण तथा अर्थ व्यवस्था उपसमितिबाट स्वीकृत गरी लगानी गर्न सकिने ।

घ) रू. ७५ लाख भन्दामाथि व्यवस्थापन समुह र ऋण तथा अर्थ व्यवस्था उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरी लगानी गर्न सकिने ।

३.२. धितो सुरक्षणको प्रकारः

क) बचत रकम धितो सुरक्षणको आधारमा

ख) घर जग्गा धितो सुरक्षणको आधारमा

ग) सवारी साधन धितो सुरक्षणको आधारमा

३.३. मूल्याङ्कन आधार

क) रू. १० लाख भन्दा कम ऋण लगानीको लागि व्यवस्थापन समुहको मूल्याङ्कनको आधारमा।

ख) रू १० लाख वा सो भन्दा माथीको ऋणमा संस्थागत मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा ।

ग) सबै ऋण लगानीमा ५ सी विश्लेषणको मूल्याङ्कन आधारमा ऋण लगानी गरेको पाइयो ।

**४. सहकारी विभागबाट जारी गरेका मापदण्डहरूको पालना सम्वन्धी विवरण**

४.१. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागबाट जारी गरेको मापदण्डको पालना गरेको पाइयो ।

४.२. मिति २०७९ जेठ १२ गते जारी गरेको ३५ बुँदे "सुशासन प्रवर्द्धनको लागी एकीकृत निर्देशन २०७९" जारी भएपछि अक्षरांश पालना गरेको पाइयो ।

४.३. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागको इ-मेल, वेबसाइट तथा सम्पर्क नम्बरबाट मापदण्डहरूको बारेमा आवश्यकता अनुसार जानकारी लिने पद्धति रहेको पाइयो।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको निर्देशन, सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू**

५.१ सहकारी विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको निर्देशन ग्रहण गर्ने गरिएको ।

५.२ सहकारी विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिइएको निर्देशन अनुसार संस्था सञ्चालन गर्ने पद्धति रहेको पाइयो ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण**

६.१ पदाधिकारी तथा सदस्यहरूले कुनै किसिमको पारिश्रमिक लिइएको पाइएन ।

६.२ संस्थाको विभिन्न सामाजिक कार्यक्रममा विना पारिश्रमिक स्वयमसेवकको रूपमा सहभागी भएको पाइयो ।

६.३ संस्थाले निर्धारण गरेको सञ्चालक समितिको बैठकमा साधारण सभाले पारित गरे बमोजिम बैठक भत्ता वितरण गरेको पाइयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था**

७.१ नेपालको कर्मचारी सम्वन्धी प्रचलित कानून, श्रम ऐन, श्रम नियमावली, बोनस ऐन, संस्थाको मानव संशाधन व्यवस्थापन नीतिको अधिनमा रही कर्मचारी प्रशासन सम्वन्धी कार्य गरेको पाइयो ।

७.२ कार्यालय प्रमुखको योग्यता क्षमता सम्वन्धी विवरण

क) शैक्षिक योग्यता : त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण

ख) कार्यगत अनुभव : २०६०/०५/०७ देखि २०८०/१०/३० सम्म विभिन्न उच्च व्यवस्थापन पदमा रहि कार्य गरेको र मिति : २०८०/११/०१ देखि हालसम्म कार्यालय प्रमुख भई कार्य गर्दै आएको ।

ग) विषयगत तालिम :

⇨ Credit Union Manager Competency Course (CUMCC) From NEFSCUN

⇨ Credit Union Director Competency Course (CUDCC) From NEFSCUN

⇨ Business Continuity Plan, Pearl's Monitor, Anti Money Laundering, Nepal Financial Reporting Standards, National Workshop on SACCOS CEO's 2016

७.३ कर्मचारी भर्ना प्रक्रियाः संस्थाको मानव संशाधन व्यवस्थापन नीति २०७६ को अधिनमा रही पारदर्शी तवरले कर्मचारी भर्ना तथा छनोट गरेको पाइयो ।

७.४ आ.व. २०८१/०८२ असार मसान्तसम्म संस्थामा निम्न सङ्ख्यामा कर्मचारी रहेको पाइयो ।

१) नियमित कर्मचारी - १९ जना

२) नियमित कर्मचारी परिक्षणकालिन - ५ जना

३) समयगत कर्मचारी - १ जना

४) जम्मा कर्मचारी सङ्ख्या - २५ जना

**८. लेखा सुपरीवेक्षण समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यन्वयनको अवस्था**

८.१ यस समितिबाट दिइएका सुझावहरू क्रमिक रूपमा कार्यान्वियन गर्दै लगेको पाइयो ।

**९. लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरू :**

९.१ यस संस्थाको हालको अवस्थालाई मध्यनजर गरी यस संस्थामा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत (प्र.का.अ.) पद यथाशिघ्र पुर्ती गर्नुपर्ने देखिन्छ ।

९.२ यस संस्थाले एक्सेसको सिल्भर ब्राण्ड प्राप्त गरिसकेको अवस्थामा एक्सेसको स्तरीकरण कार्यक्रममा सहभागीता नजनाउनु उचित नरहेकोले पुनः सो स्तरीकरण कार्यक्रममा सहभागीता जनाउन सुझाव गरिन्छ ।

**१०. लेखा सुपरीवेक्षण समितिका सुझावहरू**

१०.१ भाखा नाघेको ऋण असुली र तरलतामा रहेको रकम लगानी गर्नमा प्रभावकारिताका साथ अघि बढाउने ।

१०.२ कर्मचारी विकास वृद्धिका लागि आवश्यकता अनुसार तालिमहरू प्रदान गर्नुपर्ने ।

१०.३ यस संस्थाको आ.व. २०८१/०८२ आन्तरिक लेखा परीक्षणका सिलसिलामा दिईएका सुझावहरू कार्यान्वयन गर्ने ।

१०.४ राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापडण्ड २०८२ अनुसार मात्र ऋण लगानी गर्ने व्यवस्था गर्न सुझाव गरिन्छ ।

अन्त्यमा यस समितिले यस सभामा पेश गरेको ३३ औं वार्षिक प्रतिवेदन माथि गहन अध्ययन गरी यहाँहरूको अमुल्य सल्लाह र सुझावको अपेक्षा गर्दै यस प्रतिवेदनलाई पारित गरिदिनु हुनेछ भन्ने विश्वास र आशाका साथै आगामी दिनहरूमा पनि यहाँहरूको सल्लाह र सुझावको अपेक्षा गर्दछौं । साथै आउँदो विजया दशमी, तिहार, छठ पर्व, नेपाल संवत ११४६, ल्होसार लगायत यस वर्षका सम्पूर्ण पर्वहरूको उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै यो प्रतिवेदन अन्त्य भएको व्यहोरा अनुरोध गर्दछौं।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : राम प्रसाद श्रेष्ठ

सदस्य : विनय कृष्ण कायस्थ

सदस्य : ज्योत्सना सैंजु कायस्थ

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

# महिनाको उत्कृष्ट सदस्य
## Member Of the Month





उत्कृष्ट नियमित वित्तिय कारोबारको आधारमा मासिक रूपमा
एक महिला र एक पुरुष सदस्य उत्कृष्ट चयन हुने।

# बाल जन्मोत्सव उपहार कार्यक्रम

संस्थामा आबद्ध बाल बचतकर्ताहरुलाई जन्मदिनको अवसरमा स्टेशनरी प'रस्कार वितरण गरिने।





केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२९१४, ०११-६६१७३२, ०११-४१११५७
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com
www.chandeshwori.coop.np

# ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



**रमेशकाजी श्रेष्ठ**
संयोजक

आज संस्थाको ३३ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ट अतिथी महानुभावहरू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न संघ-संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नु भएका अतिथिज्यूहरू, पत्रकार मित्रज्यूहरू, सल्लाहकारज्यूहरू, संचालक समिति, लेखा सुपरीवेक्षण समिति एवं अन्य उपसमितिहरू, कर्मचारी परिवार लगायत उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई ऋण तथा अर्थ व्यवस्थापन उप-समिति र यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

यस गरिमामय साधारण सभा कार्यक्रममा यहाँहरू समक्ष संस्थाको ऋण तथा अर्थ व्यवस्थापन उपसमितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै खुशी भएका छौं ।

संस्थाले आ.ब. २०८१।०८२ मसान्त सम्ममा १०,९७३ जना सदस्यहरूबाट जम्मा १,५१,४९,९२,६४७/७७ को कारोबार गर्न सफल भएको छ । हाल देशभरी नै आर्थिक मन्दि छाएको हुँदा संस्थालाई पनि ऋण लगानी तथा असुलीमा केहि समस्या रहेको साथै ऋणी सदस्यहरूको व्यवसायमा आएको मन्दि बावजुत आफ्नो किस्ता समयमा तिर्नु हुने सदस्य महानुभावहरूमा संस्थाको तर्फ एवं ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

संस्थाले ऋण व्यवस्थापन नीति अनुसार यस उप-समितिले पाएको अधिकार क्षेत्र भित्र रही ऋण निवेदनको विश्लेषण, ऋण लगानीको आधारहरू, ऋणको लागि धितो मूल्याङ्कन, 5C को मूल्याङ्कन आधार अनुसार ऋण प्रवाह गदै आएको छ । ऋण शिर्षक अनुसार रू १० लाख वा सो भन्दा बढीको ऋण लगानीमा संस्थागत मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरी मात्र ऋण प्रवाह गदै आएका छौं । साथै संस्थाको ऋणमा निहित जोखिमलाई न्यूनिकरण निमित्त नियमानुसार नै ऋण जोखिम व्यवस्थापन पनि गरी आएको जानकारी गर्दछौं ।

## १. ऋण लगानी तथा असुली सम्बन्धमा

संस्थाको गत आ.ब.मा कुल कर्जा तथा सापटी हिसाब रू. १,००,३३,०८,९७५/६० रहेको मा यस आ.व. मा रू. ५७,७५,१३,७०६/४५ ले कर्जा लगानी र रू ६८,२१,३८,६२९।११ असुली भई यस आ.ब.मा रू ८९,८६,८४,०५२/९४ बाँकी कुल कर्जा तथा सापटी हिसाब रहेको छ । अर्थात कुल सम्पत्तिको ५९.३२ प्रतिशत ऋण लगानी भएको छ । ऋण उपभोग गरेका कुल सदस्य संख्या ८६७ जना रहेको छ । विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | ऋण शिर्षक | आ.ब. २०८०।०८१ बाँकी ऋण | आ.ब. २०८१।०८२ को ऋण लगानी | आ.ब. २०८१।०८२ को ऋण असुली | आ.ब. २०८१।०८२ बाँकी ऋण | अनुपात |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक ऋण | १९,३२२,७९१.९० | १५,०००,०००.०० | २०,२५४,६३३.४९ | १४,०६८,१५८.४१ | १.५७% |
| २ | चण्डेश्वरी ऋण | ७,८२०,०००.०० | २२,७२२,५००.०० | २८,६४४,४३७.२० | १,८९८,०६२.८० | ०.२१% |
| ३ | धनजमानी ऋण | २३,५९३,२०१.३३ | २९,२३५,५००.०० | २८,४७२,७६१.०२ | २४,३५५,९४०.३१ | २.७१% |
| ४ | खरखाचो ऋण | ४१,७०५,४१४.४८ | २४,२९५,०००.०० | २२,१७३,७४२.९३ | ४३,८२६,६७१.५५ | ४.८८% |

| क्र. सं. | ऋण शिर्षक | आ.ब. २०८०।०८१ बाँकी ऋण | आ.ब. २०८१।०८२ को ऋण लगानी | आ.ब. २०८१।०८२ को ऋण असुली | आ.ब. २०८१।०८२ बाँकी ऋण | अनुपात |
|---|---|---|---|---|---|---|
| ५ | घर निर्माण ऋण | ८८,०४०,६३८.८७ | ४,४००,०००.०० | २२,२९२,३१२.१६ | ७०,१४८,३२६.७१ | ७.८१% |
| ६ | हार्यर पर्चेज ऋण | २५७,३०५,७१७.०० | ९७,४२६,०००.०० | १३५,२०२,९०९.१४ | २१९,५२८,८०७.८६ | २४.४३% |
| ८ | व्यवसाय प्रबद्धन शुलभ ऋण | १२५,२८२,३३०.४७ | २१९,०५४,७०६.४५ | २२८,२३२,४९८.४४ | ११६,१०४,५३८.४८ | १२.९२% |
| ९ | कृषि ऋण | ३२,५१९,३५१.३१ | २७,४७०,०००.०० | १८,२९२,२२२.१८ | ४१,६९७,१२९.१३ | ४.६४% |
| १० | व्यापार ऋण | ३१३,६४१,१०१.३८ | ९९,२१०,०००.०० | १२०,६१५,१९८.९८ | २९२,२३५,९०२.४० | ३२.५२% |
| ११ | साना तथा मझौला उद्योग ऋण | ४,६६२,४४७.५८ | ११,४५०,०००.०० | ५,७३२,०७८.३९ | १०,३८०,३६९.१९ | १.१६% |
| १२ | घर तथा जग्गा खरिद ऋण | ४६,९१८,९८३.४० | १५,८००,०००.०० | ३२,०५८,७३८.८५ | ३०,६६०,२४४.५५ | ३.४१% |
| १३ | औद्योगिक ऋण | १९,५८२,८३१.३२ | ४,७००,०००.०० | ११,४१८,९४०.६२ | १२,८६३,८९०.७० | १.४३% |
| १४ | सेवा व्यवसाय ऋण | ७,९३६,२६९.७५ | २,३००,०००.०० | ३,४९३,०५३.०९ | ६,७४३,२१६.६६ | ०.७५% |
| १५ | व्यवसाय उत्थान ऋण | २,४७६,०७९.०३ | - | ३७८,३९१.०१ | २,०९७,६८८.०२ | ०.२३% |
| १६ | हरित बिद्युतीय सवारी ऋण | ७,४५३,०५९.५८ | - | २,९९०,८१६.५७ | ४,४६२,२४३.०१ | ०.५०% |
| १७ | महिला उद्यमी ऋण | ४,४४८,७५८.२० | ४,४५०,०००.०० | १,८२८,४५४.८९ | ७,०७०,३०३.३१ | ०.७९% |
| १८ | साना तथा मझौला उद्योग सहुलियत ऋण | ६००,०००.०० | - | ५७,४४०.१५ | ५४२,५५९.८५ | ०.०६% |
| | | १,००३,३०८,९७५.६० | ५७७,५१३,७०६.४५ | ६८२,१३८,६२९.११ | ८९८,६८४,०५२.९४ | १००% |

## २. ऋण सिमा तथा अख्तियार सम्बन्धमा

ऋण लगानी प्रक्रियालाई छिटो छरिटो र ऋण कारोबार सरल सुलभ बनाउन ऋण व्यवस्थापन नीतिले दिएको अधिकार अनुसार निम्नानुसार ऋण लगानी सीमा अख्तियारी रहेको जानकारी दिन चाहन्छु ।

| क्र.सं. | ऋण सिमा | ऋण लगानी अख्तियारी |
|---|---|---|
| १ | रु ५० हजार सम्म | ऋण बिभाग |
| २ | रु २५ लाख सम्म | व्यवस्थापन |
| ३ | रु ७५ लाख सम्म | ऋण तथा अर्थ व्यवस्थापन उप-समिति |
| ४ | रु ७५ लाख भन्दा माथि | संचालक समिति |

## ३. ऋण जोखिम र जोखिम व्यवस्थापन

| क्र. सं. | विवरण | ऋण रकम | प्रतिशतमा | जोखिम व्यवस्थापन |
|---|---|---|---|---|
| १ | खराब ऋण (१ बर्षभन्दा बढी भाखा नाघेका) | २४,११७,३४३.४५ | २.६८% | २४,११७,३४३.४५ |
| २ | शंकास्पद ऋण (६ महिना भन्दा माथि १ बर्षसम्म भाखा नाघेका) | ६,३००,२५६.०२ | ०.७०% | ३,१५०,१२८.०१ |
| ३ | कमसल ऋण( ३ महिना भन्दा माथि ६ महिना सम्म भाखा नाघेका) | १,७९८,६८५.१२ | ०.२०% | ४४९,६७१.२८ |
| ४ | सक्रिय ऋण(१ दिन भन्दा माथि ३ महिना सम्म भाखा नाघेका ) | २७,५८४,९५९.३२ | ३.०७% | २७५,८४९.५९ |
| ५ | भाखा ननाघेका ऋणहरु | ८३८,८८२,८०९.०३ | ९३.३५% | ८,३८८,८२८.०९ |
| | जम्मा ऋण | ८९८,६८४,०५२.९४ | १००% | ३६,३८१,८२०.४२ |

**४. कार्य सम्पादन**

- आ.ब. २०८१/०८२ मा ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको बैठक ३८ पटक बसी ऋण स्वीकृत र सिफारिस गरी रू. ५७,७५,१३,७०६/४५ ऋण लगानी र रू. ६८,२१,३६,६२९।११ असुली गर्न सफल भएका छौं ।
- आ.ब. २०८०/०८१ को संरक्षित पूँजि फिर्ता कोषबाट नियमित किस्ता भुक्तान गर्ने ऋणी सदस्यहरूलाई आ.ब. २०८१/०८२ मा संरक्षित पूँजि फिर्ता कोष-२०७७ बमोजिम रू. २७,४८,८६२/२० रकम बाँडफाँड गरि सम्बन्धित सदस्यहरूको बचत खातामा जम्मा गरिएको छ । जुन ऋणी सदस्यहरूले भुक्तान गरिएको जम्मा बार्षिक व्याज रकमको २.५९ प्रतिशत रहेको छ । त्यसैले प्रत्येक ऋणी सदस्यहरूले ऋणको किस्ता (साँवा र व्याज) भुक्तानी तालिका अनुसार समयमा भुक्तानी गरि संरक्षित पूँजि फिर्ताकोष बितरण गरिने सुविधाबाट लाभान्वीत हुन अनुरोध गर्दछौं ।
- भाखा नाघेका ऋणहरूलाई असुल उपर गर्न ऋण व्यवस्थापन नीति अनुसार संचालक समिति, ऋण उप-समिति र कर्मचारीहरू संयुक्त रूपमा बिभिन्न समयमा ऋणी सदस्यहरूको घरदैलोमा गई भेटघाट गरियो र बिभिन्न पत्रपत्रिकामा बाँकी बक्यौता चुक्ता गर्न आउने सम्बन्धि सार्वजनिक सूचना समेत प्रकाशित गरि ताकेता गरियो ।

अन्तमा सफल उद्यमशिलताबाट रोजगारी तथा स्वरोजगारका अवसरको सृजना तथा दिगो र फराकिलो आर्थिक बृद्धिका लागि आधार बिकास गर्न अग्रसर रही लगानी गदै आएको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.लाई सहयोग र निरन्तर साथ दिने सम्पूर्ण आदरणीय शेयर सदस्यहरूज्यूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । भविष्यमा पनि सुरक्षित ऋण लगानी तथा समयमा नै ऋण असुलीका लागि सकारात्मक सुझाब र सल्लाहको अपेक्षा गर्दै नजिकिँदै गरेको २०८२ सालको नेपालीहरूको महान पर्वहरू दशैं, तिहार, छठ लगायतका सम्पूर्ण पर्वहरूको पुनित उपलक्ष्यमा सुस्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना सहित प्रतिबेदन समापन गर्न अनुमति चाहन्छौं ।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : रमेश काजी श्रेष्ठ
सदस्य : रोशना राजबंशी
सदस्य : पूर्ण पोटे

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

# चण्डेश्वरीको योगदानमा आधारित सदस्य सुरक्षा योजना



## प्रकृतिक मृत्यु राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | १८०००।- |
| ४०००।- | २४०००।- |
| ५०००।- | ३००००।- |

## सवारी दुर्धटना उपचार राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | ७५००।- |
| ४०००।- | १००००।- |
| ५०००।- | १२५००।- |





## आगलागी क्षती बापत राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | ७५००।- |
| ४०००।- | १००००।- |
| ५०००।- | १२५००।- |

## घाटक रोग उपचार राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | २१०००।- |
| ४०००।- | २८०००।- |
| ५०००।- | ३५०००।- |





## सुत्केरी पौष्टिक राहार खर्च

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | १५००।- |
| ४०००।- | २०००।- |
| ५०००।- | २५००।- |

## महिला पाठेघर अपरेसन राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | ७५००।- |
| ४०००।- | १००००।- |
| ५०००।- | १२५००।- |





## चट्याङ क्षती बापत राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | ७५००।- |
| ४०००।- | १००००।- |
| ५०००।- | १२५००।- |

## दुर्धटना मृत्यु राहत

| योगदान रकम | राहत रकम |
|---|---|
| ३०००।- | ६००००।- |
| ४०००।- | ८००००।- |
| ५०००।- | १०००००।- |



आजै सदस्य सुरक्षा बचतमा योगदान रकम जम्मा गरि
राहत योजनामा सहभागी बनौं, भबिष्य सुरक्षित गरौं ।

केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२५१४, ०११-६६१७३२, ०११-४१११६७
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com

www.chandeshwori.coop.np

# शिक्षा तथा समाज कल्याण उपसमितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



**जितेन्द्र भक्त पोटे**
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३३ औं वार्षिक साधारण सभाका सभापति एवम् संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, प्रमुख सल्लाहकार एवम् सल्लाहकारद्वय, लेखा सुपरिवेक्षण समिति संयोजक एवम् सदस्यज्यूहरु, कार्यसमिति पदाधिकारीज्यूहरु, कार्यालय प्रमुखज्यू, राष्ट्रिय, प्रदेश, जिल्ला, नगरस्तरीय सहकारी निकाय एवम् संघ संस्थाबाट प्रतिनिधित्व गरेर आउनुहुने पदाधिकारी ज्यूहरु, पत्रकार महानुभाव, विभिन्न उप-समिति संयोजक एवम् सदस्यज्यूहरु, कर्मचारी साथीहरु तथा शेयर सदस्य आमाबुबा, महिला तथा सज्जन वृन्दहरुमा शिक्षा तथा समाज कल्याण उप-समितिको न्यानो अभिवादन टक्र्याउँछु ।

आजको बचत भोलिको सुन्दर भविष्य हो । बचत विना अबको प्रतिस्पर्धात्मक समाजमा आत्मसन्तुष्टिका साथ जिउन मुश्किल हुन्छ । "चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा" भन्ने नारालाई आत्मसात गर्दै सदस्यहरुको सामाजिक, आर्थिक, सांस्कृतिक एवम् शैक्षिक उन्नयनका लागि संस्थाको रणनीतिक योजना अनुसार यस उप-समितिले आफ्नो वार्षिक योजनाका कार्यक्रमहरु अघि बढाइरहेको छ । आ.व.२०८१/२०८२ मा यस उप-समितिले ५ पटक बैठक बसी निम्न कार्यक्रमहरु सञ्चालन गरी संस्था एवम् सदस्यहरुलाई सेवा दिन सफल भएका छौं ।

१. आ.व. २०८०/०८१ मा उत्कृष्ट बचत तथा ऋण कारोबार गर्ने शेयर सदस्यहरूलाई गोलाप्रथा गरी विभिन्न शिर्षकहरूमा पुरस्कृत गरिएको छ ।

| क्र.सं. | शेयर सदस्यको नाम | सदस्यता नं. | बिधा |
|---|---|---|---|
| १. | श्री पुर्णीमा प्रधान | ००१००७१३० | उत्कृष्ट नियमित बचतकर्ता |
| २. | श्री जिवन के.सि. | ००१००७५८४ | उत्कृष्ट नियमित ऋणी |
| ३. | श्री लक्ष्मी प्रसाद कोईराला | ००१००८७६७ | उत्कृष्ट नियमित जेष्ठ बचतकर्ता |
| ४. | श्री गणेश लाल शाही | ००१०००२२५ | उत्कृष्ट आवधिक बचतकर्ता |
| ५. | श्री आयुष मानन्धर | ००१००९०६७ | उत्कृष्ट बाल बचतकर्ता |

२. संस्थामा आवद्ध सदस्य/ बाल बचतकर्ताहरु मध्ये २०८० को SEE परीक्षामा सम्मिलित सामुदायिक एवम् संस्थागत विद्यालयबाट उत्कृष्ट GPA प्राप्त निम्न सदस्य/बाल बचतकर्ताहरुलाई ज्योतिप्रकाश सैंजु स्मृती कोषमार्फत छात्रवृत्तिको लागि छनोट गरिएको:

| क्र.सं. | नाम | विद्यालय | सदस्यता नं. |
|---|---|---|---|
| १. | श्री प्रतिक अधिकारी | संस्थागत वि द्यालय | ००१००६४२९ |
| २. | श्री श्रेया ह्योजु | संस्थागत वि द्यालय | ००१००५७२३ |

| क्र.सं. | नाम | विद्यालय | सदस्यता नं. |
|---|---|---|---|
| ३. | श्री प्रबिन श्रेष्ठ | सामुदायीक विद्यालय | ००१००७९७९ |
| ४. | श्री बिपिन तामाङ | सामुदायीक विद्यालय | ००१०१०४४७ |
| ५. | श्री रीतिका सुवाल | सामुदायीक विद्यालय | ००१००९२६१ |
| ६. | श्री अनिसा अवाल | सामुदायीक विद्यालय | ००१००५८४९ |

३. मिति २०८१/०९/०६ गते शनिबार संस्थाका अध्यक्ष श्री नबिन भक्त बादे श्रेष्ठज्यूको अध्यक्षतामा संस्थाका कर्मचारीहरूका लागि एक दिवसीय सम्पत्ति शुद्धीकरण, हस्ताक्षर पहिचान तथा जालि नोट पहिचान तालिम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम बरिष्ठ सहकारीकर्मी तथा किसान साकोसका प्र.का.अ. श्री संजय राज तिमल्सेनाबाट सहजीकरण भएको थियो ।

४. संस्थाको हरेक गतिविधिको जानकारी दिने उद्धेश्यले सदस्यहरूलाई सहजीकरणका लागि २०८२ सालको भित्तेपात्रो एवम् टेबल क्यालेण्डर प्रकाशन तथा वितरण गरेको थियो ।

५. वातावरण प्रदूषण न्यूनीकरणमा थप टेवा पुऱ्याउने हेतुले वातावरण दिवस (June 5th) को अवसरमा यस उप-समितिले संस्थाको तर्फबाट बनेपा-९ स्थित नारायणस्थान मन्दिर परिसर सरसफाइ कार्यक्रम आयोजना गरेको थियो ।

अन्त्यमा, आर्थिक विकासमा सहकारी संस्थाको महत्वपूर्ण भूमिका रहि आएको परिप्रेक्ष्यमा समुदायको स्रोत साधनहरूको परिचालन, वस्तु तथा सेवा प्रवाहका लागि उचित भूमिका खेल्न ग्रामीण तथा स्थानीयस्तरका जनसमुदायलाई एक ठाउँमा ल्याई सङ्गठित गर्ने कार्य सहकारीबाट मात्र सम्भव भएकोले भरपर्दो र विश्वासिलो संस्था छनोट गरी समयमै बचत गर्ने बानी बसालौँ भन्दै आगामी दिनहरूमा संस्थाका हरेक गतिविधि र निर्णयमा यस उप-समितिको साथ सहयोग रहने विश्वासका साथ नजिकै आउँदै गरेको हिन्दुहरूको महान चाड विजया दशमी, शुभ-दीपावली र छठ पर्वको सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सकारात्मक एवम् रचनात्मक सल्लाह र सुझावको अपेक्षा गर्दै प्रतिवेदन यहीँ अन्त्य गर्दछु ।

धन्यवाद !

जय सहकारी ! जय चण्डेश्वरी !

संयोजक : जितेन्द्र भक्त पोटे
सदस्य : रीता बादे श्रेष्ठ
सदस्य : रचना न्हुच्छे प्रधान बादे
सदस्य : दया प्रजापती


चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS
SILVER
आवश्यक र अनावश्यक खर्चहरु
आम्दानी/बचत
जुवा तास
Gambling
बिलासी बस्तु
Luxury Goods
बिवाह / सामाजिककार्य
Social Customs
श्वास्थ्य उपचार
Health Treatment
लत्ताकपडा
Clothing
खाद्यान्न
Food
आवास
House
शिक्षा
Education
प्राकृतिक बिपत्ति
Natural Calamities
तिर्थातन
Pilgrimage
धुम्रपान
Smoking
मध्यपान
Liquor
अनावश्यक
खर्च
आवश्यक
खर्च
केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२५१४, ०११-६६१७३२, ०११-४१११५७
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com
www.chandeshwori.coop.np

# समुह बचत उप समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



**सुरेन्द्र प्रजापति**
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा काभ्रेको ३३ औं वार्षिक साधारण सभाका सभापतीज्यू, प्रमुख अतिथिज्यू, लेखा सुपरिवेक्षण समितीका संयोजकज्यू, पदाधिकारीज्यू, समितीका सदस्यज्यू, प्रमुख सल्लाहकारज्यू, तथा सल्लाहकारज्यू, सहकारी निकायबाट पाल्नु भएका अथितीगण, पत्रकार महानुभाव कार्यालय प्रमुख तथा कर्मचारीज्यूहरू, संस्थाका धरोहर शेयर सदस्य महानुभाव महिला तथा सज्जन वृन्दहरूमा सहकारी अभिवादन टक्र्याउँदै आउँदै गरेको विजया दशमी, दिपावली, नेपाल संवत तथा छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना दिन चाहन्छौं ।

गरिब पहुँच बिहिन, निम्न वर्गिय, सीमान्तकृत वर्गलाई समुह बचत उपसमितिको अगुवाईमा आर्थिक उपार्जनको क्रियाकलापमा संलग्न हुन आवश्यक पुँजी उनीहरूकै घर आँगन सम्म बचत र ऋणको सुब्यवस्थित रूपमा कारोबार संचालन भइरहेको यस गरिमामय सभामा जानकारी दिन चाहन्छौ । यसले समाजमा रहेको गरिबी बेरोजगारी कम गर्न ठूलो भूमिका खेलेको हुन्छ । संस्थामा बढ्दै गएको तरलतालाई सन्तुलित राख्न र बचत तथा ऋणको अनुपातलाई पनि सन्तुलित राख्नमा समुह बचत कार्यक्रमले अग्रणी भुमिका खेल्दै आएका छौ । तसर्थ यस आ.व.मा समुह बचत कार्यक्रम कार्यबिधि २०८१ लागु गरी कार्यन्वयन गरिएको छ ।

समुह बचत उपसमितीले आ.व. २०८१/०८२ मा निम्नानुसार समुह निमार्ण तथा सदस्य बिस्तारित मंच कार्यक्रम सम्पन्न गरेको छ ।

| क्र.स | कार्यक्रम संचालन मिति | कार्यक्रम संचालीत स्थान |
|---|---|---|
| १ | २०८१/८/०१ | बनेपा ५, बस्नेत गाउँ |
| २ | २०८१/८/०५ | बनेपा ५, दाहालगाउ |
| ३ | २०८१/८/१४ | बनेपा ४, नाला शेरा बजार |
| ४ | २०८१/९/२० | बनेपा वाख्यटोल, ई ट्टाभट्टा |
| ५ | २०८१/९/२७ | बनेपा-१०, पुलबजार काँगलगाउँ |
| ६ | २०८१/११/२४ | बनेपा १० सुमाङ्गल |
| ७ | २०८१/१२/०१ | बनेपा १० खत्रीटोल |
| ८ | २०८१/१२/१६ | बनेपा सुमाङ्गल महादेवस्थान क्षेत्र |
| ९ | २०८१/१२/२९ | बनेपा८, तीनदोबाटो |
| १० | २०८२/०१/२० | बनेपा ८, असफल |
| ११ | २०८२/०१/२७ | बनेपा ९, ठकुरीगाउ र लामागाउ |
| १२ | २०८२/०२/०५ | बनेपा ८, लक्ष्यश्वरमार्ग |
| १३ | २०८२/०२/०९ | बनेपा ४, नाला |
| १४ | २०८२/०३/२० | पनौती ५,सुब्बागाउ |

नाला सेवाकेन्द्र व्यवस्थापनको अगुवाईमा भएको घरदैलो सदस्य भेटघाट कार्यक्रम निम्नानुसार रहेको छ ।

| क्र.सं. | मिति | स्थान |
|---|---|---|
| १ | २०८१/८/१४ | बनेपा ४, नाला (शेरा, आँगल र काँके) |
| २ | २०८१/०९/२२ | बनेपा ४, आँगल |
| ३ | २०८१/१०/११ | बनेपा १, अमलदोल |
| ४ | २०८१/११/२६ | बनेपा १, डण्डाल क्षेत्र |
| ५ | २०८२/०२/१५ | बनेपा २, दुदाँमुख |

आ.व. २०८१/०८२ मा समुह बचत कार्यक्रम मार्फत कुल ६०९ जना सदस्यहरूलाई सदस्य शिक्षा प्रदान गरिएको छ भने १३६ जना नयाँ सदस्य तथा १६ जना बाल बचतकर्ता संस्थामा आबद्ध गराई २९ वटा समुह निर्माण गरिएको छ ।

समुह बचत उपसमितिबाट हुने कार्यक्रमले सदस्यको आर्थिक सामाजिक, सांस्कृतिक उत्थानमा महत्वपूर्ण भुमिका खेल्ने छ भन्ने विश्वाश लिदै आगामी बर्षमा पनि यस उपसमितीको कार्यक्रम निरन्तर रहने बचनवद्धता प्रकट गदै हाम्रो प्रगति प्रतिवेदन अन्त गर्दछौं ।

जय सहकारी ।।। जय चण्डेश्वरी ।।।

संयोजक : सुरेन्द्र प्रजापती
सदस्य : सुरज प्रजापती
सदस्य : कृष्णेश्वरी बैद्य
सदस्य : मंगलमाया मानन्धर
सदस्य : सुवन कुमार प्रधान

## ऋण लिनका लागि आवश्यक कागतजातहरू

क) व्यक्तिगत एवं पारिवारिक विवरण ।
ख) माग ऋण उद्देश्यको कागजातहरू ।
ग) आय श्रोतको विवरणमा भएसम्मको प्रमाणित कागजातहरू ।
घ) नागरिकताको फोटोकपी निबेदक र अंशियार समेतको ।
ङ) पासपोर्ट साईजको फोटो निबेदक र अंशियार समेतको
च) जग्गा धनि प्रमाण पुर्जाको फोटोकपी ।
छ) प्रमाणित नापी नक्शा, ट्रेस नक्शा र फाइल नक्शा समेत ।
ज) हाल सालैको जग्गाको तिरो तिरेको रसिद ।
झ) सम्बन्धीत वडा कार्यालयबाट चार किल्ला प्रमाणित सिफारिस ।
ञ) जग्गाको रजिष्ट्रेशन लिखत नयाँ नामसारीको हकमा ।
ट) घर भएमा नक्शा पास, घरको नक्सा पास प्रमाण-पत्रको फोटोकपी, घरको फोटो र घरको बीमा
ठ) माग ऋण शीर्षक सम्बन्धीत अन्य व्यवसाय दर्ता, सो व्यवसाय सम्बन्धी अनुभव लगायत सिफारिस भएमा सो को प्रतिलिपि कागजात र बीमा
ड) धितो सुरक्षंण दिने घर/जग्गाको अन्य अंशियारहरूको ना.प्र. पत्रको फोटोकपी र फोटो ।
ठ) व्यक्तिगत जमानत तोकिएको ऋणमा जमानत बस्नेको ना.प्र. पत्रको फोटोकपी र फोटो ।
ण) मो.सा. वा गाडी धितो सुरक्षणका लागि सवारी साधनको बिल बुक, रोड परमित र कर बुकको फोटोकपी, सवारी साधनको पुरै बीमा पोलिसी साथै रकम तिरेको रसिद, सवारी साधनको फोटो ।
त) संस्थाबाट शेयरको प्रमाण-पत्रको फोटोकपी ।

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

## चण्डेश्वरी साकोसमा नै सदस्यता किन ?

- विगत ३ दशक भन्दा बढि समय देखि समुदायमा आधारित भएर विश्वाशिलो सहकारी संस्थाको रूपमा सेवा प्रवाह गर्दै आएको ।
- सहकारी ऐनको व्यवस्था अनुसार नियमित रूपमा साधारण सभा तथा बैठक हुने गरेको ।
- **नेफ्स्कुनबाट नेपालकै सर्वोत्कृष्ट बचत तथा ऋण सहकारी संस्थाको रुपमा पुरस्कृत भएको (२०८०)।**
- एसियाली ऋण महासङ्घबाट एक्सेस ब्राण्डिङमा स्तरीकरण भएको नेपालको एकमात्र सहकारी संस्था (सन् २०२२/०२३) ।
- **एसियाली ऋण महासंघबाट सन् २०२३/०२४ मा सिल्भर ब्राण्डमा स्तरीकरण भएको ।**
- संस्थागत पुँजी १० प्रतिशत भन्दा बढी भई संस्थाको लागत रहित पुंजी मजबुद भएको ।
- सदस्यहरूको आवश्यकता अनुसारका बचत र ऋणका उत्पादनबाट सदस्यको बित्तिय समस्या समाधान गर्दै आएको ।
- विभिन्न राहत कार्यक्रम मार्फत सदस्यहरूलाई सहयोग गर्ने गरेको ।
- **SEE परिक्षामा उत्तिर्ण हुने बिद्यार्थीहरु भध्ये सामुदायीक र निजी बिद्यालयका ६ जना छात्र छात्राहरु लाई १०/१० हजार बराबरको छात्राबृत्तिको व्यवस्था रहेको ।**
- बार्षिक रुपमा सामुदायिक बिद्यालय छात्रवृत्तिको व्यवस्था रहेको ।
- बचत तथा ऋणमा उत्कृष्ट कारोबार गर्नेहरुको लागि मासिक/बार्षिक रुपमा पुरस्कार तथा सम्मानको व्यवस्था ।
- जेष्ठ सदस्यहरुलाई सम्मान तथा तिर्थातन कार्यक्रमको व्यवस्था भएको ।
- नियमित बित्तिय कारोबार गर्ने सदस्यहरुलाई संरक्षित पुँजी फिर्ता कोष रकम प्रदान गर्ने व्यवस्था ।
- सदस्य शिक्षा तथा वित्तीय साक्षरता मार्फत सदस्यहरूमा वित्तीय चेतना फैलाउने गरेको ।
- विभिन्न प्रकारका तालिम सञ्चालन गरी सदस्यहरूलाई स्वरोजगारमा जोडि उद्यमशिल बनाउन लागि पर्ने ।
- प्रतिस्पर्धि मुनाफा वितरण गर्न सक्षम भएको ।
- भाखा नाघेको ऋणको लागि पर्याप्त व्यवस्था गरेकोले ऋण जोखिम नभएको ।
- आवश्यकता अनुसारको तरलता कायम राखि सदस्यको बचत जुनसुकै बेला फिर्ता दिन सक्षम रहने गरेको ।
- मोबाइल बैङ्किङ, ए.टि.एम, रेमिटेन्स जस्ता प्रविधिमा आधारित सेवा सञ्चालन गरेको ।

## सदस्यता लिने योग्यता

- काभ्रे जिल्ला स्थाई बसोबास भएको अथवा कुनै पेशा व्यवसायमा आवद्ध रहेको ।
- १६ वर्ष पुरा भई नेपाली नागरिकता लिएको ।
- बैंक तथा बित्तिय संस्थामा कालोसुचीमा नपरेको ।
- संस्थाको बचत योजना बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने ।
- प्रचलित ऐन कानुन बाट अयोग्य नठहरीएको वा कुनै फौजदारी अभियोग नलागेको ।

## सदस्यताका लागि आवश्यक कागजात

- नेपाली नागरिकताको फोटोकपी
- हालसालै खिचेको पासपोर्ट साईज फोटो २ प्रति
- आवश्यकता अनुसार बसाई सराई, बिवाह दर्ता, जन्म दर्ता प्रमाणपत्र वा सम्बन्धित निकायको अस्थायी बसोबास वा कार्यरत संस्थाको सिफारिस वा जग्गाधनी प्रमाणपुर्जाको फोटोकपी ।
- आवश्यकता अनुसार संस्थाले तोकेको अन्य कागजात ।

## सदस्यता लिन लाग्ने शुल्क

- शेयर खरिद : रु १००।- दरका कम्तीमा १ कित्ता
- नियमित बचत : न्युनतम मासिक रु २००।-
- ऐच्छिक बचत : न्युनतम रु १०००।-
- सदस्यता शुल्क : सदस्यता शुल्क नलाग्ने ।

"चण्डेश्वरी हजुरको हातमा, हजुरको सम्बृद्धि चण्डेश्वरीको साथमा"

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
नेफ्स्कून

## चण्डेश्वरी खुत्रुके बचत



सानो सानो रकम हराएर जाने डर :
यसलाई बचाउने यही हो हाम्रो घर ।

### बिशेषताहरु

- ✓ शेयर सदस्य तथा बाल बचत कर्ता सम्पुर्णले भाग लिन सक्ने ।
- ✓ न्युनतम रु ५००।- मौज्दातमा नि:शुल्क खाता खोल्न सकिने ।
- ✓ बचत गर्ने खुत्रुके संस्थाले उपलब्ध गराउने ।
- ✓ खुत्रुकेमा दैनिक रुपमा रकम जम्मा गर्दै जान सकिने ।
- ✓ कम्तिमा त्रैमासिक रुपमा खुत्रुकेबाट बचत खातामा रकम जम्मा गर्न सकिने ।
- ✓ दैनिक न्युनतम मौज्दातमा त्रैमासिक ब्याज प्रदान गरिने ।
- ✓ बचत रकम बार्षिक रुपमा एकमुष्ठ निकाल्न सकिने । (बालबालिकाको हकमा बालिक कायम भए पश्चात निकाल्न सकिने ।

केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२९१४, ०११-६६१७३२, ०११-४१११५७
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com
www.chandeshwori.coop.np

# महिला विकास उप समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



**मनोहरी पोटे**
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३३ औँ साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, सल्लाहकारज्यू, संचालक समिति पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, बिभिन्न बिषयगत उप समिति तथा कार्यदलका संयोजक एवं सदस्यज्यूहरू, कार्यालय प्रमुख एवं कर्मचारी मित्रहरू, पत्रकार मित्रहरू, यस संस्थालाई माया र बिश्वास गरी हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका संस्थाका धरोहर शेयर सदस्यज्यूहरूमा यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन व्यक्त गर्दछु ।

समुदायमा आधारित भई संचालित यस चण्डेश्वरी साकोसले बार्षिक रूपमा कार्ययोजनाहरू बनाई बिभिन्न सामाजिक कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ । संस्थाका सदस्य तथा समुदायमा सेवा प्रदान गर्ने लक्ष्य सहित आ.व. २०८१/०८२ मा यस महिला विकास उपसमितिले गर्नुपर्ने बार्षिक कार्ययोजना अन्तर्गत सदस्य तथा समुदायको हित अनुरूप रक्तादान, जेष्ठ सदस्य सम्मान, स्वास्थ्य शिविर, तिर्थाटन आदि बिभिन्न कार्यक्रमहरू संचालन गरेको जानकारी गराउँदछौँ ।

**आ.व. २०८१/०८२ मा भएका कार्यक्रमहरु निम्नानुसार रहेको छः**

**१) जेष्ठ सदस्य सम्मान कार्यक्रम :**

मिति २०८१ भाद्र १५ गते संस्थाको बार्षिक कार्य योजना अनुसार संस्थामा आबद्ध ७५ बर्ष माथिका ११२ जना जेष्ठ पुरूष सदस्यहरूलाई कुशे औंशीको अवसरमा जेष्ठ सदस्य पिता सम्मान गरिएको थियो । त्यसैगरी मिति २०८२ बैसाख १२ गते शुक्रबार मातातिर्थ औँशिको अवसरमा संस्थामा आबद्ध ७५ बर्ष माथिका १३० जना जेष्ठ सदस्य माताहरूलाई बनेपा ९, पोटे गुठिघरमा सम्मान कार्यक्रम सम्पन्न गरियो।

**२) खुल्ला रक्तदान कार्यक्रम :**

मिति २०८१ भाद्र २६ गते संस्थाको बार्षिक कार्ययोजना अनुरूप बनेपा ८, तीनदोबाटोमा रगतको अभावले हुने अप्रिय घटनाहरू कमी गर्न खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो जसमा ३३ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो । त्यसैगरी मिति : २०८२ जेष्ठ २७ गते मंगलबार संस्थाको ३६ औँ स्थापना दिवस तथा विश्व रक्तदाता दिवसको अवसरमा महिला विकास उप समितिको संयोजनमा बनेपा ८ तिनदोबाटोमा खुल्ला रक्तदान कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा ३६ जना रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।

**३) स्वास्थ्य शिविर सम्पन्न :**

मिति : २०८१ कार्तिक २९ गते संस्थाको बार्षिक कार्ययोजना अनुरुप महिला बिकास उपसमितिको

संयोजन तथा सि.डब्लु.सि. बनेपाको प्राविधिक सहयोगमा संस्थामा आबद्ध पुरूष सदस्यहरूमा प्रोस्टेट क्यान्सरको प्रारम्भिक परीक्षण गरिएको थियो । जसमा ७२ जनाले परीक्षण गराएका थियो भने १४ जनामा पिसाब सम्वन्धी सामान्य समस्या देखा परेको थियो । त्यसैगरी मिति २०८१ फागुण ७ गते बनेपा ५, चण्डेश्वरी मण्डिर प्राङ्गणमा संस्थाको बार्षिक कार्ययोजना अनुसार बनेपा हेल्थ केयर प्रा.लि.को प्राविधिक सहयोगमा निःशुल्क सुगर, प्रेसर तथा सामान्य जाँच तथा चिकित्सक परामर्श शिविर सम्पन्न भएको थियो । जसमा २५० जनाले जाँच गराएका थियो । त्यसैगरी मिति २०८२ जेष्ठ ०८ गते बिहिबार नाला सेवा केन्द्रको अगुवाईमा रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा १ दिने निःशुल्क आँखा शिविर बनेपा-४, नालामा संचालन गरिएको थियो, जसमा १३९ जना स्थानीय व्यक्तिहरूले आँखा जाँच गराई लाभ लिनुभएको थियो ।

**४) जेष्ठ सदस्य तिर्थाटन कार्यक्रम :**

मिति : २०८१ फागुण ७ गते संस्थाको बार्षिक कार्ययोजना बमोजिम संस्थामा आबद्ध ६० देखि ७५ बर्ष उमेर समुहका ५३० जना जेष्ठ सदस्यहरूको सहभागीतामा बनेपा चण्डेश्वरी मन्दिरमा भजन कृतनका साथ नेवारी भोज कार्यक्रम आयोजना गरिएको थियो ।

आगामी आ.व. २०८२/०८३ को लागि यस उप-समितिबाट निम्नानुसार कार्यक्रम गर्ने लक्ष्य रहेको छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | विवरण |
|---|---|---|---|
| १ | जेष्ठ सदस्य सम्मान | २ | औँशिको अवसरमा ७५ बर्षमाथिमा सदस्यहरूलाई सम्मान |
| २ | रक्तदान कार्यक्रम | २ | |
| ३ | स्वस्थ्य शिविर | २ | |
| ४ | जेष्ठ सदस्य तिर्थाटन | १ | ६० देखि ७५ बर्ष उमेर समुहका सदस्यहरूलाई धार्मिक तिर्थाटन भ्रमन |
| ५ | सदस्य शिपमुलक तालिम | २ | |

अन्त्यमा, यस ३३ औं साधारण सभामा पाल्नु भएका प्रमुख अतिथि, अतिथि, सल्लाहकार, पत्रकार, उपस्थित शेयर सदस्य महानुभावहरू, समिति तथा उप समिति पदाधिकारी तथा सदस्यहरू र कर्मचारी मित्रहरूबाट अझ यो संस्थालाई समुदायमा अग्रसर भई अगाडि बढाउनका लागि आफ्नो राय सल्लाह सुझाव प्रदान गरि आगामी बर्षमा गरिने कार्यक्रमहरूलाई सफलतापुर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र बिश्वासका साथ सम्पुर्णमा २०८२ सालको शुभ बिजया दशमी तथा शुभ दीपावली र छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै महिला विकास उप समितिको बार्षिक प्रतिवेदन यही अन्य गर्न चाहन्छु ।

धन्यबाद ।।। जय सहकारी ।।। जय चण्डेश्वरी ।।।

संयोजक : मनोहरी पोटे
सदस्य : रीता मानन्धर
सदस्य : बिमला पोटे
सदस्य : कल्पना श्रेष्ठ

# हार्दिक श्रद्धाञ्जली

**संस्थामा सदस्य रही विभिन्न मितिमा स्वर्गारोहण हुनु भएका शेयर सदस्यहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी श्री माई चण्डेश्वरीसँग प्रार्थना गर्दछौं ।**

## आ.व. २०८१/०८२ मा स्वर्गारोहण हुनुभएका सदस्यज्यूहरू

| क्र.स. | सदस्यता नम्बर | नाम | ठेगाना |
|---|---|---|---|
| १ | ००१०१११८८ | लक्ष्मी माया श्रेष्ठ | बनेपा – ०४ |
| २ | ००१०११३७३ | मोहन माया कर्माचार्य | बनेपा – ०५ |
| ३ | ००१००४९४८ | उद्धव बहादुर बिष्ट | बनेपा – १० |
| ४ | ००१००५५३२ | बिष्णु माया पोटे | बनेपा – ०९ |
| ५ | ००१०००४१६ | राजन मानन्धर | बनेपा – ०८ |
| ६ | ००१०००७०६ | सर्बेश्वरी तिमिला | बनेपा – ०५ |
| ७ | ००१००२२७१ | मिश्री राजवंशी | बनेपा – ०८ |
| ८ | ००१००६७६२ | रूबी कार्की | बनेपा – १० |
| ९ | ००१००९०८० | राम कृष्ण कुँवर | पनौती – ५ |
| १० | ००१००७६५९ | न्हुछे माया नापित | बनेपा – ०७ |
| ११ | ००१००८९४४ | राम काजी श्रेष्ठ | बनेपा – ११ |
| १२ | ००१००३५७२ | चिरकाजी शाही | बनेपा – ०७ |
| १३ | ००१००८८५२ | हिरा माया प्रजापती | बनेपा – ०९ |
| १४ | ००१०१२०१६ | माधव थापा क्षेत्री | बनेपा – १० |
| १५ | ००१००२७७९ | लक्ष्मी किरण राजवंशी | बनेपा – ०८ |
| १६ | ००१००३३३९ | नानी मैया- जोशी | बनेपा – ०५ |
| १७ | ००१००८७११ | ज्ञानु देवी पलाञ्चोके | बनेपा – ०७ |

| क्र.स. | सदस्यता नम्बर | नाम | ठेगाना |
|---|---|---|---|
| १८ | ००१००१३११ | राधा देवी बैद्य | बनेपा – ०९ |
| १९ | ००१०००६५७ | राम माया खाछिभोया | बनेपा – ०९ |
| २० | ००१००२०२२ | गौतम मानन्धर | बनेपा – ०८ |
| २१ | ००१०११८९५ | नाती काजी शाक्य | बनेपा – ०८ |
| २२ | ००१००८९२३ | चन्द्र भक्त श्रेष्ठ | बनेपा – ०९ |
| २३ | ००१००८७७७ | तुल्सी माया कर्माचार्य | बनेपा – ०५ |
| २४ | ००१००४३३९ | बुद्ध माया मानन्धर | बनेपा – ०८ |
| २५ | ००१००७८७१ | राम कृष्ण श्रेष्ठ | बनेपा – १० |
| २६ | ००१००८६८७ | राम भाई साई | बनेपा – ०८ |
| २७ | ००१००६००० | श्याम कृष्ण खुप्पा | बनेपा – ०८ |
| २८ | ००१०१०४१९ | लक्ष्मी दास घुल्लु | पनौती – ०४ |
| २९ | ००१०००१६३ | मिठाई सागर | बनेपा – ०८ |
| ३० | ००१००२८१८ | सरस्वती कटुवाल | बनेपा – ०८ |
| ३१ | ००१००८२११ | ईन्द्र लक्ष्मी ताम्राकार | बनेपा – ०७ |
| ३२ | ००२०००५०१ | लक्ष्मी कुमारी श्रेष्ठ | बनेपा – ०१ |
| ३३ | ००१००६११९ | जेन्सन पराजुली | बनेपा – ०२ |

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

**परिवार**

# टिपोट

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
नेफस्कून
ACCESS SILVER

०११-६६२९१४, फ्याक्स : ९७७-६६१७३२
chandisaccos@gmail.com
chandeshwori.coop.np
fb.com/chandeshworisaccos

# चण्डेश्वरी ATM सेवा




नगद रहित
सुरक्षित
बृहत् पहुँच
भरपर्दो

आजै चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थामा गई
**SCT Debit Card** लिईहाल्नुहोस ।

## संस्थाका गतिविधिहरू


वातावरणमैत्री सरसफाई कार्यक्रम २०८२



जेष्ठ सदस्य पिता सम्मान कार्यक्रम २०८१


जेष्ठ सदस्य माता सम्मान कार्यक्रम २०८२



प्रोस्टेट क्यान्सर सम्बन्धी प्रारम्भिक परीक्षण स्वास्थ्य शिविर २०८१



कर्मचारी मार्फत नेपाल बचत तथा ऋण सहकारी संस्था अवलोकन



चौघडा साकोस मार्फत चण्डेश्वरी साकोस अवलोकन भ्रमण


नयाँ वर्ष २०८२ को भित्तेपात्रो वितरण



निःशुल्क आँखा शिविर संचालन


संस्थाका बयोवृद्ध तुलसी माया कटिलाज्यू मार्फत ३२ औं साधारण सभा उद्घाटन गर्नुहुँदै



संस्थाको योगदानमा आधारित राहत वितरण कार्यक्रम


सम्पति शुद्धिकरण, जाली नोट तथा हस्ताक्षर पहिचान सम्वन्धी आन्तरिक तालिम



सामुदायिक विद्यालय सहयोगः ग्रामोदय आधारभूत विद्यालयमा स्कुल व्याग हस्तान्तरण

## व्यवस्थापन समूह


रविन्द्र भक्त पोटे
कार्यालय प्रमुख


रमेश श्रेष्ठ
विभागीय प्रमुख
(ऋण लगानी तथा असुली विभाग)


सत्य नारायण श्रेष्ठ
विभागीय प्रमुख
(बचत तथा प्रवर्द्धन विभाग)


रमिता पोटे
बरिष्ठ कार्यालय सहायक


सुनिता मानन्धर
बरिष्ठ कार्यालय सहायक


संगीता जोशी
कार्यालय सहायक


सुशिला प्रधान
कार्यालय सहायक


नविना श्रेष्ठ
नाला सेवाकेन्द्र प्रमुख


सुमित्रा रोक्का मिजार
कार्यालय सहायक


सलिन श्रेष्ठ
कार्यालय सहायक


मीरा कुटुवाजु श्रेष्ठ
कनिष्ठ कार्यालय सहायक


अन्जना कुइकेल
कनिष्ठ कार्यालय सहायक


सरस्वती महाजु
कनिष्ठ कार्यालय सहायक
(नाला सेवाकेन्द्र)


प्रमोद श्रेष्ठ
कनिष्ठ कार्यालय सहायक


जमुना श्रेष्ठ
कनिष्ठ बजार सहायक


राजेन्द्र श्रेष्ठ
कनिष्ठ बजार सहायक


निकेश सैंजू
कनिष्ठ बजार सहायक


सोनी खुप्पा श्रेष्ठ
कनिष्ठ बजार सहायक


रचना मानन्धर
कनिष्ठ बजार सहायक


सुशिला महर्जन
कनिष्ठ बजार सहायक


सबिना ढुंगाना
कनिष्ठ बजार सहायक


रमा दुलाल
कार्यालय सहयोगी


सुशिला श्रेष्ठ
सहयोगी


मानबहादुर नार्तेन
सुरक्षा गार्ड

## संस्थाका गतिविधिहरू


एस.ई.ई. सम्मान तथा ज्योती प्रकाश सैंजु स्मृती छात्रवृत्ति प्रदान २०८१



खुल्ला रक्तदान कार्यक्रम २०८१

"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS SILVER

GO GREEN

# चण्डेश्वरी मोबाईल बैंकिङ् सेवा

## CHANDESHWORI SACCOS SMART APP



Mobile Topup & Recharge | TV Payment | Utility Payment | Internet Bill Payment | Bank Fund Transfer

Book Domestic Flights | Loan Wallet | Insurance Payment | School Payment | QR Code Payment

सजिलो पनि, सुरक्षित पनि ।

०११-६६२९१४, ६६१७३२
०११-४१११९७ (नालासेवाकेन्द्र)
chandisaccos@gmail.com
chandeshwori.coop.np
fb.com/chandeshworisaccos
www.bulletin.chandeshwori.coop.np

GET IT ON Google Play
Download on App Store
Scan To Download

## व्यापारीक ऋण
Business Loan

देशमै केहि गर्छु भन्ने अठोट पुरा गर्न
व्यवसायी बनी राष्ट्रमा नै स्वरोजगार बन्न
- चण्डेश्वरीको व्यवसाय कर्जा -

शुलभ ब्याजदर

१० बर्ष सम्मको भाखा अवधी राख्न सकिने

आवश्यकता अनुसार २ करोड सम्मको ऋण लगानी



कागजात पुगेको ३ कार्यदिन भित्र ऋणको निर्णय

नियमित किस्ता भुक्तानमा ५% छुट र संरक्षित पुँजी फिर्ताको सुबिधा

- हायर पर्चेज ऋण
- औद्योगीक ऋण
- खरखाँचो ऋण
- सेवा व्यवसाय ऋण
- शैक्षिक ऋण
- धनजमानी ऋण
- घर जग्गा खरिद ऋण
- साना तथा मझौला उद्योग सहुलीयत ऋण
- हरीत सवारी तथा बैकल्पीक उर्जा ऋण

## साना तथा घरेलु उद्यम ऋण
Small Cottage Industry Loan

## महिला उद्यम ऋण
Woman Entrepreneur Loan

## घर निर्माण ऋण
Home Loan

## कृषि तथा पशुपालन ऋण
Agriculture Loan

तरकारी, फलफुल तथा खाद्यान्न खेती, कृषि सामाग्री खरिद, पशु तथा माछा पालन, नर्सरी आदि कृषि कार्यका लागी ।

- शुलभ व्याजदर
- नियमित किस्ता भुत्तानमा छुटको व्यवस्था ।
- कागजात पुगेको ३ कार्य दिन मित्र ऋणको निर्णय ।



"ठुलो सपना, सानो सुरुवात, उत्पादनशीलता तर्फ चडेश्वरीको साथ"

केन्द्रिय कार्यालय | बनेपा - ०८, करुणामार्ग तिनढोबाटो काभ्रे
सम्पर्क फोन नं. | ०११-६६२५१४, ०११-६६१७३२, ०११-४१११५७
ई:मेल ठेगाना | chandibachat@mail.org, chandisaccos@gmail.com

www.chandeshwori.coop.np